



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
वर्ष ३४ अंक १६६ काठमाडौं | १८ साउन २०८३ सोमबार श्रावण कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, August 3, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# राजनीतिक सरगर्मीबीच महँगी नियन्त्रणमा छैन सरकारको चासो, मारमा उपभोक्ता

- चामल, तेल, चिनी, तरकारीलगायत उपभोग्य वस्तुमा निरन्तर मूल्यवृद्धि
- ग्यास सहजै उपलब्ध हुन छाड्यो
- बिजुली खपत र राइड सेयरिङमार्फत हुने ढुवानीमा समेत सरकारको भ्याट



काठमाडौंको टेकुस्थित नेपाल आयल निगमको शाखा कार्यालयमा आइतबार खाना पकाउने ग्यास कुरिरहेका उपभोक्ताको लाइन । तस्बिर : दिपेश दर्शनधारी/कान्तिपुर

**सीमा तामाङ** (काठमाडौं)

राजनीतिक सरगर्मीका बीच सरकारले महँगी र उपभोक्ताका मुद्दामा चासो दिन नसक्दा केही महिनायता बजार मूल्य निरन्तर बढिरहेकाले उपभोक्ता मारमा परेका छन् । चामल, तेल, चिनी, तरकारी लगायतमा भइरहेको मूल्यवृद्धिले भान्सा महँगिएको छ । खाना पकाउने ग्यास बजारमा सहज उपलब्ध हुन छाडेको छ । आइतबार मात्रै सरकारले पेट्रोल, डिजेल, मट्टीतेल र हवाई इन्धनको मूल्य पनि बढाएको छ ।

तरकारीको मूल्य पनि अकासिएको छ । दसैंतिहार नजिकिँदै जाँदा त्यसै पनि मूल्यवृद्धि हुने प्रवृत्ति रहे पनि अहिले वर्षाका कारण ढुवानी प्रभावित भएको भन्दै व्यवसायीले मूल्य बढाइरहेका छन् । सरकारी निकायबाट प्रभावकारी अनुगमन नभएका कारण उपभोग्य वस्तुको मूल्य अचाक्ली बढेको उपभोक्ताकर्मीको गुनासो छ । तीन महिनामा चामलको मूल्य बोरामै ४ सयसम्म वृद्धि भएको छ । दुई महिनामा चिनी प्रतिकिलो २० रुपैयाँ महँगिएको छ । तेल प्रतिलिटर ३ सय र अन्डा प्रतिक्रेट ६ सय पुगेको छ । भारतबाट खरिद गरिने धानको मूल्य नै निरन्तर बढिरहेकाले चामल पनि महँगिएको नेपाल चामल, तेल, दाल उत्पादक संघका सदस्य विभोर अग्रवालले बताए । 'भारतमा धान किन्दा प्रतिक्विन्टल ९ सय भारुसम्म बढेको छ । ढुवानी भाडालगायत जोड्दा चामलको बजार मूल्य महँगो भइहाल्छ,' उनले भने । **बाँकी पृष्ठ ८**

> व्यवसायी, उद्योगीले विभिन्न कारण बताए पनि चामल, दाल, तरकारी, फलफूल, खसीको मासु, कुखुराको मासु, अन्डालगायत दैनिक उपभोगका वस्तुको मूल्य निरन्तर बढ्नुपर्ने ठोस आधार देखिँदैन
>
> **माधव तिमिल्सिना**, अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च

# सुस्तामा फेरि 'तनाव'

## दुई महिनाअघि नेपाल पसेर पक्की तटबन्ध निर्माण गर्न रोकेका भारतीय सुरक्षाकर्मीले स्थानीयले माटोले बनाएको अस्थायी तटबन्धसमेत आइतबार नेपाल छिरेर भत्काइदिए, स्थानीयले प्रतिकार गर्दा बढ्यो विवाद

**नवीन पौडेल** (परासी) **र दीपेन्द्र बडुवाल** (भैरहवा)

पश्चिम नवलपरासीस्थित सुस्तामा स्थानीय र भारतीय सुरक्षाकर्मीबीच 'तनाव' बढेको छ । नारायणीको कटान रोक्न स्थानीयले निर्माण गरेको माटोको तटबन्ध भारतीय पक्षले भत्काउन थालेपछि विवाद भएको हो । बस्ती जोगाउन भन्दै सुस्तावासीले माटोको अस्थायी तटबन्ध बनाएकामा भारतीय पक्षले आइतबार त्यो भत्काएको हो । स्थानीय र भारतीय पक्षबीच विवाद भएको भिडियो सामाजिक सञ्जालमा भाइरल छ ।

स्थानीयका अनुसार नारायणीको बाढी पस्ने जोखिम रहेको क्षेत्रमा स्थानीयले बनाएको माटोको तटबन्ध सादा पोसाकमा कोदालो बोकेर आएका भारतीय सुरक्षाकर्मीले भत्काउन सुरु गरेपछि स्थानीय प्रतिकारमा उत्रिएका थिए । आफ्नो भूमिमा प्रवेश गरेर तटबन्ध भत्काएको भन्दै सुस्ताका बासिन्दाले आक्रोश पोखेका हुन् । भनाभन भएपछि त्यहाँ खटिएका नेपाली सुरक्षाकर्मीले दुवै पक्षलाई सम्झाइबुझाइ गरेर विवाद मिलाउने प्रयास गरेका थिए ।

'भारतीय सुरक्षाकर्मी नेपाली भूमिमा प्रवेश गरेको देखेपछि हामी एकजुट भएर प्रतिकारमा उत्रिएका हौं,' स्थानीय सरार साहले भने, 'कोदालो लिएर आएका भारतीयले तटबन्ध भत्काउन थालेपछि विरोध गरेका हौं, त्यही क्रममा तनाव बढेको हो ।' उनका अनुसार विवाद सुरु भएपछि सशस्त्र प्रहरीले साम्य बनाएको थियो । आफ्नो भूमिमा विदेशी सुरक्षाकर्मीको हस्तक्षेप हेरेर बस्न नसकेको उनले बताए । साहले खिचेको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल छ । नारायणीमा निर्माण भइरहेको तटबन्धमा भारतीयले रोक लगाएपछि बस्ती जोगाउन स्थानीयले माटोको तटबन्ध बनाएका थिए । पक्की तटबन्ध निर्माणमा भारतीयले रोक लगाएपछि बाढीको जोखिम कम गर्न स्थानीयले अस्थायी रूपमा माटो थुपारेर तटबन्ध बनाएकामा सादा पोसाकमा आएका भारतीय सुरक्षाकर्मीले त्यसलाई खनेर भत्काउन थालेपछि स्थानीयले प्रतिकार गरेको सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले बताए ।

पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले माटोको तटबन्धका विषयमा भारतीय सुरक्षाकर्मी र स्थानीयबीच विवाद भएको बताए । दुवै पक्षबीच सोमबार छलफल गरेर समस्या समाधान गरिने उनले बताए । पश्चिम नवलपरासीस्थित नेपाल-भारत सीमामा १६ वटा स्तम्भ छन् । जिल्लाको सनहीदेखि कुडियासम्म यस्ता सीमा स्तम्भ छन् । तर, सुस्ताको २४ किलोमिटर क्षेत्रमा भने सीमा स्तम्भ छैन । सीमा स्तम्भ नभएका ठाउँमा खोला, रुख वा अन्य जैविक सिमानाको भर पर्दा जोतभोगका विषयमा सीमावर्ती क्षेत्रका नागरिकबीच पटक-पटक विवाद हुँदै आएको छ । नेपाल-भारतको विवादित भूमिमा अहिले सिमलको रुखलाई सीमा स्तम्भका रूपमा मानिँदै आएको छ ।

दुई महिनाअघि पनि भारतीय सीमा सुरक्षा बलले तटबन्धको काममा अवरोध पुऱ्याएको थियो । गत १७ जेठमा नेपाली भूमिमा प्रवेश गरेको भारतीय एसएसबीको टोलीले सुस्ता-५ मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले निर्माण गरिरहेको तटबन्धको काम रोक्न भनेको थियो । **बाँकी पृष्ठ ८**



# ६९ वर्षअघि ब्रड पिकमा लेखिएको इतिहास

**सन् १९५७ मा चार अस्ट्रियन नागरिकले पहिलो पटक ब्रड पिक (८०५१ मिटर) को चुचुरो चुमेपछि पर्वतारोहण इतिहासमा नयाँ अध्याय लेखियो, त्यही हिमालले हालै कीर्तिमानी आरोही निर्मल पुर्जासहित १० आरोहीलाई सदाका लागि आफ्नो काखमा विश्राम दिएको छ**



कन्कोर्डिया क्याम्पिङ साइटतर्फ जाँदै भरिया र पदयात्री। पृष्ठभूमिमा काराकोरम हिमशृंखलामा पर्ने ब्रड पिक (बायाँ) र ग्यासरब्रुम-४ हिमाल। तस्बिर : एएफपी/रासस

**फणीन्द्र संगम** (काठमाडौं)

१८ अप्रिल १९५७। पाकिस्तानको पहाडी सहर स्कर्दुबाट एउटा अभियान सुरु हुन्छ, हिमाल आरोहणको। संसारका ८ हजार मिटरभन्दा अग्ला हिमालमध्ये मानव पाइला नपुगेको ब्रड पिक चुचुरो चुम्ने लक्ष्यसहित टोली काराकोरमतर्फ प्रस्थान गर्छ।

चार अस्ट्रियन आरोही हर्मन बुल, मार्कुस श्मुक, फ्रिट्ज विन्टरस्टेलर र कुर्ट डिम्बर्गर अनि एक पाकिस्तानी सम्पर्क अधिकृत र ६८ जना भरियाको टोली करिब ४० माइल लामो बाल्टोरो हिमनदी हुँदै अघि बढ्छ। बाल्टोरोको दायाँबायाँ पाँच हजार मिटरभन्दा अग्ला (१८ हजारदेखि २३ हजार फिटसम्मका) असंख्य भव्य हिमशिखर देखिन्छन्। यसैमध्ये के-२, हिडन पिक, ब्रड पिक र ग्यासरब्रुम-२ (जी-२) पनि ठिंग उभिएका छन्। बाल्टोरो हिमनदीको पूर्वी किनारमा गडविन अस्टिन हिमनदी नजिक के-२ को विशाल पिरामिड आकारको शिखरको सामुन्ने देखिन्छ, ८,०५१ मिटर अग्लो ब्रड पिक। यही क्षेत्रलाई पर्वतारोही 'कोन्कोर्डिया' भनेर चिन्छन्, जहाँ विश्व प्रसिद्ध केही हिमाल एकै ठाउँमा देखिन्छन्।

मिसन ब्रड पिक बनाएको अस्ट्रियन टोलीले पश्चिमी स्परको फेदीमा आधार शिविर स्थापना गर्छ। त्यसपछि पश्चिमी मोहोडा हुँदै शिखरतर्फ अघि बढ्छ। कठिन मौसम र लामो हिमधारसँग जुध्दै अन्ततः ९ जुन १९५७ मा अभियानका चारै आरोहीले मुख्य शिखर चुम्न सफल हुन्छन्। यसरी पहिलो पटक ब्रड पिकमा मानव पाइला पुगेको इतिहास लेखिन्छ।

●●●

आरोहणका परिकल्पनाकार र लिडर थिए, हर्मन बुल। उनको विश्वास थियो- ८ हजार मिटरमाथिका हिमाल आरोहणमा ठूलो योजना, सयौं भरियाको लस्कर र अत्यधिक स्रोत साधन चाहिँदैन। सक्षम, आत्मनिर्भर र चुस्त टिमको बलमै आरोहण गर्न सकिन्छ। त्यही योजनाअनुसार कामको बाँडफाँट गरियो। हर्मन बुल सम्पूर्ण आरोहण रणनीति र पर्वतारोहण गतिविधिका नाइके भइहाले (उनी त्यस्ता सदस्य थिए, हिमाल आरोहणको अनुभव उनीसँग मात्रै थियो। सन् १९५३ मा उनले नांगा पर्वतको पहिलो सफल आरोहण गरेर इतिहास रचिसकेका थिए)। मार्कुस श्मुक अभियानका नेता बने। फ्रिट्ज विन्टरस्टेलर व्यवस्थापनमा खटिए भने कुर्ट डिम्बर्गर स्वास्थ्य तथा सरसफाइको हेरचाहमा जुटे।

ब्रड पिक आरोहण अभियान सहज थिएन। त्यतिबेला सोएज नहर बन्द भएकाले टोलीले आवश्यक सामान समुद्री मार्गबाट अफ्रिकाको केप टाउन हुँदै कराँची पुऱ्याउनुपरेको थियो। फ्रिट्ज विन्टरस्टेलर र कुर्ट डिम्बर्गर उपकरणसँगै जहाजमार्फत गए भने हर्मन बुल र मार्कुस श्मुक हवाई मार्गबाट कराँची ओर्लिए। रावलपिन्डीमा भेला भएर उनीहरू १३ अप्रिल १९५७ मा विमानमार्फत स्कर्दु पुगे।

वर्षौंदेखिको तयारी, अनेक प्रशासनिक र यात्रासम्बन्धी अवरोध पार गरेपछि उनीहरूका अगाडि एउटा मात्र लक्ष्य बाँकी थियो- ब्रड पिक। ब्रड पिकको सम्भावित आरोहण मार्गबारे प्रसिद्ध भूगर्भविद् तथा हिमाल आरोही गुन्ट अस्कर डिअरेनफुर्थले गहन अध्ययन गरिसकेका थिए। उनको निष्कर्ष स्पष्ट थियो- मुख्य शिखरतर्फ जाने दक्षिणपूर्वी धार अत्यन्त लामो छ। प्राविधिक रूपमा कठिन र जोखिमपूर्ण भएकाले त्यस मार्गबाट सफल आरोहणको सम्भावना निकै कम छ। बरु उनले पश्चिमी मोहडालाई बढी उपयुक्त विकल्प माने। विशेषगरी पश्चिमी स्पर हुँदै जाने मार्ग हिमपहिरोको प्रत्यक्ष जोखिमबाट धेरै हदसम्म सुरक्षित थियो।

बुलको योजना फरक थियो। उनले सुरुबाटै निर्णय गरेका थिए- आधार शिविरभन्दा माथि लागेपछि सबै सामान भरियाले होइन, टोलीका सदस्यले आफैं बोक्ने। पश्चिमी स्परको फेदीमा आधार शिविर स्थापना गर्ने। त्यसपछि शिखरतर्फ पुग्न तीन तहका शिविर बनाउने। पहिलो शिविर आवतजावतका लागि अस्थायी विन्दु हुने। दोस्रो शिविर 'द प्लेटो' मा अपेक्षाकृत व्यवस्थित अग्रिम आधार शिविरका रूपमा स्थापना गरिने। त्यसपछि सकेसम्म माथि तेस्रो शिविर बनाइने, जहाँबाट अन्तिम शिखरतर्फ लम्कने।

टोलीले राम्रोसँग बुझेको थियो- ब्रड पिकको पश्चिमी मोहडा करिब १० हजार फिट अग्लो छ। त्यसैले प्रत्येक शिविरबीचको उचाइ अन्तर निकै ठूलो हुने थियो र प्रत्येक पटक सामान बोक्दै माथि-तल गर्नु आफैंमा कठिन हुन्थ्यो। यद्यपि उनीहरूको योजना लामो समयसम्म उच्च शिविरमा बस्ने थिएन। शिविर आवश्यक पूर्वतयारीका लागि मात्रै थियो। त्यसपछि सबै सदस्य फेरि आधार शिविरमै फर्कने, मौसम पूर्ण रूपमा अनुकूल भएपछि मात्रै छिटो गतिमा लगातार तीन वटै शिविर पार गर्दै शिखरमा पुग्ने। र, उत्तिकै छिटो आधार शिविर फर्किने।

हर्मन बुलको यही रणनीतिले पछि विश्व पर्वतारोहणमा अल्पाइन शैलीको नयाँ युग सुरु गरेको मानिन्छ। ब्रड पिक अभियान सुरु हुनुअघि नै अस्ट्रियन टोलीले अर्को साहसी निर्णय पनि गरिसकेको थियो- अतिरिक्त अक्सिजन प्रयोग नगर्ने। आफ्नै काँधमा सामान बोकेर क्रमशः माथि उक्लँदै गए भने शरीर स्वाभाविक रूपमा उचाइमा अभ्यस्त हुन्छ र त्यसरी प्राप्त हुने प्राकृतिक अनुकूलन कृत्रिम अक्सिजनभन्दा बढी प्रभावकारी हुन सक्छ। हर्मन बुलको विश्वास यही थियो। योजनाअनुसार आधार शिविरदेखि पहिलो शिविरसम्म करिब २,९५० फिट उचाइ पार गर्नुपर्ने थियो। त्यहाँबाट दोस्रो शिविरसम्म १,८०० फिट, दोस्रोबाट तेस्रो १,९७० फिट र अन्तिम शिविरबाट मुख्य शिखरसम्म थप ३,६०० फिट उक्लिनुपर्ने थियो। आधार शिविरसम्म सामान पुऱ्याएपछि भरिया फर्किने र त्यसपछि चार पर्वतारोही मात्रै अघि बढ्ने सोच थियो। तर मौसमले सुरुमै उनीहरूको योजना बदलिदियो। कोन्कोर्डिया पुग्नुअघि नै लगातारको हिमपात र अधिक चिसोका कारण अधिकांश भरिया फर्किए। थोरैले मात्र सामान बोकेर प्रस्तावित आधार शिविर नजिकसम्म पुऱ्याए र उनीहरू पनि त्यहीँबाट तल झरे। अन्ततः टोलीसँग पाकिस्तानी सम्पर्क अधिकृत कप्तान कादर सइद र दुई सन्देशवाहकबाहेक कोही बाँकी रहेन। अब खाना, टेन्ट, डोरी, इन्धन र आरोहण सामग्री यी चार आरोहीले आफ्नै काँधमा बोक्नुपर्ने भयो।

उनीहरूले गडविन अस्टिन हिमनदीको किनारबाट एकपछि अर्को गर्दै सामान ओसार्न थाले र १६ हजार १०० फिट उचाइमा ब्रड पिकको पश्चिमी स्परको फेदीमा आधार शिविर स्थापना गरे। १३ मे १९५७ मा उनीहरूले ब्रड पिकको वास्तविक मोहडामा पाइला टेके। ठाडा भीर र साँघुरा खोंच पार गर्दै करिब १९ हजार फिट उचाइमा पहिलो शिविर खडा भयो। हरेक दिन भारी बोकेर हजारौं फिट उक्लिनुपर्ने, सामान छोडेर फेरि आधार शिविर फर्किनुपर्ने। तर तल झर्ने उनीहरूको तरिका भने असाधारण थियो। चिप्लिँदै झन्डै २,५०० फिट तल हिमनदीको किनारसम्म आधा घण्टाभित्र पुग्थे। समय मात्र होइन, ऊर्जा पनि सञ्चित गर्ने उनीहरूको अनौठो तरिका थियो। यही रणनीतिले १९ मेसम्म उनीहरूलाई २० हजार ८०० फिट उचाइमा रहेको विशाल हिममैदान 'द प्लेटो' मा दोस्रो शिविर स्थापना गर्न सफल बनायो। तर, लगातारको खराब मौसमले टोलीलाई सात दिनसम्म आधार शिविरमै अड्कायो। आकाश खुलेपछि मात्र उनीहरू पश्चिमी स्परतर्फ लागे।

२८ मेको साँझ ब्रड पिकको पश्चिमी मोहडाबाट बाहिर निस्किएको सानो बरफे टाकुरामा २२ हजार ८०० फिट उचाइमा तेस्रो शिविर स्थापना गरियो। त्यहाँ पुग्नुअघि हर्मन बुल र कुर्ट डिम्बर्गरले प्लेटोमाथिको करिब १,६०० फिट ठाडो बरफे भीरमा बाटो तयार गरिसकेका थिए। उनीहरूले कार्ल हेर्लिगकोफरको नेतृत्वमा सन् १९५६ को जर्मन अभियानमा छाडिएका, बरफभित्र जमिसकेका पुराना डोरीसमेत फेला पारे। आवश्यक ठाउँमा तिनैको सहारा लिए।

त्यो रातको मौसम निकै सफा थियो। आकाशभरि तारा टिलपिलाइरहेका थिए। चारै जनामा आँट भरियो र निर्णय गरे- मौसम यस्तै रह्यो भने भोलि शिखरतर्फ यात्रा सुरु गर्ने। तर काराकोरममा मौसम कति बेला बदलिन्छ, कसैले भन्न सक्ने अवस्था थिएन।

२९ मेको बिहान उज्यालो हुनुअघि नै उनीहरू शिखरतर्फ उक्लिन थाले। सुरुका केही सय फिटसम्म सबै कुरा योजनाअनुसार अघि बढिरहेको थियो। त्यसपछि अझ बाक्लो हिउँले यात्रा कठिन बनाउन थाल्यो। ८ हजार मिटर नजिक चलिरहेको हावामा सास फेर्नै संघर्षपूर्ण थियो। रगतको प्रवाह कायम राख्न उनीहरू बेलाबेला रोकिन्थे र खुट्टा हल्लाउँदै फेरि अघि बढ्थे।

बिहान ९ बजे करिब २४ हजार ६०० फिट उचाइमा उनीहरूले केहीबेर विश्राम गरे। उनीहरू दिउँसो करिब ३ बजे मुख्य शिखर र केन्द्रीय शिखरबीचको हिमधारमा पुग्न सफल भए। त्यतिबेलासम्म उनीहरूको शरीर पूर्ण रूपमा थाकिसकेको थियो। हात-खुट्टा भारी भएका थिए। पर्वतारोहणको नियमअनुसार अब फर्किनु नै सुरक्षित निर्णय थियो। तर उनीहरूको आँखाअघि अर्को दृश्य थियो। त्यहाँबाट मुख्य उचाइसम्मको अन्तिम रिज (शिखरधार) निकै छोटो देखियो। त्यो दूरीले उनीहरूलाई लोभ्यायो। कीर्तिमान अब केही सय मिटर मात्र टाढा छ भन्ने अनुभूतिले चारै जनालाई अन्तिम प्रयासका लागि प्रेरित गऱ्यो।

साँझ करिब ६ बजे फ्रिट्ज विन्टरस्टेलर र कुर्ट डिम्बर्गर एउटा त्यस्तो विन्दुमा पुगे, जहाँबाट अब माथि केही पनि देखिएन। उनीहरू हौसिए- ब्रड पिकको अन्तिम विन्दु यही हो। त्यतिबेला हर्मन बुल र मार्कुस श्मुक करिब २०० फिट तल थिए। उनीहरूलाई 'हामी सफल भयौं' भनेर खबर दिनै लागेका थिए। हावासँगै उडिरहेको कुहिरोको पर्दा एकाएक हट्यो। त्यो खुला आकाशबाट उनीहरूले अर्को दृश्य देखे। अझ पर, अझ अग्लो, हिउँले टल्किएको अर्को शिखर, आखिर त्यही नै त थियो ब्रड पिकको वास्तविक चुचुरो।

धेरै उचाइ बाँकी थिएन। त्यस्तै ४० वा ५० फिट मात्रै हुँदो हो। त्यहाँ पुग्न कम्तीमा अर्को एक घण्टा लाग्थ्यो। तर काराकोरममा साँझ परिसकेको थियो। त्यस अवस्थामा अगाडि बढ्नु आत्मघाती निर्णय हुन सक्थ्यो। चारै जनाले फर्किने निर्णय लिए। त्यो दिन उनीहरूले ब्रड पिकको मुख्य शिखर होइन, करिब २६,३५० फिट उचाइको एउटा सहायक शिखर मात्र छोएका रहेछन्। अन्धकारमा लखतरान हुँदै तेस्रो शिविर फर्किए र टेन्टभित्र छिर्नेबित्तिकै डंग्रङ्ङ... पल्टिए।

●●●

> ब्रड पिक अभियानको परिकल्पना गर्ने, त्यसलाई सम्भव बनाउने र टोलीलाई प्रेरित गर्ने व्यक्ति हर्मन बुल थिए। कुर्ट डिम्बर्गरले लेखेका छन्, 'त्यो क्षण उनले कति गहिरो पीडा महसुस गरेका थिए भन्ने कुरा एउटा पर्वतारोहीले मात्र बुझ्न सक्छ।'



ब्रड पिकको पश्चिमी मोहडामा २२ हजार ८०० फिट उचाइमा रहेको तेस्रो क्याम्पबाट साँझमा खिचिइएको तस्बिर। तस्बिर : द हिमालयन जर्नल

## दोस्रो प्रयासमा सफल

टोलीले दोस्रो प्रयासका लागि हतार गरेन। पूर्ण रूपमा स्थिर र अनुकूल मौसमको प्रतीक्षामा रह्यो। जब मौसमले साथ दिने निश्चित भयो, तब मात्र शिखरतर्फ फेरि अघि बढ्ने निर्णय गऱ्यो। यस पटक एउटा अर्को फाइदा थियो। फेरि शिविर बनाउनुपर्ने थिएन। आधार शिविरदेखि तेस्रो शिविरसम्मका सबै तयारी पूरा भइसकेको थियो। सामान ओसार्ने झन्झट पनि थिएन। उनीहरूको सम्पूर्ण ध्यान अब शिखरतर्फ नै केन्द्रित थियो।

७ जुन १९५७ को बिहान उनीहरू आधार शिविरबाट हिँडे। दुई दिनपछि बिहान करिब साढे २ बजेतिर तेस्रो शिविरबाहिर चरम चिसो र अन्धकारमा काराकोरम छोपिएको थियो। हर्मन बुल उठे र सबैलाई बिस्तारै जगाउन थाले। बिहानको तयारीपछि मार्कुस श्मुक र फ्रिट्ज विन्टरस्टेलर पहिले निस्किए। केहीबेरपछि हर्मन बुल र कुर्ट डिम्बर्गर पनि उनीहरूको पछि लागे। यस पटक बुलले अघिल्लो प्रयासमा हिँडेको बाटो दोहोऱ्याएनन्। दायाँतर्फको बढी सिधा तर छायामा पर्ने मार्ग रोजे। बाँकी तीन जना भने पुरानै पदचिह्न पछ्याउँदै बायाँतर्फ उक्लिन थाले। यो निर्णयपछि बुलका लागि निकै महँगो साबित भयो। दायाँको बाटो छोटो अवश्य थियो तर घाम धेरै ढिलो लाग्ने भएकाले चिसो माइनस ३० डिग्री सेल्सियस थियो। अगाडि ताजा हिउँले ढलान गरेजस्तो त कतै पातलो बरफको सतह थियो। जहाँ पाइला टेक्नेबित्तिकै खुट्टा फेरि हिउँभित्र भासिन्थ्यो। प्रत्येक पाइला चाल्न असाधारण शक्ति खर्चिनुपर्थ्यो।

बिहान ८ बजे मात्र सूर्यको पहिलो किरण उनीहरूसम्म आइपुग्यो। तर त्यतिबेलासम्म हर्मन बुलको अवस्था चिन्ताजनक बनिसकेको थियो। दायाँ खुट्टाले स्पर्शको अनुभूति गर्न सकेको थिएन। चार वर्षअघि नांगा पर्वत आरोहण क्रममा उनले यही खुट्टाका दुई औंला गुमाइसकेका थिए। अन्ततः उनीहरू रोकिन बाध्य भए। हर्मन बुलले जुत्ता फुकाले। साथीहरूले उनको खुट्टा मिच्दै रगतको प्रवाह फर्काउने प्रयास गरे। त्यतिबेलासम्म श्मुक र विन्टरस्टेलर पनि बायाँतर्फको मार्गबाट उनीहरूसम्म आइपुगेका थिए।

बुलको अवस्था झन् बिग्रँदै थियो। खुट्टाको पीडा यति असह्य थियो कि उनले पहिलो पटक आफू त्यस दिन शिखरसम्म पुग्न नसक्ने आशंका व्यक्त गरे। त्यो क्षण सबैका लागि अत्यासपूर्ण थियो। किनभने ब्रड पिक अभियानको परिकल्पना गर्ने, त्यसलाई सम्भव बनाउने र सुरुदेखि अन्त्यसम्म टोलीलाई प्रेरित गर्ने व्यक्ति हर्मन बुल नै थिए। सफलता आँखैसामु आउन लागेका बेला उनी नै पछि हट्न चाहिरहेका थिए। कुर्ट डिम्बर्गरले लेखेका छन्, 'त्यो क्षण हर्मन बुलले कति गहिरो पीडा महसुस गरेका थिए भन्ने कुरा एउटा पर्वतारोहीले मात्र बुझ्न सक्छ।'

डिम्बर्गरले उनलाई एक घण्टा विश्राम गर्न सुझाव दिए। केहीबेर आराम गरेपछि अवस्था सुध्रेला भन्ने उनमा आशा थियो। झन्डै एक घण्टापछि उनीहरू फेरि अघि बढे। त्यही बेला हर्मन बुलले एउटा असाधारण निर्णय लिए। कुर्ट डिम्बर्गरतर्फ हेरेर भने- 'तिमी एक्लै जाऊ। तिम्रो अवस्था राम्रो छ। शिखरसम्म पुग्न सक्छौ। म यहीँ पर्खन्छु।' डिम्बर्गर केहीबेर त्यहीँ रोकिए। उनले बुलसँग वाचा गरे, 'महत्त्वपूर्ण कुनै पनि दृश्यको तस्बिर खिच्न बिर्सिने छैन र सकेसम्म छिट्टै फर्किनेछु।'

डिम्बर्गरका पाइला ब्रड पिक शिखरतर्फ लम्किए। घुँडाको बलले शरीरलाई माथि धकेल्दै, स्की-स्टिकको सहाराले आफूलाई उचाल्दै अघि बढे। मुख पूरै खुला थियो तर हावाको झोक्कामा पर्याप्त सास तान्न निकै कठिन थियो। करिब १५ मिनेटपछि उनी पहिलेको भ्रम सिर्जना गरेको सहायक शिखरमा पुगे। अत्यधिक थकानले वरिपरिका सबै दृश्य घुमिरहेको जस्तो लागिरहेको थियो। त्यहीँबाट उनले टाढा दुई साना आकृति देखे। ती मार्कुस श्मुक र फ्रिट्ज विन्टरस्टेलर थिए। उनी लगभग दौडिएझैं अघि बढे- स्टिक गाड्दै, एउटा पाइला, फेरि अर्को पाइला। हरेक साससँगै संघर्ष गर्नु परिरहेको थियो तर लक्ष्य आँखैअघि देखिन्थ्यो। माथिल्लो भागमा विशाल हिमधार झुन्डिएको थियो। त्यतिबेलासम्म उनका दुई साथी शिखरबाट फर्किने तयारी गरिसकेका थिए।

ब्रड पिकको शिखरमा कुर्ट डिम्बर्गर एक्लै बाँकी रहे। अत्यधिक थकानले उनी हिउँमै थुचुक्क भए। पछाडि विशाल हिउँको धार थियो। अगाडि चारैतिर हजारौं अर्धवृत्ताकार सेता हिमशिखर। निकै तल आफ्नो विशाल उपत्यकाबाट बगिरहेको बाल्टोरो हिमनदी। क्षितिजतिर नांगा पर्वत। यी सबैलाई उनले स्पष्ट देखे। तर त्यो अद्भुत दृश्यको बीचमा उनको मनमा एउटै व्यक्ति आइरहे- हर्मन बुल। यो अभियानको सपना देख्ने मान्छे थिए उनी, जो शिखरभन्दा तलै छुटिसकेका छन्।

कुर्ट डिम्बर्गरको अगाडि ब्रड पिक चुचुरोको अन्तिम हिमधार मात्र बाँकी थियो, जुन अहिलेसम्म कसैले टेकेको थिएन। भाग्यले साथ दियो। धन्न, हिमधार भत्किएन। उनको भार थाम्यो। यसरी यही क्षण उनी ब्रड पिकको सर्वोच्च शिखरमा उभिन सके। उनले त्यही उच्चतम विन्दुबाट एउटा तस्बिर खिचे। त्यो ब्रड पिकको खास चुचुरोबाट लिइएको पहिलो तस्बिर थियो। त्यसपछि अर्को तस्बिर गासरब्रुम हिमशृंखलातर्फ झर्दै गएको लामो हिउँको धारतर्फ फर्काएर खिचे।

फर्किने समय भइसकेको थियो। उनका अगाडि अर्को हिउँको थुम्को फेरि अर्को थुम्को उभिन्थ्यो। ती थुम्का पछाडिबाट २,००० फिट माथिसम्म अग्लिएको के-२ अन्तिम शिखर आकाशमाथि चुलिएको देखिन्थ्यो। तल ओर्लिँदै गर्दा अचानक उनी रोकिए। हिउँबीच पहेंलो थोप्लो बिस्तारै उनीतर्फ अघि बढिरहेको थियो। त्यो पहेंलो एनोराकमा थिए- हर्मन बुल। त्यो दृश्य देख्नेबित्तिकै डिम्बर्गरले बुझिहाले- बुलले हार मानेका छैनन्। डिम्बर्गरले मनमनै निर्णय गरे- अब हामी शिखरसम्म सँगै जानेछौं।

केही मिनेटमै हर्मन बुल कुर्ट डिम्बर्गर भएको ठाउँमा आइपुगे। दुवैले कुनै शब्द खर्चिएनन्। न हात मिलाए, न लामो कुरा गरे। उनीहरूको ध्यान शिखरतर्फै मोडियो। एउटा कुरा स्पष्ट भइसकेको थियो- अब जतिसुकै छिटो हिँडे पनि रात पर्नुअघि तल फर्किन सम्भव थिएन। ८ हजार मिटरभन्दा माथिको क्षेत्रमा उनीहरूले रात बिताउनैपर्ने थियो। त्यहाँ के-२, ब्रड पिक र ग्यासरब्रुम शिखर उज्याला टापुझैं चम्किरहेका थिए।

रातको खतरा उनीहरूलाई स्पष्ट थाहा थियो। ८ हजार मिटरमाथि त्यही पनि अन्धकारमा हिँड्नु मृत्युको जोखिम निम्त्याउनु थियो। तर त्यस क्षण हर्मन बुल र कुर्ट डिम्बर्गरका लागि त्यो डरभन्दा ठूलो एउटा अनुभूति थियो। आखिर त्यो समय आइपुग्यो। शिखरमा हर्मन बुलले आफ्नो पर्वतारोहण क्लबको झन्डा निकालेर आइस एक्समा बाँधे र हिउँमा गाडिदिए। केही क्षण दुवैले त्यही झन्डालाई एक टकले हेरिरहे। अनि चारैतिर दृष्टि डुलाए। काराकोरमका सबै अग्ला हिमाल साँझको अस्ताउँदो सूर्यको प्रकाशमा अनौठो रङले चम्किरहेका थिए। पूर्वतर्फ हेर्दा ब्रड पिकको विशाल छाया सयौं किलोमिटरसम्म तिब्बततर्फ फैलिएको एउटा महाकाय पिरामिडजस्तो देखिन्थ्यो।

रात पर्न थालिसकेको थियो। यहीँ विजयोत्सवमै रमाउने समय थिएन, इतिहास रचेर फर्किनु पनि थियो। उनीहरू सकेसम्म छिटो ओरालो लागे। अब तल अझै करिब २,५०० फिटको ठाडो ओरालो बाँकी थियो। बीचबीचमा केही क्षण बस्दा निदाउन हुँदैन भन्नेमा दुवैले ख्याल गरिरहेका थिए। किनकि ८ हजार मिटरमाथिको थोरै निद्रा पनि धेरैका लागि अन्तिम निद्रा बन्न सक्छ।

यात्रालाई जारी नै राखे। अचानक अँध्यारोबीच टेन्टको धुमिल आकृति देखापऱ्यो। त्यो थियो- तेस्रो शिविर। उनीहरू घिस्रिँदै भित्र पसे।

●●●

कुर्ट डिम्बर्गरले दशकौंसम्म पर्वतारोहण, लेखन र चलचित्रमार्फत हिमालको कथा संसारलाई सुनाइरहे। उनको यो संस्मरण आज पनि ब्रड पिकको पहिलो सफल आरोहणको सबैभन्दा जीवन्त अभिलेख मानिन्छ। उनले सन् १९५७ मा देखेको ब्रड पिक आज पनि उही छ- अनन्त, कठिन र जोखिमपूर्ण शिखरधार।

फरक यति हो, ६९ वर्षपछि त्यही हिमालले विश्व प्रसिद्ध कीर्तिमानी पर्वतारोही निर्मल पुर्जासहित १० आरोहीलाई आफ्नो काखमा विश्राम दिएको छ। सदाका लागि।

*(ब्रड पिक शिखर आरोहण गर्ने पहिलो दलका कुर्ट डिम्बर्गरको संस्मरण 'ब्रड पिक एण्ड चोगोलिसा' लाई फिचर शैलीमा प्रस्तुत गरिएको हो। मूल संस्मरण द हिमालयन जर्नलमा प्रकाशित छ।)*


## वर्गीकृत डिस्प्ले

**निर्माणको लागि सम्पर्क**

घर/भवन निर्माण, ग्राउटिङ्ग, वाटरप्रुफिङ्ग, प्लम्बिङ्ग, रङ्गरोगन, वायरिङ्ग, ट्रस निर्माण, बगैंचा निर्माणको साथै नर्सरी सम्बन्धी कार्यका लागि सम्पर्क।

अल ओभर कन्स्ट्रक्सन प्रा.लि.
चावहिल, काठमाडौं
९८५११५४४३२
९८५११५४४३४
९८५१०४४४३२

**कर्मचारी तुरुन्त आवश्यकता**

राम्रो चलिरहेको कन्सल्टेन्सीका लागि महिला कर्मचारी आवश्यक:

**योग्यता:**
- न्यूनतम +२ (१२ कक्षा) उत्तीर्ण
- कम्प्युटर सम्बन्धी र आइटी सम्बन्धी राम्रो दख्खल भएको

**आवश्यक कागजात:**
- आफ्नो CV (बायोडाटा)
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
- नागरिकताको फोटोकपी
- सम्पूर्ण योग्यताको प्रमाणपत्रको प्रतिलिपि

ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.: ९८४५९६१७३२१**
**ठेगाना: सोह्रखुट्टे, काठमाडौं**

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**

श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*




घर बिक्रिमा गाडि बिक्रिमा जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५000, ५१३५00४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।



# अमेरिका जाने नेपालीलाई धरौटीको बोझ

**प्रतिव्यक्ति वार्षिक आय १५ सय डलर आसपास रहेको नेपालजस्ता मुलुकका यात्रुका लागि अमेरिकी भिसा लिन राख्नुपर्ने अधिकतम २० हजार डलरसम्मको धरौटी रकम ठूलो आर्थिक बोझ**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सन् २०२७ मा हुने छोरीको स्नातक दीक्षान्त समारोहमा सहभागी हुन अमेरिका जाने काठमाडौं बानेश्वरकी सरिता खनालको धोको थियो। तर अमेरिकी विदेश मन्त्रालयले बी १/बी २ भिसा आवेदनमा अधिकतम २० हजार डलरसम्म धरौटी राख्नुपर्ने नयाँ नियम ल्याएसँगै छोरीको दीक्षान्त समारोहमा जाने उनको आशामाथि तुषारापात भएको छ। खनाल भन्छिन्, 'मैले यति धेरै रकम चाहेर पनि जुटाउन सक्दिनँ।'

अमेरिकाको विदेश मन्त्रालयले अगस्ट २०२५ मा १२ महिनाको परीक्षणकालका रूपमा ल्याएको भिसा धरौटी कार्यक्रम सोमबारदेखि स्थायी हुने घोषणा गरेको हो। कार्यक्रमअनुसार कन्सुलर अधिकारीहरूले नेपालसहित करिब ५० देशका बी १/बी २ भिसा आवेदकहरूलाई भिसा जारी गर्नुअघि धरौटी रकम राख्न लगाउन सक्नेछन्। सामान्यतया १५ हजार अमेरिकी डलरलाई मापदण्ड बनाइएको छ। तर अधिकारीहरूले व्यक्तिको यात्राको उद्देश्य, रोजगारी, आम्दानी र अन्य परिस्थितिका आधारमा १० हजार, १५ हजार र अधिकतम २० हजार डलरसम्म धरौटी रकम माग गर्न सक्नेछन्।

यात्रुले अमेरिकी आप्रवासन नियमहरू पालना गरेर तोकिएको समयमै स्वदेश फर्किएमा यो धरौटी रकम फिर्ता हुनेछ। यो प्रस्ताव अनुचित रहेको खनालको तर्क छ। 'म त्यहाँ बसाइँ सर्ने होइन। छोरीलाई भेट्न जान चाहेकी हुँ। एउटा नियमअनुसार तयारी गरिरहेका बेला अर्को नियम आयो,' उनले भनिन्।

नयाँ योजनाले भविष्यमा अमेरिका जाने सोचाइमा रहेका केही नेपालीलाई समेत प्रभावित पार्ने भएको छ। सन्तानलाई भेट्न चाहने अभिभावक, बारम्बार अमेरिका आउजाउ गर्नेहरू र व्यापारीहरू सबैले यो आर्थिक बोझ उचित नरहेको बताएका छन्। औसत वार्षिक आम्दानी करिब १५ सय डलर मात्र रहेको देशका धेरै नागरिकका लागि यति ठूलो धरौटी रकम राख्नुपर्ने बाध्यता आफैंमा ठूलो अवरोध रहेको उनीहरूको भनाइ छ। कोटेश्वरकी ५३ वर्षीया लीला भण्डारीका छोरा ७ वर्षदेखि अमेरिकामा बस्दै आएका छन्। यो कार्यक्रम घोषणा हुनुअघि नै उनको भिसा जारी भइसकेको छ। त्यसैले उनको अहिलेको यात्रालाई नयाँ कार्यक्रमले असर गर्ने छैन। तर भिसा स्वीकृत हुने निश्चित नहुँदै आवेदकहरूले ठूलो रकम



काठमाडौंको महाराजगन्जस्थित अमेरिकी दूतावास। फाइल तस्बिर : कान्तिपुर

बुझाउनुपर्ने व्यवस्था जायज नभएको भण्डारीको भनाइ छ। 'भिसा निश्चित भएपछि धरौटी उठाइयो भने मात्र यसको अर्थ हुन्छ,' उनी भन्छिन्, 'अन्यथा, पैसा तिरे पनि अन्तर्वार्तामा अस्वीकृत हुन सकिन्छ।' ओभरस्टे रोक्न र यात्रुहरू सकुशल स्वदेश फर्कने सुनिश्चित गर्नका लागि यो नियम लागू गरिएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ।

भक्तपुरका ५५ वर्षीय दीपक जोशी (नाम परिवर्तन) का छोराछोरी एक दशकदेखि अमेरिकामा बस्दै आएका छन्। उनले पनि गरिब देशका नागरिकसँग ठूलो धरौटी रकम माग्नु राम्रो नरहेको बताए। यद्यपि, प्रत्येक राष्ट्रलाई आफ्नो आप्रवासन नीतिहरू तय गर्ने अधिकार रहेको उनको भनाइ छ। 'धरौटी फिर्ता हुने भए म अझै पनि यात्रा गर्छु। विदेशबाट आउने आगन्तुकहरूको संख्या नियन्त्रण गर्न र आप्रवासनलाई अझ कडाइका साथ व्यवस्थापन गर्न यो नीति लक्षित भएजस्तो देखिन्छ,' जोशीले भने, 'यो अमेरिकी सरकारको नीति हो। भ्रमण गर्न चाहनेहरूले पालना गर्नैपर्‍यो।' बारम्बार अमेरिका आउजाउ गर्नेहरूमा पनि यस नीतिले भविष्यको यात्रालाई लिएर प्रश्न उठाएको छ।

आईटी क्षेत्रमा कार्यरत शंखमूलकी २६ वर्षीया रिती दवाडी (नाम परिवर्तन) ले परिवारलाई भेट्न र रमाइलोका लागि तीन पटक अमेरिकाको यात्रा गरिसकेकी छन्। उनको हालको भिसा अवधि सन् २०२८ सम्म रहेकाले यो नियमले तत्काल असर पार्दैन। तर भविष्यका यात्राबारे सोच्न बाध्य बनाएको उनले बताइन्। 'अब यति धेरै रकम धरौटी राख्नुपर्दा निकै असहज हुनेछ,' दवाडीले भनिन्। हरेक देशलाई आफ्नो नियम बनाउने अधिकार भए पनि यो नीति केही हदसम्म अन्यायपूर्ण देखिने दवाडी बताउँछिन्। अप्रत्याशित घटना घटेर वा अन्जानमा बसाइँ अवधि लम्बिन गएमा यात्रुहरूले धरौटी गुमाउन सक्ने चिन्ता उनले व्यक्त गरिन्। 'यो नियमले आगन्तुकहरूको संख्या घटाएर अमेरिकातर्फको पर्यटनलाई पनि निरुत्साहित गर्न सक्छ,' दवाडीले भनिन्।

पेसा-व्यवसायीहरूले यसलाई अलि फरक पाटोबाट हेरेका छन्। सुरक्षा र सुशासन क्षेत्रमा काम गर्ने काठमाडौंस्थित एक थिंक ट्यांकमा कार्यरत भक्तपुरका ५२ वर्षीय राज पोखरेल (नाम परिवर्तन) अर्को वर्ष व्यापारिक कार्यक्रमका लागि अमेरिका जाने तयारीमा छन्। यो प्रावधानले अतिरिक्त आर्थिक भार सिर्जना गरे पनि अत्यावश्यक यात्रालाई पूर्ण रूपमा नरोक्ने उनले बताए।

'ठूलो रकम फिर्ता हुने धरौटीका रूपमा जुटाउनु थप बोझ होला। तर यदि बैठकहरू महत्त्वपूर्ण छन् भने म अझै पनि अमेरिका जानेछु,' पोखरेलले भने। भिसाको दुरुपयोग रोक्न नीति लक्षित गरिएको उनको विश्वास छ। 'धेरै यात्रीहरू वास्तवमै फर्किन्छन्,' पोखरेलले भने। ओभरस्टे गर्ने कुनै आशय नभए पनि ठूलो रकम धरौटी राख्न स्रोत नभएका व्यक्तिहरूलाई यसले पक्कै असर गर्ने उनको आकलन छ। यो नियमले अमेरिका यात्रा गर्ने नेपालीहरूको संख्या घटाउन सक्ने उनले बताए। विशेषगरी परिवार भेट्न जाने, युवा र पहिलो पटक यात्रा गर्नेहरूको संख्या घट्न सक्ने पोखरेलको भनाइ छ।

# सुदूरपश्चिम, बागमती र कोशीमा नयाँ सरकार कहिले ?

**कोशीमा मुख्यमन्त्रीका लागि एमालेभित्रै दुई थरी मत, बागमतीमा बहुमत पुऱ्याउन राप्रपा र हानेपालाई फकाइँदै र सुदूरपश्चिममा कांग्रेसका मुख्यमन्त्रीको राजीनामा कुर्दै एमाले-नेकपा**

**गंगा बीसी** (काठमाडौं) र **पर्वत पोर्तेल** (विराटनगर)

गण्डकी र मधेशबाहेकका प्रदेशमा तत्काल सरकार हेरफेर गर्न एमाले र नेकपाबीच सहमति भएको एक साता बित्दा कर्णाली प्रदेशमा मात्र नयाँ मुख्यमन्त्री नियुक्त भएका छन्। केन्द्रमा सहमति हुनुअघि नै कर्णालीमा तत्कालीन मुख्यमन्त्री यामलाल कँडेलले राजीनामा दिएका थिए। अन्य प्रदेशमा भने पार्टीभित्रै सहमति जुटाउन नसक्दा र बहुमत पुऱ्याउने कसरतले नयाँ सरकार गठन भएको छैन।

कोशी, बागमती र लुम्बिनीमा एमालेले प्रदेश सरकारको नेतृत्व गर्ने सहमति छ। कोशीमा एमाले र नेकपाको स्पष्ट बहुमत भए पनि एमालेका तर्फबाट अब कसले सरकारको नेतृत्व गर्ने भन्ने विषयमा विवाद छ। बागमतीमा राप्रपा र हाम्रो नेपाली पार्टीलाई गठबन्धनमा ल्याउन एमाले र नेकपाले कसरत गरिरहेका छन्। सुदूरपश्चिममा एमाले र नेकपाले मुख्यमन्त्री कमलबहादुर शाहको राजीनामा पर्खिरहेका छन्। गठबन्धनको बहुमत रहेको त्यहाँ नेकपाले सरकारको नेतृत्व गर्ने सहमति छ। लुम्बिनीमा एमालेका मुख्यमन्त्री चेतनारायण आचार्यलाई निरन्तरता दिने सहमति भएको छ तर नेकपालाई समेटेर मन्त्रिपरिषद् पुनर्गठन गरिएको छैन।

कोशीमा एमाले अध्यक्ष केपी शर्मा ओलीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई परिवर्तन गर्न खोजेका छन्। मुख्यमन्त्री कार्कीले यस विषयमा केन्द्रीय सचिवालयले निर्णय गर्नुपर्ने अडान राख्दै आएका छन्। 'मुख्ममन्त्रीमाथि गम्भीर प्रश्न उठेको छैन। प्रदेशको चुनाव हुन धेरै समय पनि बाँकी छैन। त्यसैले मेरो निरन्तरता हुनुपर्छ,' कार्कीले कान्तिपुरसित भने, 'फेर्ने नै हो भने पार्टीले विधिसम्मत निर्णय गरोस्।'

कार्की संविधानको धारा १६८ को उपधारा (५) अनुसार बहुमत सदस्यको समर्थनमा मुख्यमन्त्री भएका हुन्। प्रदेश सरकार बनाउने अन्तिम उपधाराबाट मुख्यमन्त्री भएका कार्कीलाई हटाउँदा संवैधानिक जटिलता आउन सक्ने भन्दै उनलाई नै निरन्तरता दिनुपर्ने पक्षमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल रहेको एक नेताले बताए। हालसम्म पनि कांग्रेसले कार्कीलाई समर्थन कायम राखेको छ।

अध्यक्ष ओलीले कोशीको मुख्यमन्त्री चयनको विवाद मिलाउन सचिव एवं प्रदेश इन्चार्ज शेरधन राईलाई जिम्मेवारी दिएका छन्। अध्यक्ष ओलीले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउन चाहेका छन्। एमालेका एक नेताका अनुसार ओलीले मुख्यमन्त्री कार्कीलाई राजीनामा दिन खबर पठाएका छन्। तर कार्कीले मानेका छैनन्।

एमाले सचिव राईले भने अहिलेकै मुख्यमन्त्री कायम राख्ने/नराख्नेबारे निर्णय भइनसकेको बताए। 'हालकै मुख्यमन्त्रीलाई निरन्तरता दिने/नदिनेबारे छलफल भइरहेको छ,' उनले भने। मुख्यमन्त्री कार्की पनि एमाले सचिव हुन्। नेकपा कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्बोले एमालेमा कार्की र मेन्याङ्बोका विषयमा कुरा नमिलेकाले सरकार पुनर्गठनमा ढिलाइ भएको बताए। 'हामीले मुख्यमन्त्रीका लागि संस्थागत निर्णय गर्न एमालेलाई आग्रह गरेका छौं। उहाँहरूको विवादका कारण सरकार पुनर्गठनमा ढिलाइ भएको हो,' उनले भने।

कोशीमा सरकार गठन गर्न सम्भव सबै विकल्प प्रयोग भइसकेको छ। कुनै एक दलको स्पष्ट बहुमत नरहेकाले संविधानको धारा १६८ को उपधारा १ बमोजिम प्रदेश सरकार गठन हुने अवस्था छैन। उपधारा २ मा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत



> **मुख्ममन्त्रीमाथि गम्भीर प्रश्न उठेको छैन, प्रदेशको चुनाव हुन धेरै समय पनि बाँकी छैन, त्यसैले मेरो निरन्तरता हुनुपर्छ भन्ने हो, फेर्ने नै हो भने पार्टीले विधिसम्मत निर्णय गरोस्**
>
> **हिक्मतकुमार कार्की**
> मुख्यमन्त्री, कोशी प्रदेश

प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्ति गर्ने प्रावधान छ। उपधारा ३ मा त्यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्न नसके प्रदेशसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दल नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा ५ मा उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्न नसके उपधारा २ बमोजिमको कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भए प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने भनिएको छ। उपधारा ७ मा उपधारा ५ बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसके वा मुख्यमन्त्री नियुक्त हुन नसके मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेशसभालाई विघटन गरी ६ महिनाभित्र अर्को प्रदेशसभाको निर्वाचन हुने गरी मिति तोक्ने प्रावधान छ।

कोशीमा कांग्रेसका केदार कार्की २७ असोज २०८० मै उपधारा ५ बमोजिम मुख्यमन्त्री नियुक्त भएका थिए। तर ६ महिनामै अल्पमतमा परेपछि उपधारा ५ बमोजिम नै एमालेका हिक्मतकुमार कार्की मुख्यमन्त्री बनेका थिए। मुख्यमन्त्री कार्कीलाई हटाउँदा संविधानको धारा १६८ को उपधारा ७ आकर्षित हुन सक्ने भन्दै एमालेको एउटा पक्ष उनलाई नै निरन्तरता दिनुपर्ने पक्षमा छ।

मुख्यमन्त्री कार्की केही दिनयता काठमाडौंमै छन्। पार्टी अध्यक्ष ओलीसँग सम्बन्ध चिसिएको चर्चापछि उनी ओलीसँग निरन्तर छलफलमा रहेको उनीनिकट एक नेताले जानकारी दिए। एमालेका प्रमुख सचेतक रमेशकुमार बस्नेतले कोशी प्रदेशको राजनीतिक अवस्था पार्टी नेतृत्वको विशेष चासोको विषय बनेको जनाए। उनले संसदीय विभागको बैठकमा कोशीमा पटक-पटक दोहोरिएको अस्थिरता, सरकार गठनमा सभामुखसमेत विवादमा तानिएको अवस्था र मध्यावधि निर्वाचनसम्म पुग्न सक्ने जोखिमबारे नेतृत्वलाई जानकारी गराएको बताए।

९३ सदस्यीय प्रदेशसभामा हाल ९२ जना बहाल छन्। एमालेसँग ४० र नेकपासँग १७ सांसद रहेकाले गठबन्धनको स्पष्ट बहुमत बन्छ। कोशीमा पहिलो प्रदेशसभाको कार्यकालमा तीन र दोस्रो कार्यकालमा ६ वटा सरकार बनेका छन्। २०८० मा मात्रै पाँच पटक मुख्यमन्त्री फेरिए।

### बागमतीमा अझै अनिश्चित

१ सय ४ सदस्य रहेको बागमती प्रदेशसभामा सरकार बनाउन ५३ सदस्य चाहिन्छ। नेकपा र एमालेसँग ५१ सांसद छन्। एमालेकी अप्सरा चापागाईं उपसभामुख छन्। सभामुख पद रिक्त नरहेकाले उपसभामुखलाई मतदान गर्ने अधिकार छैन। एमाले र नेकपा १२ सिट भएको राप्रपा र २ सिट भएको हाम्रो नेपाली पार्टीको समर्थन जुटाउने कसरतमा छन्। राप्रपाको साथ लिन नसके उपसभामुख चापागाईंलाई राजीनामा गराएर हाम्रो नेपाली पार्टी (हानेपा) सहित बहुमत पुऱ्याउने रणनीतिमा एमाले र नेकपा छन्। हानेपा सरकारमा जान सकारात्मक देखिएको छ।

एमालेबाट मुख्यमन्त्रीका लागि अघि सारिएका जगनाथ थपलियाले राप्रपालाई गठबन्धन सरकारमा सहभागी गराउन छलफल भइरहेको बताए। 'राप्रपाले समर्थन गरे स्पष्ट बहुमत हुन्छ। बागमती प्रदेशसभा राप्रपा सरकारमा सहभागी हुन सकारात्मक छ,' उनले भने। नेकपाका सांसद सरल सहयात्री पौडेलले राप्रपा र हानेपालाई गठबन्धनमा ल्याएर बागमती सरकार बन्ने बताए। राप्रपा संसदीय दल नेता उद्धव थापाले पार्टी सरकारमा जान सक्ने बताए। 'राप्रपा सरकारमा जानै हुन्न भन्ने होइन। जान सक्छौं। अवस्थाअनुसार जनताको कुरा राख्नुपर्छ,' उनले भने, 'केन्द्रमा पार्टीले निर्णय नगरेकाले पर्खिरहेका छौं।'

हानेपाका शैलेन्द्रमान बज्राचार्यले एमाले र नेकपाको सरकार बन्ने अवस्थामा सकारात्मक भएको बताए। 'एमाले र नेकपासँग निरन्तर कुरा भइरहेको छ। तपाईंहरू चाँडो टुंगो गर्नुस्, कुरा मिल्यो भने हामी सरकारमा जान्छौं भनेका छौं,' उनले भने।

प्रदेशसभामा नेपाल मजदुर किसान पार्टीसँग तीन सिट छ तर नेमकिपाको सरकारमा जाने नीति छैन। 'हाम्रो पार्टी अहिलेसम्म सरकारमा गएको छैन। अब सरकारमा जाने नीति छैन,' नेपाल मजदुर किसान पार्टीका सांसद सुरेन्द्रराज गोसाईले भने, 'पार्टीको पहिलेकै नीतिअनुसार प्रखर प्रतिपक्षमा बस्ने हो।'

### सुदूरमा शाहको राजीनामा कहिले ?

एमाले र नेकपाले सुदूरपश्चिममा सरकार बनाउन कमलबहादुर शाहको राजीनामा पर्खिरहेका छन्। ३१ असारमा एमालेले समर्थन फिर्ता लिएपछि शाह अल्पमतमा परेका थिए। शाहले त्यही दिन एमालेका चार मन्त्री भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पाल, आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा र भौतिक पूर्वाधार विकास राज्यमन्त्री निर्मलादेवी साउदलाई बर्खास्त गरेका थिए।

नेकपाले संसदीय दल नेता खगराज भट्टलाई मुख्यमन्त्री बनाउने निर्णय गरेको छ। 'मुख्यमन्त्री शाहले राजीनामा दिनेबित्तिकै सरकार गठन हुन्छ,' भट्टले भने, 'हामी र एमालेमा समस्या छैन।' मुख्यमन्त्री शाहले आफैं मार्गप्रशस्त गर्ने अपेक्षा गठबन्धनले गरेको उनको भनाइ छ।

कांग्रेस प्रमुख सचेतक सरस्वती खड्काले मुख्यमन्त्री शाहका कारण नयाँ सरकार गठनमा अवरोध नभएको बताइन्। 'एमाले र नेकपाको स्पष्ट बहुमत छ। मुख्यमन्त्रीको दाबी गरे हुन्छ,' उनले भनिन्। ५२ सदस्यीय प्रदेशसभामा बहुमतका लागि २७ सदस्य आवश्यक पर्छ। प्रदेशसभामा नेकपाका २२, कांग्रेसका १८, एमालेका ११ र राप्रपाका १ सांसद छन्।



सम्पादकीय

# सफ्टवेयरका ‘सोर्स कोड’ सुरक्षामा प्राविधिक तथा कानुनी प्रबन्ध

पेसागत तथा व्यावसायिक प्रयोजनका लागि सफ्टवेयरको प्रयोग बढ्दो छ । प्रयोगकर्ताले सहजै प्रयोग गरिरहेका त्यस्ता सफ्टवेयर निर्माणका लागि सफ्टवेयर डेभलपरको मिहिनेत र कम्पनीको लगानी परेको हुन्छ । सफ्टवेयर निर्माणमा जटिल ‘सोर्स कोड’ प्रयोग गरिएका हुन्छन्, जसले सफ्टवेयरलाई विशिष्ट बनाउन र सुरक्षा दिलाउन भूमिका खेल्छन् । यस अर्थमा ‘सोर्स कोड’ कुनै पनि सफ्टवेयर कम्पनीको बौद्धिक सम्पत्ति पनि हो । तर पछिल्ला वर्षमा ‘सोर्स कोड’ चोरी भएका घटना बढ्दै गएका छन् । यसले सम्बन्धित सफ्टवेयर कम्पनीको व्यावसायिक विश्वसनीयता र आर्थिक नोक्सानीमा भूमिका खेलेको छ नै, प्रयोगकर्ताको डेटा सुरक्षामा पनि गम्भीर चिन्ता थपेको छ । नेपाली समाजमा सफ्टवेयरसँग सम्बन्धित अपराधबारे साक्षरताको अभाव रहेकाले न्याय प्राप्ति, पीडितप्रति समर्थन र ऐक्यबद्धता तथा बलियो कानुनबारेको वकालत पनि कमजोर छ । तसर्थ, सरकार तथा सरोकारवाला सबैले सफ्टवेयरको सुरक्षाका लागि बलियो कानुनी तथा प्राविधिक प्रबन्ध गर्न आवश्यक छ ।

आर्थिक वर्ष २०८२/८३ मा नेपाल प्रहरीको साइबर ब्युरोमा ‘सोर्स कोड’ वा कम्प्युटर स्रोत संकेत चोरी भएका १० वटा निवेदन परेका थिए । नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा पनि उजुरी पर्ने गरेका छन् । तीमध्ये केही न्यायिक प्रक्रियामा गएका छन् । साइबर ब्युरोमा पुगेका प्रायः उजुरीहरूमा ‘सोर्स कोड’ चोरी गर्नेहरू प्रायः कम्पनीकै भित्रिया वा पूर्वकर्मचारी हुने गरेका छन् ।

यस्ता घटनामा पहिलो कम्पनीको लगानी, मिहिनेत र ग्राहकको डेटा सुरक्षाको प्रश्न छँदै छ, दोस्रो कम्पनीका ग्राहकले पनि कमजोर र जुनसुकै बेला विच्छेद हुन सक्ने सुविधा लिनु परिरहेको हुन्छ । प्रत्यक्ष प्रभावका दृष्टिले ‘सोर्स कोड’ चोरी जति गम्भीर विषय छ, प्राविधिक रूपमा प्रमाणित गर्न उत्तिकै जटिल पनि छ । एकातिर ‘सोर्स कोड’ चोरीको घटनामा उजुरी बढ्दै जाने र अर्कोतर्फ त्यसलाई प्रमाणित गर्न कठिन हुने स्थितिले आगामी दिनमा यो समस्या थप जटिल हुने संकेत गर्छ । समस्या जटिल हुने अर्को सम्भावित कारण हो- चोरी गर्नेमाथिको कमजोर सजाय । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४ ले ‘सोर्स कोड’ चोरीलाई कसुर मानेको भए पनि सजायको व्यवस्था फितलो छ । तीन वर्षसम्मको कैद वा दुई लाख जरिवानाजस्ता सजायले यस किसिमको अपराधको गहिराइ नबुझेको आकलन गर्न सकिन्छ । यस्ता सजायले चोरीलाई निरुत्साहित पनि गर्न सक्दैन ।

बौद्धिक सम्पत्ति संरक्षणको पद्धति कमजोर हुँदा ‘सोर्स कोड’ चोरी मात्रै नभएर ज्ञान र सीपमा आधारित अर्थतन्त्र (नलेज इकोनमी) नै धराशायी हुन सक्छ । अर्कोतर्फ, लगानीकर्तालाई पनि निरुत्साहित बनाउँछ । त्यसैले सुरक्षाका दुई कोणबाट काम गर्न जरुरी छ । पहिलो, सुरक्षाका मापदण्ड । जोखिम न्यूनीकरणका लागि सफ्टवेयर कम्पनीहरूले प्राविधिक सुरक्षा मजबुत बनाउनुपर्ने आवश्यकता छ । खासगरी ‘सोर्स कोड’ चोरीमा कम्पनीकै भित्रिया र पूर्वकर्मचारी संलग्न हुने गरेको देखिएकाले कम्पनीमा कर्मचारी भर्ना गर्दा वा बिदाइको समयमा गोपनीयता सम्झौता र ‘इम्प्लोयमेन्ट ह्यान्डबुक’ अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता छ । मुख्यतः ‘सोर्स कोड’ को पहुँचमा कडाइ तथा सीमित पहुँच दिइनुपर्छ । सहजै कपी गर्न नसकिने गरी प्रणाली विकास गर्नुपर्छ । नियमित अडिट गर्ने पद्धति विकास गरिनुपर्छ । साथै, कर्मचारीलाई बौद्धिक सम्पत्तिको अर्थ, त्यसको सुरक्षा र दुरुपयोगका नैतिक तथा कानुनी पक्ष र परिणामबारे सचेत गराउनुपर्छ ।

दोस्रो, नेपालमा सफ्टवेयरको ‘सोर्स कोड’ चोरीका घटना प्रमाणित गर्न कठिन छ । नेपालको कानुनी क्षेत्र र न्यायपालिकाहरूमा सफ्टवेयरसँग सम्बन्धित अपराधबारे साक्षरताको कमी भएकाले अपेक्षित न्याय पाउन पनि कठिनाइ छ । कानुनमा पनि कमजोर सजायको व्यवस्था भएकाले अपराधको गहिराइअनुसारको सजाय हुन सकेको छैन । अर्कोतर्फ, अदालतले कसुरदार ठहऱ्याएका नजिर भए पनि क्षतिपूर्ति भराउने पाटो अझै चुनौतीपूर्ण नै छ । त्यसैले ‘सोर्स कोड’ चोरीको परीक्षण गर्नका लागि प्राविधिक क्षेत्रमा प्रशस्त लगानीको आवश्यक छ । साथै, सफ्टवेयरसँग सम्बन्धित अपराधका विषयमा साक्षरता बढाउनुपर्छ । त्यसका लागि विद्यालय तहदेखि नै पठनपाठन गर्नुपर्छ । शीघ्र अनुसन्धान, फैसला र अहिले उपलब्ध कानुनअनुसारको सजाय सुनिश्चित गरिनुपर्छ । कालान्तरमा भने सफ्टवेयर सुरक्षाको सन्दर्भमा बलियो कानुनी व्यवस्था गरिनुपर्छ । त्यसका लागि सरकार तथा संसद्ले गृहकार्य गर्नुपर्छ ।

# स्वयंलाई ‘बिचरा’ चित्रित गर्ने मनोविज्ञान



सन्जिब हुमागाईं

(हुमागाईं राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय सम्बन्ध सिद्धान्तका अध्येता हुन्)

धेरैभन्दा धेरै नागरिकले आफूलाई मूलधारको सदस्य भएको अनुभूति गर्ने समाज वा देश सानादेखि ठूलासम्मै समस्या समाधानमा अब्बल हुन्छन् । किनकि त्यहाँ हरेक महत्त्वपूर्ण मुद्दा ‘हाम्रा मुद्दा’ हुन्छन् । तर, बहुसंख्यकले आफूलाई मूलधारबाहिर रहेको अनुभूति गर्ने समाज वा राज्य स-साना समस्यामा पनि धर्मराउँछन् । किनकि, त्यहाँ प्रायः ठूला मुद्दा हाम्रो नभई अरूका हुन्छन् । प्रायः नागरिक सुरुमा दर्शक हुन्छन् । मुद्दाको व्यवस्थापन वा समाधानको सामूहिक प्रयत्नभन्दा प्रतिक्रियामा नै आफूलाई सीमित गर्नु सान्दर्भिक ठान्छन् । तर यो उनीहरूको दोष होइन । व्यक्ति, समाज र राज्यको राजनीतिक सम्बन्धमा रहेको कैफियतले सिर्जना गरेको प्राकृतिक समस्या हो ।

सूचना प्रणाली र यातायात पूर्वाधार कमजोर भएको युगमा ‘राष्ट्रियता’ को नाममा सत्ताले आमसञ्चार वा शिक्षाका माध्यममार्फत धेरैभन्दा धेरै नागरिकबीचको समानताको भाष्य निर्माण गर्दै प्रायः सबै नागरिकलाई केही सीमित मुद्दामा गोलबद्ध गर्न सफल हुन्थे । तर आज हामी अर्कै युगमा बाँचिरहेका छौं । एकातर्फ, सूचनाको भेलका बीच खासमा कुन सूचना सही र कुन गलत भनेर छुट्याउन कठिन भएको छ । हरेक नागरिक फरक-फरक सूचनालाई सही मानेर राजनीतिक र सामाजिक संवाद गर्छन् । अलि फरक प्रसंग होला, जबसम्म राज्यले नागरिकसँग हरेक क्षेत्रका बारेमा प्रत्यक्ष र नियमित संवाद गर्दैन, गलत सूचनाको बिगबिगी यथावत् रहने मात्रै होइन, नागरिकबीचको फाटोले पनि निरन्तरता पाउँछ । किनकि उनीहरूसँग फरक सूचना रहेकाले फरक धारणा निर्माण हुन्छ । फरक सूचनाको स्रोतमा आधारित फरक धारणालाई एकै स्थानमा ल्याउने काम धेरै महँगो र लगभग असम्भव हुन्छ ।

अर्कोतर्फ, आमनागरिकले आफ्नो व्यक्तिगत एवं सामाजिक जीवनलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने, त्यसका बारेमा प्राप्त प्रतिक्रिया नै सामाजिक प्रतिष्ठाको एक प्रमुख आधार बनाउने गर्दा एकअर्काबीचको प्रतिस्पर्धाको आधार नै फेरिएको छ । सामाजिक सञ्जालमा जे विषय ‘भाइरल’ भयो, त्यसैमा आधारित भएर आफूलाई अरू सबैसँग तुलना गर्ने गरेको देखिन्छ । हिजो समाजमा भौतिक रूपमा सँगै प्रतिस्पर्धा गर्दा अनुहार हेरेर पनि एकअर्का र समाजप्रति कस्तो धारणा छ भन्ने बुझ्न सहज थियो, तर अब अहिले नदेखिने ठाउँमा बसेर गरिने प्रतिस्पर्धाको अवस्था आकलन गर्न नै कठिन भएको छ । यस्तो निरन्तर अभ्यास, हाम्रो समाजमा नागरिक के विषयमा कसरी प्रतिस्पर्धा गर्दै छन् भन्ने तथ्यांकको अभाव र सामाजिक एवं राजनीतिक चासो कम हुँदा हामी ‘असीमित प्रतिस्पर्धा’ को युगमा प्रवेश गरेका छौं । यस्तो प्रतिस्पर्धा र त्यसको सिलसिलामा प्रयोग हुने भाषा र भाष्यका कारण प्रयोगकर्ता नागरिक मात्रै थाकेका छैनन्, सिंगो समाज नै थाकेको छ । र, यसको केन्द्रबिन्दुमा पुसको डढेलोझैं सल्किँदै गरेको सापेक्ष वञ्चितिको मनोविज्ञान रहेको छ ।

### के हो सापेक्ष वञ्चिति ?

अन्य व्यक्ति वा समूहसँग आफ्नो अवस्था तुलना गर्दा आफू मूल्य, हैसियत, भूमिका वा अवसरका दृष्टिले पछाडि परेको तथा आफूले न्यायोचित रूपमा प्राप्त गर्नुपर्ने स्रोत, सुविधा वा अवसरबाट अनुचित रूपमा वञ्चित भएको अनुभूति गर्ने सामाजिक-मनोवैज्ञानिक अवस्थालाई ‘सापेक्ष वञ्चिति’ भनिन्छ । समाजशास्त्री स्यामुएल ए. स्टाउफरले सन् १९४९ मा लेखेको पुस्तक ‘द अमेरिकन सोल्जर’ मा मानिसको सन्तुष्टि वा असन्तुष्टि कुनै वस्तुगत अवस्था वा निरपेक्ष मापदण्डले निर्धारण गर्नेभन्दा पनि वरपरका मानिससँग तुलना गर्दा आफूले कस्तो अनुभूति गर्छु भन्ने सन्दर्भले त्यसलाई बढी प्रभावित पार्ने तर्क पेस गरेका छन् । अर्थात् मानिसले आफू समाजको श्रेष्ठताबोध भएको नागरिक हुँ कि वञ्चितिको भावनाले विक्षिप्त छु भन्ने विषय निरपेक्ष नभई सापेक्ष हुन्छ भन्ने तर्क उनले गरेका थिए ।

यहाँ दुई विषयमा प्रस्ट हुनु आवश्यक छ । पहिलो, सापेक्ष वञ्चिति वस्तुगत असमानतासँग सम्बन्धित भए पनि यसको केन्द्रबिन्दु वस्तुगत असमानता नभई व्यक्तिले अनुभव गर्ने तुलनात्मक वञ्चितिको अनुभूति हुन्छ । अर्थात्, यो एक सामाजिक तुलनाको अवस्था हो, जहाँ वस्तुगत अवस्थाभन्दा पनि भावनात्मक र सम्बन्धात्मक आधारहरूमा निश्चित मापदण्डबिना नै एकले अर्कोसँग तुलना गर्ने गरिन्छ । तर पनि सापेक्ष वञ्चिति अनुभूति गरिरहेका व्यक्तिबीच साझा विषय हो- ‘म अनुचित विभेदको कारणले गर्दा फरक अर्थ सामाजिक अवस्थामा छु’ भन्ने अनुभूति । दोस्रो, तुलना बिनाको समाजको परिकल्पना कठिन हुन्छ तर सापेक्ष वञ्चिति व्याप्त समाजमा एकातर्फ तुलनाको केन्द्रबिन्दु ‘म’ नभएर ‘अरू’ हुन्छन् भने अर्कोतर्फ आफूसँग कुनै पनि कोणबाट असम्बन्धित व्यक्तिसँग पनि तुलना गर्ने गरिन्छ । यस्तो तुलनाले निरन्तरता पाउँदा नागरिकले आफूले अरूको भन्दा कम अवसर प्राप्त गरेको र त्यस्तो अवस्था प्राकृतिक नभएको अनुभूति गर्दै जान्छन् । फेरि एक पटक जोड गरौं, यसमा नागरिकको व्यक्तिगत रूपमा कुनै दोष छैन ।

जान, अन्जान, चाहेर वा नचाहेर हामीले लामो समयदेखि सापेक्ष वञ्चितिको भाषा र भाष्यलाई हाम्रो समाजमा सामान्यीकृत गर्दै आएका छौं । राज्यका महत्त्वपूर्ण बैठकदेखि सामान्य चिया गफसम्म ‘आफूलाई बिचरा’ चित्रित गर्ने शब्दावलीको प्रयोग डरलाग्दो रूपमा बढेको छ । आफूलाई निरन्तर पीडितका रूपमा प्रस्तुत गर्ने यस्तो भाष्यले व्यक्तिलाई मात्र होइन, समग्र समाजलाई नै थकित, शिथिल र प्रतिक्रियामुखी बनाउँदै लगेको छ । यस्तो सामाजिक थकान र शिथिलताबाट बाहिर निस्कन समाजलाई नयाँ ऊर्जा आवश्यक छ । त्यसका लागि सापेक्ष वञ्चितिको भावना किन र कसरी निर्माण भइरहेको छ भन्ने विषयको वस्तुगत पहिचान तथा त्यसलाई न्यूनीकरण गर्ने राजनीतिक, सामाजिक र आर्थिक उपायहरूको खोजी नै पहिलो प्रस्थानबिन्दु हो । यो विषयको गहिराइ र जटिलतालाई एउटा आलेखले समेट्न सक्दैन । त्यसैले, सापेक्ष वञ्चितिबारे अब छिटपुट बहसभन्दा पनि प्रमाणमा आधारित, समावेशी र गम्भीर राष्ट्रिय संवादको आवश्यकता छ ।



तस्बिर : कान्तिपुर

> राज्यका महत्त्वपूर्ण बैठकदेखि सामान्य चिया गफसम्म ‘आफूलाई बिचरा’ चित्रित गर्ने शब्दावलीको प्रयोग डरलाग्दो रूपमा बढेको छ । आफूलाई निरन्तर पीडितका रूपमा प्रस्तुत गर्ने यस्तो भाष्यले व्यक्तिलाई मात्र होइन, समग्र समाजलाई नै थकित, शिथिल र प्रतिक्रियामुखी बनाउँदै लगेको छ । यस्तो सामाजिक थकान र शिथिलताबाट बाहिर निस्कन समाजलाई नयाँ ऊर्जा आवश्यक छ ।

### सफलता र अनौपचारिकताको जालो

फे क्रस्बीले सन् १९८२ मा लेखेको पुस्तक ‘रिलेटिभ डिप्रिभेसन एन्ड वर्किङ विमेन’ का अनुसार गुनासो, असन्तुष्टि, आक्रोश, क्रोध र निराशा जस्ता नकारात्मक भावनाका कारण सापेक्ष वञ्चितिको भावना सिर्जना हुन्छ । यसर्थ, हाम्रो समाजका के कस्ता गुनासा, असन्तुष्टि, आक्रोश, क्रोध र निराशा सापेक्ष वञ्चितिको भावना वृद्धिसँग जोडिएका छन् भन्ने प्रश्नमा हामी सबैको ध्यान जानु आवश्यक छ । मूलतः दुई प्रमुख विषयमा केन्द्रित रहेर छलफल गर्दा हाल हाम्राअगाडि व्याप्त रहेको सापेक्ष वञ्चितिको बुझाइ प्रस्ट पार्न सहयोगी होला ।

यसको सुरुवात नेपाली समाजमा धेरै भाषामा र आयामबाट गरिने एउटा प्रश्नसँगै गर्दा उपयुक्त होला- के नेपाली समाजमा मिहिनेत गर्ने व्यक्ति नै सफल हुन्छन् ? झट्ट सुन्दा सामान्य लाग्ने यो प्रश्न आफैंमा ठूलो दार्शनिक एवं सैद्धान्तिक प्रश्न हो । यो प्रश्नको उत्तर नै नागरिकको मनोविज्ञान तथा हाम्रो समाज र राज्यको चरित्रलाई बुझ्ने प्रमुख सूत्र पनि हो ।

यो गहन प्रश्नलाई विविध कोणबाट समालोचना गर्न आवश्यक हुन्छ । नेपाली समाज मूलतः प्रक्रियामा आधारित समाज नै हो । ठूलाले सानालाई ज्ञानी बन्नु, मिहिनेती बन्नु जस्ता अर्ति उपदेश र आशीर्वाद दिनु र सानाले त्यसलाई ग्रहण गर्नु हाम्रो समाजको खास चरित्र हो । अहिले, त्यस्ता आधारहरू कता-कता धर्मराउन थालेको भान हुन्छ । सफल हुनका लागि मिहिनेत वा परिश्रमभन्दा पनि चिनजान, भनसुन, लप्पनछप्पन, हाटहुट आदि निर्णायक हुँदै गएको बुझ्ने सामाजिक मनोविज्ञान बलियो हुँदै गएको छ । विगत दुई-तीन दशक किन यस्तै-यस्तै चरित्र भएका कमेडी क्यारेक्टरहरू जस्तै- हरिबहादुर, बल्छी धुर्बे, धुर्मुस- आदिको लोकप्रियताले पनि हाम्रो समाजको चरित्रका बारेमा धेरै संकेत गरिरहेका छन् ।

सफल हुन मिहिनेत वा परिश्रम मात्रै पर्याप्त छैन भन्ने सामाजिक मनोविज्ञानले सफल भएका व्यक्तिहरू गलत बाटोबाट मात्रै सफल भएका दोषी पात्रका रूपमा हेर्न र बुझ्न सुरु भयो । एकातर्फ यसले समाजप्रतिको असन्तुष्टि र वितृष्णा वृद्धि गऱ्यो भने अर्कोतर्फ समाजका सदस्यबीचमा विश्वास घटाउने काम पनि गऱ्यो । र, सबैभन्दा निर्णायक विषय भनेको जसरी पनि सफल हुनुपर्छ भन्ने नतिजाकेन्द्रित सिद्धान्त उच्च लोकप्रिय मात्रै रहेन, सफल वा असफल हुने विषयको जिम्मेवारी पनि नितान्त व्यक्तिमा निहित रहेको तर्क गर्ने विचार, दर्शन वा सिद्धान्तले हाम्रो समाज र सिंगो राज्यलाई बन्धक नै बनायो । एक जना नागरिकले एक्लै जसरी पनि सफल हुनुपर्ने सामाजिक मनोविज्ञानभित्र नागरिकको समाज, समाजका अन्य सदस्य र राज्यप्रतिको असन्तुष्टि वृद्धि हुनु कुनै नौलो विषय नै भएन । यस्तै सामाजिक मनोविज्ञान र सम्बन्धका बीच सापेक्ष वञ्चितिको भावना वृद्धि हुँदै गएको छ ।

निश्चय नै, यस्ता सामाजिक मनोविज्ञानहरू तथ्यमा आधारित नभएको हुन सक्छ, सामाजिक सञ्जाल धेरै प्रयोग गर्दा असम्बन्धित व्यक्ति वा विषयसँग पनि आफूलाई तुलना गरेर हीनताबोधको भावना बढेको हुन सक्छ, विदेशमा बसेका नेपालीले आफू बस्ने देश र समाज तथा नेपाली समाजको फरक अवस्थाका बारेमा गरेका व्याख्याहरूबाट सिर्जना भएको असन्तुष्टि पनि हुन सक्छ, नागरिकको अपेक्षामा आएको वृद्धि र भौतिक विलासिताको जीवनप्रतिको लोभको नतिजा पनि हुन सक्छ, आर्थिक प्रणाली (सेवा वा सेयर बजार जस्तै भर्चुअल विधिबाट घरैमा बसेर लगानी गरेर आय आर्जन गर्ने) मा आएको रूपान्तरणलाई नबुझेर सिर्जित सामाजिक मनोविज्ञानको अवस्था पनि हुन सक्छ । कारण जे हुन्, मिहिनेत र परिश्रम गर्ने व्यक्ति सोही क्षेत्रमा कम मिहिनेत र परिश्रम गर्नेभन्दा धेरै सफल हुने अर्थ-सामाजिक एवं राजनीतिक प्रणालीमा सुधारको आमअनुभूतिको भाष्य सिर्जना नहुँदासम्म सापेक्ष वञ्चितिको भावनाका कारण आफूलाई व्यक्तिगत रूपमा अल्पसंख्यकमा राखेर समाज र राज्यसँगको सम्बन्धलाई बुझ्ने, व्याख्या गर्ने र आफ्नो भूमिका निर्धारण गर्ने नागरिकलाई मूलधारमा ल्याउने काम धेरै कठिन छ ।

दोस्रो, सफलताको सूत्रसँग पनि सम्बन्धित रहेको र सापेक्ष वञ्चितिलाई प्रोत्साहन गरिरहेको अर्को जटिल विषय हो- समाजका हरेक क्षेत्रमा व्याप्त रहेको ‘अनौपचारिकता’ । गाउँघरका चियापसल, चौतारीदेखि महत्त्वपूर्ण कार्यालयसम्म अनौपचारिक सम्बोधन र भाषाको प्रयोग हुन्छ । जस्तै- ‘ओं सोल्टी !’, ‘दाइले पठाउनुभएको थियो !’, ‘त्यो अस्ति फोनमा भनिदिनुभएको थियो नि !’ कुनै अड्डामा छिर्दा सरोकारवालाबीच प्रयोग भइरहेको भाषा मात्रै सुनेर उनीहरू पदीय सम्बन्ध ठम्याउन कठिन हुने अवस्था अक्सर परिरहने गर्छ । व्यक्तिगत जीवन र समाजमा मात्रै सीमित हुनुपर्ने अनौपचारिक सम्बन्ध सार्वजनिक जीवन र कार्यालयसम्मै घुसपैठ भएपश्चात् त्यस्तो अनौपचारिक सम्बन्धको आधार नभएकाहरूले आफूलाई वञ्चित भएको अनुभूति गर्नु स्वाभाविक हुन्छ ।

एकातर्फ यस्तो अवस्थाले समाजका हरेक क्षेत्रमा पदमा रहेका व्यक्तिप्रतिको सम्मान र विश्वासमा कमी आएको छ । खासमा कसैले पनि आफ्नो पदीय अधिकार निर्बाध प्रयोग गर्न नसक्ने सामाजिक अवस्था सिर्जना हुने त होइन भन्ने खतरा वृद्धि भएको छ । अर्थात्, हामी प्राधिकारको संकटको युगमा प्रवेश गर्ने त होइन ? भन्ने अवस्था सिर्जना भएको छ । अर्कोतर्फ, आफूलाई अनौपचारिक सञ्जालभित्र नदेख्ने वा नभेट्ने जोकोहीले पनि त्यस्तो सञ्जाल निर्माण गर्नमा धेरै समय र शक्ति खर्च गर्ने तर मूल काम जस्तै- अध्ययन वा कार्यालयको काममा कम ध्यान दिने/दिनुपर्ने अवस्था आउन सक्ने भयो । यस्तो मनोवैज्ञानिक अवस्थाकै कारण हाम्रो समाजको उत्पादकत्वमा नै जटिलता सिर्जना हुन सुरु भएको छ ।

अन्त्यमा, सापेक्ष वञ्चितिलाई व्यक्तिको समस्या नसोचौं । यो सामाजिक, आर्थिक र राजनीतिक कारणहरूको सम्मिश्रित मनोवैज्ञानिक अवस्था हो । सापेक्ष वञ्चितिको अवस्था क्षेत्र, भूगोल र समुदाय अनुसार फरक पनि हुन सक्छ । तर एउटा अकाट्य सत्य के हो भने यदि हामी आर्थिक, सामाजिक र राजनीतिक विकास चाहन्छौं भने बहुसंख्यक नागरिकले आफूलाई राज्यको मूलधारमा रहेको प्रभावकारी र जिम्मेवार नागरिक अनुभूति गर्ने वातावरण सिर्जना हुनैपर्छ । त्यसतर्फ जानुको सट्टा कसरी सापेक्ष वञ्चितिको भावनामा थप मलजल हुँदै छ, त्यसमाथि सघन संवाद आवश्यक छ । त्यसमा जति ढिलाइ गर्छौं, त्यति नै महँगो मूल्य पनि चुकाउनुपर्ने हुन्छ । र, यो राजनीति काम हो । सरकार मात्रै होइन, सिंगो राज्य र नागरिक समाजको हातेमालो आवश्यक पर्ने राष्ट्रिय विषय हो ।

# शासकीय स्वरूप : परिवर्तन कि सुधार ?



रसिस हरि भण्डारी

(भण्डारी कानुन व्यवसायी हुन्)

संविधान नेपालको मूल कानुन हो । र, संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने कुरा संविधानकै पहिलो धारामा स्पष्ट पारिएको छ । नेपालमा विधायिकाले जे-जति कानुन बनाउँछन्, ती सबै संविधानको मर्मअनुरूप नै हुनुपर्छ ।

अस्ट्रियाली विद्वान् हान्स केल्सनका अनुसार, कानुनलाई ‘ग्रन्डनर्म’ भन्ने एउटा आधारभूत मानकले वैधता दिन्छ, जुन अन्य सबै मान्यताभन्दा माथि हुन्छ । हाम्रो कानुनी व्यवस्थाबमोजिम संविधान नै हाम्रो ‘ग्रन्डनर्म’ हो । नेपालमा कस्तो शासन व्यवस्था रहने ? कानुन कसले कसरी बनाउने ? जस्ता व्यवस्था संविधानमबोजिम नै हुन्छ ।

नेपालको पहिलो संविधान २००५ माघ १३ मा तत्कालीन प्रधानमन्त्री पद्मशमशेरले जारी गर्न खोजेको ‘नेपाल सरकार वैधानिक कानुन- २००४’ हो, जुन लागू हुन सकेन । त्यसयता हामीले हाल कायम रहेको ‘नेपालको संविधान’ गरी ७ वटा संविधान जारी गरिसकेका छौं । समयानुकूल सुधारका लागि संविधानमा केही संशोधन गरिने विषय सामान्य हो । तर, यति छोटो समयमै यति धेरै संविधान परिवर्तन हुनु सामान्य होइन । देशमा हालै भएका घटनाक्रमपश्चात् वर्तमान संविधान पनि खारेजसहित नयाँ संविधान निर्माण गर्ने कि यसमा आवश्यक संशोधन ? यो विषय बहसमा आए पनि यसमा भएका कमीकमजोरी सुधारेर जानुपर्छ भन्ने विषयमा सरोकारवालाको दुईमत देखिँदैन । सरकारले नै संविधान संशोधन बहसपत्र निर्माणका लागि भनी कार्यदल बनाएको विषयले पनि यसलाई पुष्टि गर्छ । यद्यपि कार्यदलले पुनर्लेखनकै झल्को दिने गरी संविधानको ८० प्रतिशत धाराहरूमा संशोधन गर्नुपर्ने सुझाव दिएपछि संविधान संशोधनको विषय झन् अन्योलमा परेको छ ।

संविधान संशोधनको विषय बहसमा आइरहँदा शासकीय स्वरूपको कुरा सबैभन्दा धेरै चर्चा हुनेमध्येको एक हो । ‘संविधान संशोधन बहसपत्र निर्माण कार्यदल’ ले पनि संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्था हुनुपर्ने सुझाव सरकारलाई दिएको छ । मुलुकलाई प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्थामा लैजाने कि हाल कायम रहेको संसदीय व्यवस्थामै आवश्यक सुधार गरी अघि बढाउने ? यो बहस सञ्जालदेखि सडकसम्मै देख्न-सुन्न सकिन्छ । यी दुवै व्यवस्थाका आ-आफ्नै गुण, दोष छन् । अहिले संयुक्त राज्य अमेरिकाजस्तो विकसित मुलुकलाई हेरेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा जानु हाम्रा लागि घातक हुन सक्छ । संसदीय व्यवस्थाका केही कमीकमजोरी छन्, जुन हामीले भोगिरहेकै छौं । तर, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्थामा पनि यथेष्ट दोष नभएका होइनन् ।

आज लोकतन्त्र मासिने सम्भावना सेनाका अधिकारीबाट भन्दा जनमतले निर्वाचित राष्ट्रपति र प्रधानमन्त्रीबाट बढी छ भन्ने विषय हार्भर्ड विश्वविद्यालयका प्राध्यापकद्वय स्टेभेन लेभिट्सकी र डेनियल जिब्लाटले आफ्नो पुस्तक ‘हाउ डेमोक्रेसिज डाई’ मा स्पष्ट भनेका छन् ।

एक्काइसौं शताब्दीमा पूर्ण रूपमा तानाशाही शासन व्यवस्थामा परिणत भएका लोकतान्त्रिक मुलुकका प्रमुखहरू जनमतबाट प्रत्यक्ष निर्वाचित भई आएकाहरू नै हुन् । चाहे सन् १९९४ मा लोकतान्त्रिक प्रक्रियाबाटै प्रत्यक्ष निर्वाचित बेलारुसका एलेज्यान्डर लुकासेन्को हुन् वा सन् १९९८ मा प्रत्यक्ष निर्वाचित भेनेजुएलाका ह्युगो चाभेज- दुवैले जनमतको आडमा लोकतान्त्रिक संस्था भत्काउँदै आफ्नो मुलुकलाई तानाशाहीमा धकेले । यी मुलुकमा आजसम्म पनि लोकतन्त्रको पुनर्बहाली हुन सकेको छैन ।

हंगेरी र टर्कीजस्ता संसदीय व्यवस्था भएका मुलुकमा पनि यी प्रयास भएका थिए । तर, सुरुमा सफल हुन सकेका थिएनन् किनभने संसदीय व्यवस्थामा सरकारलाई खबरदारी गर्ने धेरै संस्था हुन्छन् र लोकतन्त्र खारेज गर्ने सरकारी कदमविरुद्ध समयमै संसद्ले नियन्त्रण गर्न सक्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुँदा भने संसद्को सरकारमाथि नियन्त्रण गर्न सक्ने क्षमता तुलनात्मक रूपमा कमजोर हुन्छ । बेलायतका पूर्वसांसद लर्ड एक्टनका अनुसार, शक्तिले मानिसलाई भ्रष्ट पार्ने प्रवृत्ति राख्छ र अनियन्त्रित शक्तिले मानिसलाई पूर्ण रूपमा भ्रष्ट बनाउँछ ।



फाइल तस्बिर : कान्तिपुर

> लोकतन्त्र तब मात्रै बलियो बन्छ, जब राज्यले शासन व्यवस्थाका कमीकमजोरी सुधारी व्यवस्था परिपक्व बनाउँछ । संसदीय व्यवस्थाको दोष केलाउँदै हामीले यसलाई हटाएर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्था लागू गर्दा भोलि त्यस व्यवस्थामा पनि कमजोरी देखिए के गर्ने ?

### सन् २०१७ मा मात्रै संसदीय लोकतन्त्रबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख

(राष्ट्रपतीय प्रणाली) मा रूपान्तरण भएको टर्कीको तथ्यांक हेर्ने हो भने हामी थप प्रस्ट हुन सक्छौं । विश्वका सबै मुलुकको लोकतन्त्र विश्लेषण गर्ने स्वीडेनको गोथेनबर्ग विश्वविद्यालयमा रहेको भि-डेम संस्थाको प्रतिवेदन अनुसार, टर्कीमा संसदीय व्यवस्था रहँदासम्म उसले ०.६६ अनुक्रमणिका प्राप्त गरेको थियो भने हाल प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्था आएपछि उक्त अनुक्रमणिका ०.२८ मा झरेको छ । यसैगरी ट्रान्सप्यारेन्सी इन्टरनेसनलको प्रतिवेदनबमोजिम टर्कीमा संसदीय लोकतन्त्र रहँदाको अन्तिम वर्ष सन् २०१७ मा विश्वको भ्रष्टाचार सूचकांकमा ४० अंकका साथ ८१ औं स्थानमा रहेको थियो भने हाल २०२५ को प्रतिवेदनमा ३१ अंकका साथ १२४ औं स्थानमा झरेको छ ।

मुलुकको सामाजिक र आर्थिक उन्नयनका लागि लोकतन्त्र बलियो हुनु आवश्यक छ । लोकतन्त्र बलियो तब मात्रै बन्छ, जब राज्यले शासन व्यवस्थामा रहेका कमीकमजोरी सुधारेर व्यवस्थालाई परिपक्व बनाउँदै लैजान्छ । आज संसदीय व्यवस्थाको दोष केलाउँदै हामीले यसलाई हटाएर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्था लागू गऱ्यौं भने भोलिका दिनमा त्यो व्यवस्थामा पनि कमजोरी देखिएको अवस्थामा के गर्ने ? यसकारण हामीले संसदीय व्यवस्थामै आवश्यक सुधार गरेर जानुपर्छ ।

हाम्रो मुलुकलाई स्थिर सरकार दिन नसकेकाले नै संसदीय व्यवस्थाको सबैभन्दा धेरै आलोचना भएको हो । संविधानको धारा ७६ बमोजिम प्रतिनिधिसभाका बहुमत सदस्यको समर्थन पाउने सदस्य प्रधानमन्त्री नियुक्त हुन्छ तर त्यसो हुँदा सरकारले धेरै अस्थिरताको सामना गर्नु परिरहेको छ । संविधानको भाग ८ मा व्यवस्था भएबमोजिम हाल प्रतिनिधिसभामा १६५ (६० प्रतिशत) सदस्य सम्बन्धित निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणालीबाट चुनिएर आउँछन् भने ११० (४० प्रतिशत) सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । यो निर्वाचन प्रणाली हुँदा कुनै एक दलको बहुमत आउने सम्भावना तुलनात्मक रूपमा कम हुन्छ । अहिले अपवाद देखिए पनि कुनै न कुनै दलप्रति हरेक निर्वाचनमा यस्तै अद्वितीय माहोल भइराख्छ भनी कल्पना गर्नु गलत हुनेछ । त्यसकारण हालको निर्वाचन प्रणालीमा हेरफेर गरेर सबै सभासद आफ्नो निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित भएरै आउनुपर्ने व्यवस्था उचित हुन्छ । आरक्षित निर्वाचन क्षेत्रहरूको छुट्टै व्यवस्था गरेर संसद्मा समानुपातिक सहभागिता पनि प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत नै सुनिश्चित गराउन सकिन्छ ।

२००७ मा प्रजातन्त्र प्राप्तिदेखि आजसम्म हामीले धेरै संविधान फेरिसक्यौं तर राजनीतिक स्थिरता पाउन सकेका छैनौं । राजनीति स्थिर नहुँदा न व्यवस्थाले निरन्तरता पाएको छ, न लोकतन्त्र संस्थागत बन्न सकेको छ । स्थिरताको अपेक्षा राख्दै शासकीय स्वरूप परिवर्तनको विषय बहसमा आए पनि हाम्रो मुलुकका लागि हालैको व्यवस्थामा आवश्यक सुधार गरी अघि बढ्नु हितकर छ ।

संविधान कार्यान्वयनको झन्डै एक दशक बितिसक्दा हाम्रो संविधान र राज्य व्यवस्थामा भएका कमीकमजोरीबारे हामी जानकार भइसकेका छौं । अबको हाम्रो ध्येय शासकीय स्वरूपको आमूल परिवर्तन नभई आवश्यक संरचनागत सुधार हुनुपर्छ । अनि मात्रै हाम्रो व्यवस्था परिपक्व बन्न सक्छ । परिपक्व राज्य व्यवस्था नै सुदृढ लोकतन्त्रको मुख्य आधार हो ।

# द्वन्द्व बढाउने डिजिटल झिल्को



पशुपति राय

(अधिवक्ता राय साइबर सुरक्षा तथा साइबर अपराध विज्ञ हुन्)



तस्बिर : एआई निर्मित

कुनै समय चोकका चियापसल, चौतारी र सार्वजनिक भेलामा सीमित भलाकुसारी, होहल्ला र उत्तेजना आज सामाजिक सञ्जालका डिजिटल पर्दामा सरेका छन् । अब साम्प्रदायिक वा राजनीतिक तनाव सडकमा होइन, मोबाइलको स्क्रिनमा जन्मिन सक्छ ।

केही वर्षअघि दंगा भन्नासाथ हाम्रो आँखामा सडकमा उत्रिएको भीड, ढुंगामुढा, आगजनी तथा प्रहरी र प्रदर्शनकारीबीचको झडपको दृश्य आउँथ्यो । तर, आजको वास्तविकता बदलिएको छ । कुनै समय चोकका चियापसल, चौतारी र सार्वजनिक भेलामा सीमित भलाकुसारी, होहल्ला र उत्तेजना आज सामाजिक सञ्जालका डिजिटल पर्दामा सरेका छन् । अब साम्प्रदायिक वा राजनीतिक तनाव सडकमा होइन, मोबाइलको स्क्रिनमा जन्मिन सक्छ । एउटा भ्रामक पोस्ट, सम्पादन गरिएको भिडियो, लाइभ वा एआईबाट निर्मित नक्कली सामग्रीले केही घण्टामै हजारौं मानिसमा तीव्र आक्रोश र उत्तेजना उत्पन्न गर्न सक्छ । यसले वर्षौंदेखि मनभित्रै गुम्सिएको साम्प्रदायिक, धार्मिक वा राजनीतिक अविश्वास उक्साउँदै सडकमा हिंसा सल्काउने झिल्कोको काम गर्न सक्छ ।

यो परिवर्तन संयोग मात्रै होइन । पछिल्ला दशकमा विश्वभर भएका धार्मिक तथा राजनीतिक हिंसाका घटनाको विश्लेषण गर्दा एउटा साझा प्रवृत्ति देखिन्छ । डिजिटल प्लेटफर्म अब सूचना आदानप्रदानका माध्यम मात्रै रहेनन् । तिनले जनमत निर्माण, पहिचानको राजनीति, भ्रामक सूचना प्रवाह तथा भीड परिचालनका सबैभन्दा प्रभावकारी माध्यमका रूपमा आफूलाई स्थापित गरिसकेका छन् । त्यसैले आज राष्ट्रिय सुरक्षा, लोकतन्त्र र सामाजिक सद्भावको बहसमा सामाजिक सञ्जाललाई केन्द्रमै राख्नुपर्ने भएको छ ।

प्रयोगकर्ताका लागि निःशुल्क देखिने सामाजिक सञ्जाल खर्बौं डलरको व्यापारिक संरचना पनि हो, जसको व्यावसायिक मोडेल प्रयोगकर्ताको ध्यान लामो समयसम्म आफ्नो प्लेटफर्ममा टिकाइराख्नमा आधारित छ । मानिस जति धेरै समय स्क्रिनमा बिताउँछ, त्यति नै धेरै विज्ञापन देखाइन्छ र त्यति नै धेरै आम्दानी हुन्छ । त्यसैले त्यहाँ सत्यभन्दा ध्यान आकर्षित गर्ने सामग्रीको मूल्य बढी हुन्छ । एल्गोरिदमको उद्देश्य सत्य खोज्नु होइन, प्रयोगकर्ताको ध्यानलाई सकेसम्म लामो समय आफ्नो प्लेटफर्ममा टिकाइराख्नु हो ।

म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी 'एमआईटी'का अनुसन्धानकर्ता सोरुस वोसुघी र उनको टोलीले प्रतिष्ठित 'साइन्स' पत्रिकामा प्रकाशित गरेको एक अध्ययनले सामाजिक सञ्जालमा भ्रामक तथा झूटा समाचार साँचो समाचारभन्दा धेरै छिटो, व्यापक र गहिरोसँग फैलिने देखाएको छ । यसको कारण प्रविधि मात्रै होइन, मानवीय मनोविज्ञान पनि हो । शान्त र तथ्यपरक सूचनाभन्दा भय, आश्चर्य वा आक्रोश उत्पन्न गर्ने सामग्रीतर्फ मानिस स्वाभाविक रूपमा बढी आकर्षित हुन्छ । यही मानवीय प्रवृत्तिलाई सामाजिक सञ्जालका एल्गोरिदमले थप तीव्र बनाइदिन्छन् ।

आज सामाजिक सञ्जाल सूचना आदानप्रदानको माध्यममा मात्रै सीमित छैन, धेरै अवस्थामा यो साम्प्रदायिक, धार्मिक र राजनीतिक दंगाको सञ्चालन गर्ने प्रभावशाली डिजिटल औजारका रूपमा प्रयोग भइरहेको छ । एउटै प्लेटफर्मबाट अफवाह फैलाइन्छ, घृणायुक्त भाष्य निर्माण गरिन्छ, भीड परिचालन गरिन्छ, घटनालाई प्रत्यक्ष प्रसारण गरिन्छ र त्यसलाई उचित ठहर गर्ने नयाँ भाष्यसमेत सिर्जना गरिन्छ । यसरी सामाजिक सञ्जाल दंगाको कारण मात्रै होइन, त्यसको योजना, विस्तार र वैधीकरणसम्मको सम्पूर्ण चक्रमा प्रयोग हुने प्रभावशाली माध्यम बनेको छ ।

सामाजिक सञ्जालको अर्को कम चर्चा हुने, तर अत्यन्त गम्भीर पक्ष 'इको चेम्बर' हो । यसमा मानिस क्रमशः आफ्नै विचार, राजनीतिक आस्था वा धार्मिक विश्वाससँग मेल खाने सामग्री र त्यस्तै सोच भएका व्यक्तिमै सीमित हुँदै जान्छन् । सामाजिक सञ्जालका एल्गोरिदमले यही प्रवृत्तिलाई प्रोत्साहन गर्दै 'फिल्टर बबल' निर्माण गर्छ, जहाँ फरक विचार क्रमशः हराउँदै जान्छ र आफ्नै विश्वास झन् दृढ, कहिलेकाहीं कट्टर पनि बन्दै जान्छ । मनोविज्ञानमा यसलाई 'समूह ध्रुवीकरण' भनिन्छ । यस्तै वातावरणमा एउटै अपुष्ट वा भावनात्मक सामग्री बारम्बार दोहोरिँदा त्यो सत्यजस्तै अनुभूत हुन थाल्छ, जसलाई 'इलुसोरी ट्रुथ इफेक्ट' भनिन्छ । यही मनोवैज्ञानिक चक्रले समाजमा अविश्वास, अमानवीयकरण र सामूहिक आक्रोशको वातावरण निर्माण गर्दै सामान्य विवादलाई साम्प्रदायिक वा राजनीतिक दंगातर्फ धकेल्न सक्छ ।

विश्वका विभिन्न देशमा पछिल्ला वर्षमा भएका धार्मिक तथा राजनीतिक हिंसाका घटनाले यही यथार्थलाई झन् स्पष्ट पारेका छन् । भारत, श्रीलंका, म्यानमार, इथियोपिया, नाइजेरिया र बेलायतका घटनाक्रम फरक सामाजिक र राजनीतिक सन्दर्भमा भएका भए पनि त्यहाँ एउटा समान ढाँचा देखिन्छ । अधिकांश घटनामा हिंसा सुरु हुनुअघि नै सामाजिक सञ्जालमा कुनै समुदायलाई लक्षित गरी अपुष्ट सूचना, सम्पादित भिडियो, घृणायुक्त अभिव्यक्ति वा भ्रामक सामग्री तीव्र गतिमा फैलिएको पाइन्छ ।

भारतमा ह्वाट्सएपमार्फत फैलिएका बाल अपहरणसम्बन्धी अफवाहले निर्दोष मानिस भीडको हिंसाको सिकार बने । धार्मिक तनावका बेला फेसबुक र अन्य प्लेटफर्ममा फैलिएका अपुष्ट सामग्रीले विभिन्न स्थानमा साम्प्रदायिक अविश्वासलाई थप उग्र बनाएको विषयमा धेरै अनुसन्धान भइसकेका छन् । म्यानमारमा रोहिंग्या समुदायविरुद्ध फेसबुकमार्फत योजनाबद्ध फैलाइएका घृणायुक्त सामग्रीले हिंसा तीव्र बनाउन भूमिका खेलेको निष्कर्ष संयुक्त राष्ट्रसंघीय अनुसन्धान तथा स्वतन्त्र अध्ययनले औंल्याएका छन् । बेलायतमा सन् २०२४ का दंगापछिको अनुसन्धानले पनि आप्रवासन र पहिचानसँग सम्बन्धित भ्रामक सामग्री विभिन्न डिजिटल प्लेटफर्ममार्फत तीव्र रूपमा फैलिँदा त्यसले भीड परिचालन र हिंसात्मक वातावरण निर्माणमा योगदान दिएको देखाएको छ । यी सबै घटनामा एउटा तथ्य दोहोरिन्छ । पहिले सामाजिक सञ्जालमा एउटा समुदायविरुद्ध भावनात्मक सामग्री फैलिन्छ, त्यसपछि त्यसलाई हजारौं प्रोफाइल र ह्यान्डलबाट निरन्तर साझा गरिन्छ, त्यसपछि स्थानीय राजनीतिक भाष्य त्यसैसँग जोडिन्छ र अन्त्यमा भीड सडकमा देखापर्छ ।

नेपाल यस विश्वव्यापी प्रवृत्तिबाट भिन्न छैन । हाम्रो सामाजिक बनोट बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक छ । यही विविधता नेपालको शक्ति पनि हो र असावधानीका बेला संवेदनशीलता पनि । खुला सिमाना, सुलभ इन्टरनेट, तीव्र गतिमा बढेको स्मार्टफोन प्रयोग र सामाजिक सञ्जालबाट समाचार प्राप्त गर्ने बानी बढ्दै जाँदा नेपाली समाजको सूचना उपभोग शैली तीव्र रूपमा परिवर्तन भएको छ । तर, सूचना प्रविधिको विस्तार जति तीव्र भयो, त्यति नै अनुपातमा डिजिटल साक्षरता, तथ्य परीक्षण गर्ने संस्कार र जिम्मेवार डिजिटल नागरिकको विकास हुन सकेको छैन ।

पछिल्ला वर्षहरूमा धरान, नेपालगन्ज, वीरगन्ज, सर्लाही, धनुषालगायत विभिन्न स्थानमा देखिएका साम्प्रदायिक तनावका घटनाको प्रकृति हेर्दा एउटा चिन्ताजनक समानता देखिन्छ । अधिकांश घटनामा वास्तविक झडप सुरु हुनुअघि फेसबुक, टिकटक, युट्युब वा म्यासेजिङ प्लेटफर्ममार्फत कुनै धार्मिक वा जातीय समुदाय लक्षित टिप्पणी, प्रसंगबाहिरको भिडियो, पुरानो घटनालाई नयाँ भनी प्रस्तुत गरिएका दृश्य वा अपुष्ट सामग्री तीव्र फैलिएको देखिन्छ । धेरै अवस्थामा डिजिटल संसारमा सुरु भएको विवाद केही घण्टामै सडकको तनावमा रूपान्तरण भएको छ । यसको अर्थ ती सबै घटनाको मूल कारण सामाजिक सञ्जाल थियो भन्ने होइन । तर, सामाजिक सञ्जालले अविश्वासलाई तीव्र बनाउने, भीडलाई भावनात्मक रूपमा परिचालित गर्ने र सामान्य विवादलाई सामूहिक तनावमा रूपान्तरण गर्ने भूमिका खेलेको तथ्य अस्वीकार गर्न सकिँदैन ।

नेपालको अर्को चुनौती सार्वजनिक विश्वाससँग जोडिएको छ । जब नागरिकले आधिकारिक सूचनाभन्दा सामाजिक सञ्जालमा देखिएको अपुष्ट पोस्टलाई छिटो विश्वास गर्न थाल्छन्, त्यही क्षण अफवाहले तथ्यलाई पछि पार्न थाल्छ । त्यसपछि घटनाको नियन्त्रण केवल सुरक्षा निकायको प्रश्न रहँदैन, त्यो सार्वजनिक विश्वासको संकटमा बदलिन्छ । त्यसैले दंगा नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय केवल बल प्रयोग होइन, विश्वसनीय सूचना व्यवस्थापन पनि हो ।

प्रविधिको यो युगमा प्रहरीको भूमिका घटना भएपछि भीड नियन्त्रणमा मात्रै सीमित रहन सक्दैन । आजको प्रहरीले सडकको मात्रै होइन, डिजिटल वातावरणको पनि नाडी छाम्न सक्नुपर्छ । खुला स्रोत सूचना विश्लेषण 'ओएसइन्ट', डिजिटल जोखिमको पूर्वानुमान, भ्रामक सूचनाको समयमै पहिचान, समुदायसँगको विश्वासमा आधारित संवाद र संकटका बेला द्रुत तथा प्रमाणमा आधारित सार्वजनिक सूचना प्रवाह आधुनिक प्रहरी कार्यको अनिवार्य हिस्सा बन्नुपर्छ ।

तर, सुरक्षा निकायको क्षमता मात्रै पर्याप्त हुँदैन । राजनीतिक नेतृत्वले तात्कालिक लोकप्रियता वा चुनावी लाभका लागि विभाजनकारी भाषा र पहिचानको राजनीतिलाई प्रोत्साहन गर्नु लोकतन्त्रकै लागि घातक हुन्छ । राजनीतिक दलहरू समाजलाई विभाजन गर्ने होइन, संयमित सार्वजनिक संवादको नेतृत्व गर्ने संस्थाका रूपमा उभिनुपर्छ । सरकारले पनि संकटका बेला इन्टरनेट बन्द गर्ने वा सूचना लुकाउनेभन्दा छिटो, विश्वसनीय र प्रमाणमा आधारित आधिकारिक सूचना प्रवाहलाई प्राथमिकता दिनुपर्छ ।

त्यत्तिकै महत्त्वपूर्ण जिम्मेवारी सामाजिक सञ्जाल कम्पनीहरूको पनि हो । उनीहरू केवल प्रविधि कम्पनी होइनन्, सार्वजनिक सूचना प्रशोधनका प्रभावशाली संरक्षक पनि हुन् । त्यसैले घृणायुक्त अभिव्यक्ति, समन्वित दुष्प्रचार, बोट सञ्जाल र एआई निर्मित भ्रामक सामग्रीको पहिचान तथा नियन्त्रणमा उनीहरूले अझ उत्तरदायी, पारदर्शी र मानव अधिकारसम्मत नीति अपनाउनुपर्छ । सञ्चारमाध्यम, तथ्य जाँच संस्था, शैक्षिक क्षेत्र, धार्मिक अगुवा र नागरिक समाजले पनि प्रमाणमा आधारित सार्वजनिक बहस, डिजिटल साक्षरता र सामाजिक सद्भावको संस्कृति सुदृढ बनाउन सक्रिय भूमिका खेल्नुपर्छ । यसक्रममा एउटा सावधानी पनि उत्तिकै आवश्यक छ । डिजिटल निगरानी र सूचना विश्लेषणका नाममा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको अधिकार र कानुनी शासनमाथि अनावश्यक हस्तक्षेप हुनु हुँदैन । लोकतान्त्रिक समाजमा सुरक्षा र स्वतन्त्रता परस्पर विरोधी होइनन् । दुवैलाई सन्तुलित रूपमा संरक्षण गर्न सक्ने राज्य नै सफल लोकतन्त्रको आधार हो ।

क्याम्ब्रिज विश्वविद्यालयका अनुसन्धानकर्ता जोनाथन रुजेनबेक र स्यान्डर भ्यान लिन्डेन तथा अक्सफोर्ड विश्वविद्यालयअन्तर्गतको रोयटर्स इन्स्टिच्युटका अध्ययनहरूले देखाएका छन् कि जहाँ नागरिकको राज्य र सार्वजनिक संस्थाप्रतिको विश्वास कमजोर हुन्छ, त्यहाँ मानिसले आधिकारिक सूचनाभन्दा सामाजिक सञ्जालमा फैलिएका अपुष्ट सामग्रीलाई सहजै विश्वास गर्ने सम्भावना बढ्छ । त्यसैले संकटका बेला सरकारको मौनता, ढिलो प्रतिक्रिया वा अस्पष्ट सार्वजनिक सञ्चार आफैंमा एउटा जोखिम बन्छ । जब राज्य समयमै बोल्दैन तब सूचना रिक्तता सिर्जना हुन्छ । र, त्यो रिक्तता तथ्यले होइन- अफवाह, षड्यन्त्रपूर्ण व्याख्या र भ्रामक सामग्रीले भरिदिन्छ ।

त्यसपछि सरकारले वास्तविक घटना नियन्त्रण गर्नुभन्दा पहिले फैलिसकेको भ्रमसँग लड्नुपर्ने अवस्था आउँछ । त्यसैले दंगा र साम्प्रदायिक हिंसाविरुद्धको सबैभन्दा प्रभावकारी सुरक्षा व्यवस्था केवल प्रहरीको उपस्थिति वा बल प्रयोग होइन, संकटका प्रत्येक घडीमा तथ्यमा आधारित, द्रुत, पारदर्शी र विश्वसनीय सूचना प्रवाह गर्न सक्ने तथा नागरिकको भरोसा जित्न सफल राज्य व्यवस्था हो ।

लोकतन्त्रको भविष्य केवल निष्पक्ष निर्वाचनबाट सुरक्षित हुँदैन, नागरिकले विश्वास गर्ने सूचना कति विश्वसनीय छ भन्ने विषयले पनि त्यसलाई निर्धारण गर्छ । जब अफवाह तथ्यभन्दा छिटो फैलिन्छ, भावनाले प्रमाणलाई विस्थापित गर्छ र एल्गोरिदमले ध्रुवीकरणलाई बढावा दिन्छ, तब सामाजिक सञ्जाल अभिव्यक्तिको माध्यमबाट सामूहिक हिंसाको शक्तिशाली प्रवेगमा रूपान्तरण हुन सक्छ । त्यसैले आजको सबैभन्दा ठूलो चुनौती प्रविधिसँग लड्नु होइन- प्रविधिलाई जिम्मेवार, पारदर्शी र लोकतान्त्रिक मूल्यअनुकूल बनाउनु हो । किनकि दंगाको पहिलो ढुंगा सडकमा फालिनुअघि धेरै पटक त्यसको झिल्को मोबाइलको स्क्रिनमै सल्किसकेको हुन्छ ।

# शिक्षा लगानीमा नीतिगत सुरक्षा बहस

अरुण राठी

(राठी उद्यमी हुन्)





फाइल तस्बिर : कान्तिपुर

निजी शिक्षालाई उत्तरदायी, पारदर्शी र प्रतिस्पर्धी बनाउँदै विकास गर्ने हो भने नेपालकै ठूलो रोजगारी, सेवा निर्यात र विदेशी मुद्रा आर्जनको उद्योग बन्नेछ- शिक्षा

नेपाल राष्ट्र बैंकका अनुसार, आर्थिक वर्ष २०८१/८२ मा नेपालीहरूले विदेश अध्ययनका लागि करिब १ खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ भुक्तानी गरेका थिए । आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामै विदेश अध्ययनका लागि १ खर्ब ३२ अर्ब २३ करोड बाहिरिइसकेको छ । यसको अर्थ हो- शिक्षाका लागि मात्रै नेपालबाट औसतमा दैनिक करिब ४० करोड विदेश गइरहेको छ ।

२०८१/८२ मा मात्रै नेपालबाट १ लाख २३ हजार ५ सय ८९ विद्यार्थीले ८४ देशमा अध्ययन गर्न शिक्षा मन्त्रालयबाट वैदेशिक अध्ययन स्वीकृतिपत्र अर्थात् 'एनओसी' लिएका थिए । यो विदेशमा अध्ययनरत सबै विद्यार्थीको कुल संख्या होइन । एक आर्थिक वर्षमा जारी भएका नयाँ स्वीकृतिहरूको संख्या मात्रै हो ।

भारत सरकारको उच्च शिक्षा सर्वेक्षण एआईएसएचई-२०२३/२४ अनुसार, भारतका उच्च शिक्षण संस्थामा कुल ५८ हजार १ सय ३४ विदेशी विद्यार्थी अध्ययनरत थिए, जसमध्ये नेपालका विद्यार्थीको हिस्सा २४.१ प्रतिशत थियो । त्यस आधारमा भारतका विश्वविद्यालय तथा उच्च शिक्षण संस्थामा मात्रै करिब १४ हजार नेपाली विद्यार्थी अध्ययनरत देखिन्छन् । यसमा भारतका विद्यालय, आवासीय विद्यालय, तालिम केन्द्र तथा सर्वेक्षणमा नसमेटिएका संस्थामा अध्ययनरत नेपाली विद्यार्थी समावेश छैनन् ।

भारत र भारतबाहेकका तेस्रो मुलुकमा हाल कति नेपाली विद्यार्थी अध्ययनरत छन् र प्रत्येक देशमा कति रकम गएको छ भन्ने पूर्ण, अद्यावधिक र देशगत एकीकृत तथ्यांक सार्वजनिक उपलब्ध छैन । नेपाल राष्ट्र बैंकको शिक्षा भुक्तानीसम्बन्धी रकम सबै देशको संयुक्त तथ्यांक हो । त्यसैले तथ्यांक नभएको अवस्थामा अनुमानित संख्याभन्दा सरकारले नै देशगत विद्यार्थी र रकमको नियमित अभिलेख सार्वजनिक गर्नु आवश्यक छ ।

विद्यार्थी विदेश जाँदा उसले शिक्षण शुल्क मात्रै विदेश लैजाँदैन- आवास, खाना, यातायात, स्वास्थ्य बिमा, कपडा, पुस्तक, मनोरञ्जन र दैनिक जीवनका सम्पूर्ण खर्च पनि विदेशमै गर्छ । लामो समय विदेश बसेपछि विद्यार्थी त्यहाँको जीवनशैली, सुविधा, अवसर र रोजगारीसँग परिचित हुन्छ । त्यसपछि ऊ स्थायी बसोबासको बाटो खोज्न थाल्छ । बिस्तारै उसका साथीभाइ, दाजुभाइ, परिवार र नातेदार पनि विदेश जान प्रेरित हुन्छन् ।

यसरी एउटा विद्यार्थीको विदेश यात्रा केवल व्यक्तिको शैक्षिक निर्णयमा सीमित रहँदैन । त्यसले परिवारको पुँजी, देशको विदेशी मुद्रा, युवा जनशक्ति, भविष्यको उद्यमशीलता र आगामी पुस्तासमेत विदेशतर्फ लैजान सक्छ ।

एउटा राम्रो विद्यालय वा कलेज सञ्चालन हुँदा त्यसका मालिकले मात्रै आम्दानी गर्दैनन्, आफू वरिपरि ठूलो आर्थिक प्रणाली पनि निर्माण हुन्छ । विद्यालयले शिक्षक, प्रशासनिक कर्मचारी, लेखापाल, सूचना प्रविधि कर्मचारी, प्रयोगशाला सहायक, पुस्तकालय कर्मचारी, चालक, सहचालक, सुरक्षा गार्ड, सफाइ कर्मचारी, माली, भान्से, खेल प्रशिक्षक र स्वास्थ्यकर्मीलाई प्रत्यक्ष रोजगारी दिन्छ । एउटा राम्रो निजी विद्यालय शिक्षा दिने संस्था मात्रै होइन- रोजगारी, राजस्व, स्थानीय व्यापार, पूर्वाधार विकास र दीर्घकालीन मानव पुँजी निर्माण गर्ने उद्योग पनि हो ।

एकातर्फ हामी विद्यालयलाई अन्तर्राष्ट्रियस्तरको पूर्वाधार, उत्कृष्ट शिक्षक, आधुनिक प्रविधि, खेलकुद सुविधा, प्रयोगात्मक शिक्षा र उच्च सुरक्षा व्यवस्था दिन भन्छौं । अर्कोतर्फ त्यही गुणस्तर कायम गर्न आवश्यक शुल्क लिन नदिने नीति बनाउँछौं । यी दुवै कुरा एकसाथ सम्भव हुँदैनन् । यसको अर्थ विद्यालयलाई मनपरी शुल्क लिन दिनुपर्छ भन्ने होइन । विद्यालयले शुल्क, सुविधा र सेवा पारदर्शी बनाउनुपर्छ । अभिभावकलाई शुल्कको पूर्ण विवरण दिनुपर्छ । छात्रवृत्ति, समावेशिता, विद्यार्थी सुरक्षा, शिक्षकको योग्यता र शैक्षिक परिणामका स्पष्ट मापदण्ड हुनुपर्छ । तर, शुल्क नियन्त्रणका नाममा गुणस्तरीय संस्था नै स्थापना हुन नसक्ने वातावरण सिर्जना गर्नु देशका लागि झन् ठूलो क्षति हो ।

नेपालमा सबैका लागि एउटै प्रकारको विद्यालय उपयुक्त हुँदैन । समाजमा विभिन्न आयस्तर, आवश्यकता, रुचि र क्षमताका परिवार छन् । त्यसैले सरकारले साना, मध्यम, ठूला, आवासीय, अन्तर्राष्ट्रिय, प्राविधिक, खेलकुद केन्द्रित तथा विशेष विषयका विद्यालय खोल्ने वातावरण बनाउनुपर्छ ।

कम शुल्कमा आधारभूत सेवा दिने विद्यालय पनि आवश्यक छन् । उच्चस्तरीय पूर्वाधार र अन्तर्राष्ट्रिय सुविधा दिने महँगा विद्यालय पनि आवश्यक छन् । अन्तिम निर्णय अभिभावकलाई गर्न दिनुपर्छ । सरकारको भूमिका प्रत्येक विद्यालयको शुल्क तोक्नेभन्दा विद्यालयले घोषणा गरेको सुविधा वास्तवमै दिएको छ कि छैन, शिक्षक योग्य छन् कि छैनन्, विद्यार्थी सुरक्षित छन् कि छैनन् र शैक्षिक गुणस्तर कायम भएको छ कि छैन भन्ने अनुगमन गर्ने हुनुपर्छ ।

नेपालका धेरै पहाडी क्षेत्र शान्त वातावरण, स्वच्छ हावा, अनुकूल मौसम, प्राकृतिक सौन्दर्य र सुरक्षित आवासीय शिक्षाका लागि अत्यन्त उपयुक्त छन् । काठमाडौंमा मात्रै विद्यालय र कलेजकेन्द्रित गर्नुपर्ने आवश्यकता छैन । धरान, धनकुटा, इलाम, पोखरा, पाल्पा, बन्दीपुर, धुलिखेल, चितवन आसपासका पहाडी क्षेत्र तथा अन्य सम्भावनायुक्त स्थानमा योजनाबद्ध रूपमा शिक्षा क्षेत्र विकास गर्न सकिन्छ । भारतको मसुरी-देहरादून क्षेत्र आज पर्यटनसँगै प्रतिष्ठित आवासीय विद्यालय तथा कलेजका कारण ठूलो शिक्षा अर्थतन्त्रका रूपमा विकसित भएको छ । विद्यार्थीहरू वर्षभरि त्यहाँ बस्दा होटल, घर भाडा, यातायात, भोजनालय, खुद्रा व्यापार, स्थानीय उत्पादन र रोजगारीमा निरन्तर माग सिर्जना हुन्छ ।

नेपालमा पनि सरकारले उपयुक्त स्थान पहिचान गरी विशेष शिक्षा क्षेत्र विकास गर्न सक्छ । त्यहाँ विद्यालय, कलेज, छात्रवास, खेलकुद केन्द्र, अस्पताल, शिक्षक आवास, अनुसन्धान केन्द्र र अन्तर्राष्ट्रियस्तरको यातायात पूर्वाधार निर्माण गर्न सकिन्छ । यसबाट पहाडी क्षेत्रमा रोजगारी सिर्जना हुन्छ, बसाइँसराइ कम हुन्छ, स्थानीय जग्गा तथा व्यवसायको मूल्य बढ्छ र देशभित्रै नयाँ आर्थिक केन्द्र विकास हुन्छन् ।

विदेश पढ्न जाने विद्यार्थीमाथि थप कर लगाएर, विदेशी मुद्रा रोक्दै वा प्रशासनिक अवरोध सिर्जना गरेर विद्यार्थीलाई लामो समयसम्म नेपालमा राख्न सकिँदैन । अभिभावकले सन्तानको भविष्यका लागि राम्रो शिक्षा खोज्छन् । नेपालमा त्यो शिक्षा उपलब्ध नभए उनीहरूले खर्चिलो भए पनि विदेशकै विकल्प रोज्छन् ।

त्यसैले समाधान विद्यार्थीलाई विदेश जानबाट जबर्जस्ती रोक्नु होइन- नेपालका विद्यालय र विश्वविद्यालयको स्तर बढाउनु हो । हामीले आफैंसँग प्रश्न गर्नुपर्छ- बालबालिकालाई नेपालमै पढ्न बाध्य बनाउने कि स्वेच्छाले नेपालमै पढ्न चाहने स्तरका विद्यालय निर्माण गर्ने ? विदेश जाने विद्यार्थीलाई रोक्ने कि विदेशी विद्यार्थीसमेत नेपालमा पढ्न आउने वातावरण बनाउने ?

नेपालमा गुणस्तरीय आवासीय विद्यालय, अन्तर्राष्ट्रिय पाठ्यक्रम, विश्वस्तरीय कलेज, विदेशी विश्वविद्यालयका क्याम्पस, चिकित्सा तथा प्राविधिक संस्था र अनुसन्धान केन्द्र स्थापना गर्न सकिन्छ । आज नेपाली विद्यार्थीले विदेशमा तिरेको १ खर्बभन्दा बढी रकमको केही अंश मात्रै नेपालभित्र रोक्न सके पनि हजारौं रोजगारी सिर्जना हुन्छ । भविष्यमा विदेशी विद्यार्थी भित्र्याउन सके शिक्षा स्वयं विदेशी मुद्रा आर्जन गर्ने राष्ट्रिय उद्योग बन्नेछ ।

सरकारले निजी शिक्षालाई केवल नाफा कमाउने क्षेत्रका रूपमा हेर्नु हुँदैन । शिक्षा क्षेत्रमा इमानदार लगानी गर्ने व्यक्तिलाई उद्योग, पर्यटन, जलविद्युत् वा सूचना प्रविधिका लगानीकर्तालाई जस्तै सम्मान र नीतिगत सुरक्षा दिनुपर्छ । सरकारले स्पष्ट गुणस्तर मापदण्ड, पारदर्शी शुल्क प्रणाली, अनिवार्य छात्रवृत्ति, विद्यार्थी सुरक्षा, शिक्षकको न्यूनतम तलब, कर अनुपालन र नियमित शैक्षिक मूल्यांकनको व्यवस्था गर्नुपर्छ ।

त्यससँगै विद्यालय खोल्ने अनुमति सरल बनाउनुपर्छ । दीर्घकालीन लगानी सुरक्षा दिनुपर्छ । पहाडी क्षेत्रमा शिक्षा विकास गर्न जग्गा तथा पूर्वाधारमा सहजीकरण गर्नुपर्छ । र, विदेशी विद्यालय तथा विश्वविद्यालयसँग साझेदारीका लागि प्रोत्साहन दिनुपर्छ । निजी शिक्षालाई कस्दै जाने हो भने विद्यार्थी, पुँजी र प्रतिभा विदेशिन्छन् । निजी शिक्षालाई उत्तरदायी, पारदर्शी र प्रतिस्पर्धी बनाउँदै विकास गर्ने हो भने शिक्षा नेपालकै सबैभन्दा ठूलो रोजगारी, सेवा निर्यात र विदेशी मुद्रा आर्जन गर्ने उद्योग बन्न सक्छ ।

# समानता र सद्भाव नै शान्तिको मार्ग

कौशर शाह

(शाह संविधानसभा सदस्य हुन्)






तस्बिर : कान्तिपुर

आज म त्यो युग सम्झिरहेको छु- हामीबीच कुनै भेदभाव थिएन । हिन्दुका चाडपर्व र संस्कृतिलाई हामी मुस्लिमहरू असाध्यै सम्मान गर्थ्यौं, आज पनि गर्छौं । हामी मुस्लिमको पर्वमा हिन्दु साथीभाइ र छिमेकी घरमै आएर शुभकामना दिन्थे । त्यतिबेला हाम्रा अग्रजले धेरै पढेका थिएनन् तर ती दूरदर्शी थिए । ती बुद्धि, विवेक र ज्ञानले भरिपूर्ण थिए । त्यसैले हामीबीचको सामाजिक सद्भाव कहिल्यै खलबलिएन ।

समाज तबसम्म उपयोगी बन्न सक्दैन र जागरणको बाटोमा जान सक्दैन, जबसम्म उसले पूर्ण रूपमा प्रशिक्षण र सरलताको सिद्धान्त पालना गर्दैन । अहिले नेपाली समाजमा चुनौतीहरू फैलिएका छन् । जाति, समुदायबीचको विखण्डन र भेदभावले देशलाई अराजकतातिर धकेल्छ र राष्ट्रलाई असफल बनाउँछ ।

यो चुनौतीलाई नेपाली जनता र राज्यले अति सहनशील भई सामना गर्नुपर्छ । र, देशलाई विकासतिर लैजानुपर्छ । बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक, सामाजिक पहिचान तथा विविध राजनीतिक आस्था आधुनिक नेपालको विशिष्ट पहिचान हो । समाजमा सबैको रहनसहन, उठबसलाई नजिकबाटै नियालेर तिनका भावना र चाहनाको कदर गर्नुपर्छ । राज्यले कुनै पनि किसिमको पूर्वाग्रह नराखी कानुन बनाए, त्यो कानुन सबैका लागि बराबरी हुन्छ । पहिले हामी मानव हौं, त्यसपछि नेपाली हौं अनि त्यसपछि मात्रै जात र समुदाय आउँछ ।

मुस्लिम समुदाय यस देशका नागरिक हुन् । देश एकीकरणमा यस समुदायको ठूलो योगदान रह्यो । राणाकाल, पञ्चायतकाल र राजतन्त्रको अन्त्यदेखि लोकतन्त्र ल्याउनसम्ममा मुस्लिम समुदायको ठूलो योगदान छ । ती विषय इतिहासमा पनि उल्लेख छन् । मुलुकमा जब-जब अप्ठ्यारो पर्छ, मुस्लिम समुदाय ढालका रूपमा अघि सरेको छ । यो मेरो मात्रै होइन, हाम्रो देश हो । र, हाम्रै कर्तव्य हो- देश जोगाउनु । देश भएन भने हामी कहाँ जाने ? जातीय विभेद अन्त्य गर्न बनेको अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले पनि सन् १९७१ मा अनुमोदन गरेको छ । अतः राज्यले सबै जाति र समुदायबीचको सद्भाव कायम गरी विशेष किसिमको निगरानीमा सबै समुदाय समेटेर अघि बढ्नुपर्छ । राज्यले संविधानमा भएका धारा २४ र ४२ लाई चाँडोभन्दा चाँडो कानुनी रूप दिएर देशमा शान्ति, सद्भाव कायम गर्नुपर्छ । र, देशलाई मुठभेडबाट जोगाउनुपर्छ । विवादले विखण्डनतिर लैजान्छ भने सद्भावले शान्तिको बाटो देखाउँछ ।

कुनै पनि जाति र धर्मले खराब कुरा सिकाउँदैन । तपाईं कुरान, गीता वा बाइबल पल्टाएर हेर्नोस् । सबैको उद्देश्य शान्ति र सद्भाव नै हो । हाम्रा धेरै दाजुभाइले 'जेहाद' को अर्थ बुझेका छैनन् । र, ती त्यसको अर्थ अरूलाई मार्नु वा युद्ध गर्नु बुझ्छन् । तर, त्यो होइन । जेहाद आफूभित्रको नकारात्मक सोच, क्रोध अनि खराब बानीमाथि संघर्ष गरेर राम्रो चरित्र विकास गर्नु हो । कसैमाथि मारकाट, हिंसा भइरहेको छ भने त्यसबाट बच्न गरिने संघर्ष हो ।

हाम्रा अग्रजले मुलुकलाई कहिल्यै जातीय विखण्डनतिर जान दिएनन् । बेलायतमा लिखित संविधान छैन । तर, त्यहाँका कानुन, परम्परा, ऐतिहासिक दस्तावेजमा छन् । यसले त्यहाँका जनतालाई कुनै किसिमको बाधा अड्चन दिँदैन । संविधान लोकतन्त्र बन्न मौलिक अधिकारको प्रबन्धले मात्रै हुँदैन- त्यो राज्य सत्ताको आचरण, व्यवहार र कानुनमा पनि भरपर्छ । आज संसारमा जति विकसित देश छन्, सबैले प्रजातान्त्रिक व्यवस्थाका साथै आपसी मानवको आवश्यकता बोध गरेका छन् । मानव-मानवबीचको सद्भाव कायम गरेका छन् ।

समाजमा जातीय र समुदायबीच सुमधुर सम्बन्ध बनाउन प्रभावकारी कानुनको पनि आवश्यकता छ । थुप्रै चुनौतीबीच मेलमिलाप र आपसी सद्भावको वातावरण निर्माण गर्नु अर्को चुनौती हो ।

नेपाल दुई ठूला देशबीच अवस्थित छ । त्यसैले आफ्नै देशभित्रै पनि धेरै संयन्त्रका साथ समझदारीले आपसमा हातेमालो गरी अघि बढ्नु आवश्यक छ । हाम्रो एकताले नै हस्तक्षेपलाई अगाडि बढ्न दिँदैन । यो विषय हिमाल, पहाड र तराईमा बस्ने सम्पूर्ण नेपालीले मनन गर्नुपर्छ ।

हरेक समुदायले आफूलाई सद्भाव र प्रेमको मालामा गाँसेर राख्न सकून् । गल्ती वा कमजोरी पाठ सिक्ने र आफूलाई सुधार्ने अवसर पनि हो । गल्तीबाटै हामी सुन्दर कुराहरू सिक्नेछौं र समाजमा सुधारको प्रयास गर्नेछौं ।

भर्खरै सुनसरीबाट सुरु भएर तराई आसपासका क्षेत्रमा तनाव सिर्जना भएको छ । देशमा ठूलो दुःखद घटना घटेको छ । सरकारले घटनाको निष्पक्ष छानबिन गर्नुपर्छ । नत्र सही र गलतको पहिचान हुँदैन । विखण्डन विनाशको बाटो हो भने सुविचार सुध्रिने बाटो ।

# वैज्ञानिकहरूले पत्ता लगाए नयाँ मानव डीएनए

वासिङ्टन (एजेन्सी)– वैज्ञानिकहरूले मानव शरीरमा नयाँ डीएनए फेला पारेका छन् । जसको कुनै पनि अवशेष अहिलेसम्म पहिचान भएको छैन । यो अध्ययन अहिले सीमित संख्यामा मात्रै गरिएको छ ।

त्यसैले यसबारे थप अध्ययन जरुरी रहेको वैज्ञानिकहरूले बताएका छन् । यदि, यो अध्ययन पुष्टि भएमा मानव जातिको विकासक्रम यसअघि विश्वास गरिएभन्दा जटिल रहेको तथ्य स्थापित हुनेछ । अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालय, बर्कले र जोन्स हप्किन्स विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले तयार गरेको यो अध्ययन प्रतिवेदन साइन्स जर्नलमा प्रकाशित छ ।

आधुनिक मानव जिनोमहरू प्रयोग गरेर प्राचीन पुर्खाका लक्षणहरू खोज्ने यस नयाँ विधिलाई 'ट्रेस' नाम दिइएको छ । अध्ययनका क्रममा विश्वका ५ सय ३ जना फरक समुदायका मानिसहरूको जिनोमको विश्लेषण गरिएको थियो । त्यसक्रममा वैज्ञानिकहरूले मानव डीएनएभित्र लुकेका हजारौं जेनेटिक वंशावली परीक्षण गरेका थिए । प्राचीन पुर्खाको संकेत गर्नका लागि उनीहरूले प्रायः पुराना जेनेटिक शाखाहरूको अध्ययन गरेका थिए ।

अध्ययनमा गैरअफ्रिकी समुदायमा २ प्रतिशत डीएनए अहिले अस्तित्वमा नरहेका मानव जातिको भेटिएको छ । पुराना अनुसन्धानले पनि यस्तै देखाएका थिए । यसमध्ये झन्डै आधा डीएनए नियान्थलसँग सम्बन्धित थियो । त्यस्तै सानो अंश डेनिसोभिन्ससँग पनि मिलेको देखियो । आधुनिक मानव (होमो सेपियन्स) मा नियान्थल र डेनिसोभसको डीएनए भेटिएको पुष्टि पुराना अध्ययनले पनि गरेका छन् । जसले यी प्रजातिसँग आधुनिक मानवको प्रजनन भएको देखाउँछ । तर, यस पटक ० दशमलव ५ प्रतिशतदेखि १ प्रतिशतसम्म डीएनए त्यस्तो भेटिएको छ, जसका विषयमा वैज्ञानिक जगत्लाई कहिल्यै केही थाहा नै थिएन । त्यसको कुनै अस्तित्व स्थापित हुने अवशेष अहिलेसम्म भेटिएको थिएन ।

यसलाई अनुसन्धानकर्ताहरूले 'भूत वंश' नाम दिएका छन् । यो अज्ञात समूह मानव परिवारबाट ५ लाख वर्षअघि नै अलग भएको अनुमान लगाइएको छ । अध्ययन गरिएका हरेक जनसंख्यामा यो रहस्यमय डीएनए पुष्टि भएको छ । रोचक कुरा मानवका त्यस्ता हिस्साको जिनोममा यो डीएनए भेटियो, जसलाई विगतमा विशेष रूपमा आधुनिक मानवसँग मात्रै भएको मानिएको थियो । यल विश्वविद्यालयका कम्प्युटेसनल बायोलोजिस्ट प्याट्रिक एफ रिल्लीले सबै वैज्ञानिक पद्धतिले गलत नतिजा दिन सक्ने भएकाले यसको थप अध्ययन जरुरी रहेको बताए ।

# इरानमा युद्धप्रति सुधारवादी र कट्टरपन्थीबीच मतभेद

## अमेरिकासँगको युद्धमा पूर्ण जित हासिल गर्नुपर्ने पक्षमा कट्टरपन्थीहरू, अमेरिकामाथि सैन्य दबाब बनाए पनि अन्त्यमा वार्तामार्फत नै युद्धको हल खोज्नुपर्ने सुधारवादीहरूको तर्क



हवाई आक्रमणमा मारिएका इरानीहरूको सामूहिक अन्त्येष्टिका लागि शवपेटिका बोकेर लैजाँदै मृतकका आफन्त तथा सहभागी । तस्बिर : एपी/रासस

एपी (कायरो)- अमेरिकासँगको युद्ध अन्त्य कसरी गर्ने भन्ने विषयमा इरानी नेतृत्वभित्रै ठूलो मतभेद उत्पन्न भएको छ । एकातर्फ, कट्टरपन्थीहरू छन्, जो युद्धमा पूर्ण जित हासिल गर्नुपर्ने पक्षमा छन् । उनीहरूले अमेरिका र संयुक्त राष्ट्रसंघसँग कुनै मध्यस्थता गर्न नहुने मत राखिरहेका छन् । 'पायदारी' (जसको अर्थ स्थिरता हुन्छ) आन्दोलनका रूपमा चिनिने यी कट्टर वैचारिक समूहहरू इस्लामिक गणतन्त्रको समाजमाथि पनि नियन्त्रण कडा पार्न चाहन्छन् ।

अर्कातर्फ, राष्ट्रपति मसुद पेजेस्कियान र शक्तिशाली सभामुख मोहम्मद बागेर गालिबाफको समर्थन गर्ने पक्ष छ । गालिबाफ अमेरिकासँगको वार्तामा इरानका मुख्य वार्ताकार हुन् । यो पक्षले अमेरिकामाथि सैन्य दबाब बनाए पनि अन्त्यमा वार्तामार्फत नै युद्धको हल खोज्नुपर्ने तर्क गरेको छ । युद्धका कारण इरानले भोगिरहेको चर्को आर्थिक क्षतिलाई मध्यनजर गर्दै देशमा भइरहेको सामाजिक परिवर्तनअनुरूप चल्नुपर्ने तर्क यस पक्षको छ ।

गालिबाफका सल्लाहकार महदी मोहम्मदले बिहीबार आफ्नो टेलिग्राम च्यानलमा लेखेका छन्, 'वार्ता भनेको सैन्य कारबाहीलाई पूर्णता दिने राजनीतिक हतियार हो । यसले शत्रुलाई बाध्य पार्न र वास्तविक सहुलियत खोस्ने अवसर दिन्छ ।' इरानको शासनसत्ताभित्र देखिएको यो खुला प्रतिस्पर्धाले युद्धपछिको इरानको भविष्यलाई लिएर भइरहेको संघर्ष उजागर गर्छ ।

नयाँ सर्वोच्च नेता आयातोल्लाह मोज्तबा खामेनीको अडानबारे भने ठूलो प्रश्नचिह्न खडा भएको छ । युद्धको सुरुआती निसानामै २८ फेब्रुअरीमा आफ्ना पिताको ज्यान लिने आक्रमणमा घाइते भएका भनिएका खामेनी अहिले पनि अज्ञातस्थलमा लुकेर बसेका छन् । यता, दुवै पक्षले उनको समर्थन आफूलाई रहेको दाबी गर्दै आएका छन् ।

राष्ट्रपति मसुद पेजेस्कियान र सभामुख मोहम्मद बागेर गालिबाफका लागि गत अप्रिलमा अमेरिकासँग भएको युद्धविराम सम्झौताले इरानको सर्वोच्च नेतृत्व निकाय 'सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्'बाट बलियो समर्थन पाउनु ठूलो राजनीतिक सफलता थियो । १३ मध्ये १२ जना सदस्यले यसलाई अनुमोदन गरेका थिए, जसमा इस्लामिक रिभोलुसनरी गार्डस् कोर्प्स (आईआरजीसी) र सेनाका वरिष्ठ अधिकारीहरू पनि सामेल थिए ।

उक्त सम्झौताको विपक्षमा एक मात्र भोट 'पायदारी' आन्दोलनका प्रभावशाली व्यक्ति सइद जिलिलीले हालेको विश्वास गरिएको छ । त्यसपछि १७ जुनमा अमेरिकासँग युद्ध अन्त्य गर्ने गरी इरानले अन्तरिम सम्झौतासमेत गरेको थियो । तर, हर्मुज जलमार्गमा नियन्त्रण कायम राख्ने अडानमा इरान कायम रहँदा युद्धविराम टिक्न सकेन । अर्कोतर्फ, अर्बौं डलरका रोक्का गरिएका सम्पत्ति फुकुवा गर्नेजस्ता सम्झौता अन्तर्गतका आर्थिक वाचाहरू पूरा नहुँदा इरान असन्तुष्ट थियो । अहिले हर्मुजमा पुनः अमेरिकी नाकाबन्दी फर्किसकेको छ । युद्ध चर्कँदै गएको देखिन्छ ।

मृतक सर्वोच्च नेता अली खामेनीको यसै महिनाको सुरुमा भएको अन्त्येष्टिमा अति कट्टरपन्थी पायदारी समूहले शक्ति प्रदर्शन गरेको थियो । भीडले युद्धका लागि अमेरिका र इजरायलसँग बदला लिन माग गरेको थियो । भिडियोहरूमा तेहरानमा शोक मनाउनेहरूले सइद जिलिलीलाई स्वागत गरेको देखाइएको थियो । पेजेस्कियानलाई भीडले अपमान गर्दै 'सम्झौतावादीलाई मृत्यु होस्' भन्ने नारा लगाएको थियो ।

अति कट्टरपन्थीहरूले रातको समयमा र्‍यालीहरू निकाल्ने गरेका छन् । उनीहरूले सरकारी टेलिभिजन (आईआरआईबी) प्रयोग गरेर वार्ताको विरोधमा जनमत तयार गरिरहेका छन् । र्‍यालीहरू र टीभीमा प्रस्तोताहरूले इरान पूर्ण विजयतर्फ उन्मुख भएको चित्रण गरिरहेका छन् । उनीहरूले अमेरिकासँग सम्झौता गर्नेहरूको आलोचना गरेका छन् ।

अमेरिकासँगको वार्ताबारे गालिबाफले व्याख्या गरिरहँदा आईआरआईबीले ३० जुनको प्रत्यक्ष प्रसारण बीचैमा काटेको थियो । यसै महिनाको सुरुमा राष्ट्रपति पेजेस्कियनले एक भाषणका क्रममा स्वर्गीय खामेनीले आफ्नो मृत्युअघि अमेरिकासँग पुनः वार्ताका लागि अनुमति दिएको बताएका थिए । लगत्तै उनको भाषण पनि टेलिभिजनले काट्यो ।

पेजेस्कियन र उनको समूहले यसको प्रतिवाद गर्दै युद्धको समयमा आईआरआईबीले देशलाई विभाजित गरिरहेको आरोप लगाएका छन् । सरकारी टेलिभिजनले सेना एकातर्फ र सरकार अर्कोतर्फ भएजस्तो देखाएको पेजेस्कियनको आरोप छ । गत महिना, राष्ट्रपतिको सञ्चार कार्यालयले राष्ट्रपति र अन्य सरकार प्रमुखहरूलाई सेन्सर गरेको आईआरआईबीको आलोचना गरेको थियो ।

कट्टरपन्थीहरूले अन्य तरिकाले पनि आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरेका छन् । गत साताहरूमा, अधिकारीहरूले युद्धविरामको समयमा स्थानीयमाझ लोकप्रिय रहेका राजधानी तेहरानका क्याफेहरू बन्द गराएका थिए । सामाजिक सञ्जालमा भाइरल भएका भिडियोहरूमा देखिएअनुसार ती क्याफेमा युद्धविराम अवधिमा सर्वसाधारण मिलेर खुसीयाली मनाइरहेका थिए । त्यसमा कतिपय महिलाले हिजाब लगाएका थिएनन् । सुधारवादी नेता तथा पूर्वराष्ट्रपति मोहम्मद खातमीका सहयोगी एवं सुधारवादी धर्मगुरु मोहम्मद अली आब्ताहीका अनुसार क्याफेहरूको यो अल्पकालीन बन्दले धार्मिक अतिवादी दलहरू आफ्नो प्रभाव देखाउँदै छन् भन्ने संकेत गर्छ ।

जोन हप्किन्स विश्वविद्यालयका अन्तर्राष्ट्रिय मामिला र मध्यपूर्व अध्ययनका प्राध्यापक भाली नसरका अनुसार सइद जिलिलीका समर्थकहरू संख्यात्मक रूपमा थोरै भए पनि निकै शक्तिशाली छन् । 'उनीहरूसँग प्रशस्त पैसा र शक्ति छ । उनीहरूले कर्मचारीतन्त्रमा आफ्ना मान्छेहरू राम्ररी घुसाएका छन् र आईआरजीसीमा बलियो सम्बन्ध विकास गरेका छन्,' नसरले भने ।

अर्कातर्फ, राष्ट्रपति पेजेस्कियन पक्षधरहरू एकता कायम राख्न जनताको आर्थिक असन्तुष्टिसँगै उनीहरूमाथि भएको राजनीतिक र सामाजिक दमनलाई सम्बोधन गर्नु आवश्यक रहेको बताउँछन् । इरानको मुद्रा अवमूल्यन हुने क्रम जारी छ, महँगी अकासिएको छ र बेरोजगारी बढिरहेको छ । अमेरिकासँगको अन्तिम सम्झौताले प्रतिबन्ध हटाएर अर्बौं रोक्का सम्पत्ति फिर्ता ल्याउन सक्छ । यसले इरानलाई ठूलो आर्थिक लाभ दिन सक्छ ।

युद्धप्रति असन्तोषका साना झिल्काहरू पनि देखिन थालेका छन् । गत जुलाईमा २५० भन्दा बढी पूर्वसांसद, धर्मगुरु, प्राध्यापक र अन्य सार्वजनिक व्यक्तित्वहरूले द्वन्द्वको खर्चबारे चिन्ता प्रकट गर्दै युद्धविरोधी हस्ताक्षर अभियान चलाए । जनवरीमा सरकारविरोधी प्रदर्शनपछि प्रदर्शनकारीहरूलाई दिइएको मृत्युदण्डप्रति विरोधका स्वरहरू सुनिए ।

सर्वोच्च नेतृत्वको स्पष्ट दृष्टिकोण बाहिर नआएका बेला इरानका दुवै पक्ष सत्तामा पकड बलियो बनाउने दाउपेचमा लागेका छन् । कसैले उनलाई आफ्ना पिताभन्दा बढी कट्टर हुने ठानेका छन् । कसैले मोज्तबा सुधारको पक्षमा रहने आशा व्यक्त गरेका छन् । सर्वोच्च नेतामा निहित असीमित अधिकारका कारण उनले अतिवादी गुटहरूलाई नियन्त्रणमा राख्न ब्रेकको रूपमा काम गर्न सक्ने सुधारवादी धर्मगुरु आब्ताही बताउँछन् । तर, समयमै ब्रेक प्रयोग नगरिए सुधारवादी र कट्टर गुटबीचको टकराव झन् खतरनाक बन्दै जानेछ ।


हार्दिक श्रद्धाञ्जली तथा समवेदना



जन्मः ९ फागुन १९८७

स्वर्गारोहणः १३ श्रावण २०८३

स्व. दुर्गा प्रसाद रेग्मी

हेफर ईन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक डा. तिर्थ राज रेग्मी ज्यू का पूज्यनिय पिता दुर्गा प्रसाद रेग्मी ज्यू को १३ श्रावण २०८३ मा भएको असामयिक देहावसानले हामी र हाम्रो संस्थालाई मर्माहत बनाएको छ । दुखको यस घडीमा स्वर्गीय आत्मा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । उहाँको निधनले रेग्मी परिवारमा असह्य पिडा भएको छ, यस पिडाको समयमा पनि अविचलित रहन डा. रेग्मी लगायत सम्पूर्ण आफन्त जन ईष्टमित्र तथा शुभचिन्तक समेत शोकाकुल परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस, शोकलाई शक्तिमा बदल्ने साहस मिलोस भन्ने कामनाकासाथ हार्दिक समवेदना प्रकट गर्दछौं ।

- हेफर नेपाल परिवार

HEIFER INTERNATIONAL NEPAL | HEIFER PROJECT NEPAL


# श्रीलंकाली जेलमा दंगा

कोलम्बो (एजेन्सी)– क्षमताभन्दा बढी कैदीबन्दी रहेको एक जेलमा भएको दङ्गा नियन्त्रण गर्न श्रीलङ्काले आइतबार सयौं सैनिक र विशेष कमान्डो परिचालन गरेको छ । घटनामा एक कैदीको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । कैदीहरूले जेलको भान्साघर, अस्पताल, नवनिर्मित पुनःस्थापना भवन तथा व्यावसायिक तालिम केन्द्रमा क्षति पुर्‍याएका छन् । महारा जेलमा चार हजार १०० कैदीबन्दी राखिएका थिए, जुन जेलको क्षमताभन्दा करिब चार गुणा बढी हो । श्रीलङ्काका अन्य कारागारमा पनि क्षमताभन्दा बढी कैदी राख्ने समस्या रहेको अधिकारीले बताएका छन् ।


हार्दिक श्रद्धाञ्जली



जन्मः बि.सं. २०१४।११।१४

स्वर्गारोहणः बि.सं. २०८३।०४।०७

स्व. कान्ता श्रेष्ठ

हाम्रा ममतामयी आमा **कान्ता श्रेष्ठ**को असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवारलाई मर्माहत बनाएको छ । स्वर्गीय आमाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै परमपिताले उहाँको दिव्य आत्मालाई चिरशान्ति प्रदान गरुन् भन्ने प्रार्थना गर्दछौं । यस दुःखद घडीमा प्रत्यक्ष तथा अप्रत्यक्ष साथ, सहयोग, समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, शुभेच्छुक तथा सहयोगीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

डा. समिर श्रेष्ठ तथा परिवार


## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — कसैको कुनै कुरा चित्त नबुझ्न सक्छ । प्रतिक्रियात्मक कामकुरामा सजग रहनुपर्ला । आफैंले आफ्नो अनुकूलताको विचार गर्नुपर्ने बेला छ ।

**वृष** — कतै कुनै काम आइलाग्न सक्छ । कुनै कुरामा आर्थिक लाभ हुनेछ । कुनै कुरालाई लिएर छलफल हुन सक्छ ।

**मिथुन** — तनमन स्वतःस्फूर्त रहनेछ । मनमा भएको तुष हटेर जानेछ । समयलाई आफू अनुकूल तह लगाउन खोजिनेछ ।

**कर्कट** — कुनै कुराले मनमा खुलदुली उत्पन्न हुन सक्छ । सकेसम्म समयानुकूल रहन खोजिनेछ । नगरी नहुने कुरामा जोड दिन खोजिनेछ ।

**सिंह** — कुनै कुराले गर्दा मन दोमन हुन सक्छ । सकेसम्म सकारात्मक रहन खोजिनेछ । आफ्नो अनुकूलताको विचार गरी काम गर्न खोजिनेछ ।

**कन्या** — कुनै कामविशेषले कतै जाने काम आइलाग्ला । समयानुसारका अत्यावश्यक काममा जोड दिइनेछ । जसरी पनि आफूलाई स्वतःस्फूर्त राख्न खोजिनेछ ।

**तुला** — मनमा भएको तुष हटेर जानेछ । कुनै कुराको निर्क्योल हुन सक्छ । समयानुसारका काममा आफूलाई प्रस्तुत गर्दै गइनेछ ।

**वृश्चिक** — घरमा कसैको आगमन हुन सक्छ । कुनै कामले नजानिंदो गरी व्यस्त बनाउन सक्छ । समयावस्था विचारेर कुनै कुनै काममा हेरफेर हुन सक्छ ।

**धनु** — कुनै कुराले गर्दा काममा अलमल हुन सक्छ । सकेसम्म आफ्नै सुझबुझले काम गर्ने प्रयास हुनेछ । सकेसम्म हरेक कुरामा अद्यावधिक गराउन खोजिनेछ ।

**मकर** — कुनै कामविशेषले कतै जाने काम आइलाग्न सक्छ । कुनै आर्थिक क्रियाकलापका काममा संलग्न हुनुपर्ला । व्यक्तिगत काममा समय दिन भ्याइनेछ ।

**कुम्भ** — कतै कुनै कार्यक्रममा सहभागिता जनाउनुपर्ला । तपाईंको कुरा बुझ्ने प्रयास गरिनेछ । कुनै कामका लागि केही खर्च गर्नुपर्ने हुन सक्छ ।

**मीन** — समय आफू अनुकूल बन्दै जानेछ । आर्थिक पक्ष सुदृढ रहनेछ । आफूलाई सकेसम्म सबै कुरामा अद्यावधिक गर्न खोजिनेछ ।


# वर्गीकृत विज्ञापन

**घर जग्गा**

चाबेल रिङरोडामा 12/18फिटर व्यापारिकघर 9811838003

१०करोड कर्जाचाहियो काठमाडौंको जग्गाधितोदिने सम्पर्क ९८०२३१५१०६

४आनार ४रोपनीको आवासियघडेरी बिक्रीमा ९८०२३१५१०३

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

बैंकिङ्ग गर्नकोलागि धितो चाहियो ९८२००३१८२८

१-२ करोड सहकारी लोन तिर्ननसकेकोले ९७१४०९००१४

कामगर्ने कामीजातकी नागरिकता नभएकी महिला चाहिनेलाई मात्र खानबस्न कोठा रुम १ वटा दिनेले मात्र फोनगर्नं र सधैं म्यासेज पठाउनु होला ९८०३४६२८०८

**विविध विक्रीमा**

महीनाको ४०/५०००० नाफाहुने पानीडीपो, 9851067289

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

ललीतपुरमा घरफ्ल्याट भाडामा लिनदिनं, 9851071590/ 9869363404

**चाहियो**

क्यान्टिनकोलागि स्टाफ चाहियो खानबस्नसुविधा ९८४१०३०३७९

कुक, वेटर, हेल्पर आवश्यकता ९८५१२०९६९५

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलब १८,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

तन्दुरीकुक तलब- २५,००० खानबस्न ९८४९४३८७३९

रिसोर्टकोलागि अलराउण्डर सेफ, कुक, वेटर ९८६२२६२६५७

राम्रो समोसा बनाउने कुकचाहियो 9841724091

टिचिङ अगाडी वेटर, हेल्पर, 9803670327

Home Tuition by Expert, Secondary Maths, सामाजिक, नेपाली 9843872931 Morning time, Budhanilkantha, Basundhara, Dhapasi Area.

प्यारेन्ट पोल्ट्रीफर्मलाई कामदार चाहियो ९८०१३५२०२५

बुढानिलकण्ठ स्थित रिसोर्टमा डिसवासर, वेटर चाहियो 9808961144

**बिहावारी**

श्रेष्ठ, शाक्य महर्जनमा २१ वर्षदेखी ३५ वर्ष स्वदेश विदेश वरबधुमा सम्पर्क: ९८०८४७५७१४

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www. nrnmatch.com, 9842981178

# वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१५५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* मू.अ.क. बाहेक

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.९२ |
| युरो | १७५.९५ |
| पाउन्ड स्टर्लिङ | २०५.६९ |
| अस्ट्रेलियन डलर | १०७.५८ |
| कतारी रियाल | ४१.९६ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. २,८३,२००

**चाँदी** रू. ४,३१५

# भृकुटीमण्डपमा प्रदर्शनी केन्द्र निर्माणको विषय बजेटमा उठिरहन्छ, कार्यान्वयन हुँदैन

## लामो समयदेखि अटो व्यवसायीले अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माणको माग गर्दै आए पनि सरकारबाट बेवास्ता हुँदा साँघुरो थलोमै गरिन्छ अटो शो

**विमल खतिवडा** (काठमाडौं)

भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र निर्माण गर्ने विषय बर्सेनि सरकारको नीति तथा कार्यक्रम र बजेटमा आउन छुट्दैन । यसको कार्यान्वयन भने अहिलेसम्म हुन सकेको छैन ।

तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०८२/८३ को बजेटमा काठमाडौंको भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गर्ने उल्लेख गरेका थिए । पौडेलले सोही वर्षको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२५' को उद्घाटनका क्रममा तीन वर्षभित्र अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र निर्माण गर्ने प्रतिबद्धता जनाउँदै अटो व्यवसायीलाई आश्वस्त पनि पारेका थिए ।

तर अहिलेसम्म यसको निर्माण गर्ने भनेर न बजेट छुट्याइयो, न कार्यान्वयन गर्ने गरी नै काम अगाडि बढाइयो । यति बेला कार्यान्वयन गर्ने निकाय यस विषयमा बेखबर छन् । विगतका वर्षका बजेटमा निर्माण गर्ने विषय राखिए पनि चालु आर्थिक वर्षको बजेटमा नभएको अर्थ मन्त्रालयका सहसचिव एवं प्रवक्ता अमृत लम्सालले बताए ।

व्यवस्थित र राम्रो प्रदर्शनीस्थल नहुँदा प्रत्येक वर्ष अटो व्यवसायीले अटो शो गर्ने समयमा सास्ती खेप्नुपरेको छ । साँघुरो ठाउँ भएकाले क्षमताभन्दा बढी स्टल राख्न मिल्दैन । जसले गर्दा स्टल राख्छौं भनेर आउने व्यवसायीलाई आयोजकले फर्काउनुपर्ने अवस्था छ । पार्किङ र शौचालयको समस्या उस्तै छ ।

नाइमाले आयोजना गरेको पहिलो अटो शोमा तत्कालीन अर्थमन्त्रीसँग राखेको पहिलो माग नै अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र निर्माण गर्नुपर्ने रहेको नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) का कार्यकारी निर्देशक राजकुमार दुलालले बताए । 'नाइमा अध्यक्ष ऋतु सिंह वैद्यले मन्त्रीसँग राखेको पहिलो माग यही थियो, अहिलेको माग पनि यही हो,' उनले भने, 'नाइमाले गरेको पहिलो अटो शोमा पनि र साउन अन्तिममा हुन लागेको दोस्रो शोमा पनि पर्याप्त ठाउँ अभावले प्रदर्शनीमा सहभागी हुन चाहनेहरूलाई ठाउँ दिन सकेका छैनौं ।'



काठमाडौंको प्रदर्शनीमार्ग र भृकुटीमण्डप क्षेत्र । तस्बिर : कान्तिपुर

अहिलेसम्म ५२ वटा स्टल बुक भएको र योभन्दा बढी ठाउँ अभावमा गर्न नसकिएको उनको भनाइ छ । 'थप १० भन्दा बढी ब्रान्ड प्रदर्शनीमा सहभागी हुन चाहेका थिए, ठाउँ अभावमा समावेश गर्न सकेनौं,' कार्यकारी निर्देशक दुलालले भने, 'पर्याप्त ठाउँ हुन्थ्यो त सय वटासम्म स्टल राख्न सकिन्थ्यो ।'

प्रदर्शनी भनेको बिक्री गर्ने ठाउँ मात्र नभएर ब्रान्डबारे बुझाउने थलो भएकाले त्यसअनुसार आउने मानिस अटाउने खालको प्रदर्शनीस्थल हुनुपर्ने उनले सुनाए । आउँदो २६ साउनदेखि ३१ सम्म भृकुटीमण्डपमा नाइमा नेपाल मोबिलिटी एक्सपो-२०२६ शो हुँदै छ, जहाँ दुईपांग्रे सवारीका १८ र चारपांग्रेका २९ ब्रान्ड नयाँ सार्वजनिक गरिँदै छ । 'अहिले भृकुटीमण्डपको प्रदर्शनीस्थल साँघुरो भएकाले नेपाल पुलिस क्लबको भवन भाडामा लिनुपरेको छ, उद्घाटन कार्यक्रम त्यहीँ हुन्छ,' दुलालले भने । शौचालय र पार्किङको समस्या हुन नदिन अटो शो अवधिभर दैनिक दुई लाख रुपैयाँ तिरेर पुलिस क्लब भाडामा लिइएको उनले जनाए । 'राम्रो प्रदर्शनी हल हुन्थ्यो त हामीले महँगो तिरेर पुलिस क्लब भाडामा लिनु पर्दैनथ्यो,' दुलालले भने ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अनुसार सन् १९९८ बाट भने भृकुटीमण्डपमा अटो शो हुँदै आएको छ । त्यसअघि वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलगायत स्थानमा अटो शो हुँदै आएको थियो । तर सधैं साँघुरो ठाउँका कारण सास्ती झेल्नुपरेको नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले बताए । भृकुटीमण्डपमा ९ देखि १५ भदौसम्म नाडा अटो शो हुँदै छ ।

अटो शोका बेला कम्पनीहरूले खरिदमा छुट अफर दिने भएकाले दुई, तीन र चारपांग्रे सवारी सेवाग्राहीले बुक गर्न पाउँछन् । तर साँघुरो ठाउँमा पानी पर्दा स्टल र प्रदर्शनीस्थलमा आउने सेवाग्राहीलाई भिज्नुपर्ने अवस्था छ । वर्षभर बिक्री हुने सवारीसाधनको ६० प्रतिशतभन्दा बढी बुकिङ नाडा शोमा हुने गरेको छ । अटो क्षेत्रलाई आर्थिक रूपमा चलायमान बनाउने काम पनि अटो शोले गर्दै आएको छ ।

सरकारसँग प्रत्येक वर्ष प्रदर्शनीस्थल निर्माणको माग गर्दै आए पनि बेवास्तामा परेको उप्रेतीको भनाइ छ । 'विद्युत् लाइन नहुँदा जेनेरेटर चलाएर शो गर्नुपरेको छ,' उनले भने, 'यसले गर्दा वातावरण प्रदूषण गर्छ । खर्चिलो भयो र ध्वनि प्रदूषण बढाउँछ ।' बजेटमा प्रदर्शनीस्थल बनाउने भनेर राख्ने गरिएको भए पनि कार्यान्वयन पक्ष फितलो भएको उनको भनाइ छ ।

> विज्ञसँग छलफल गरी भृकुटीमण्डप सहरको केन्द्रमा छ, हरियाली नमासिने गरी एकतले प्रदर्शनीस्थल बनाउँदा राम्रो हुन्छ
>
> • **रवीन्द्र बोहरा** महानिर्देशक, सहरी विकास तथा भवन निर्माण विभाग

> अटो शोमा धेरै ब्रान्ड समेट्न चाहन्छौं, यस क्षेत्रको भविष्यबारे कार्यक्रम गर्न चाहन्छौं तर पानीले भिजाउला भनेर डराउनुपर्छ
>
> • **सुरेन्द्रकुमार उप्रेती**, अध्यक्ष, नाडा

> ५२ वटा स्टल बुक भइसकेका छन्, थप १० भन्दा बढी ब्रान्ड सहभागी हुन चाहेका थिए, ठाउँ अभावमा समावेश गर्न सकेनौं
>
> • **राजकुमार दुलाल**, कार्यकारी निर्देशक, नाइमा

तर भृकुटीमण्डपमा ठूलो संरचना बनाउने विषयको विपक्षमा छन्, सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक रवीन्द्र बोहरा । 'काठमाडौं जस्तो ठाउँमा खुला ठाउँ चाहिन्छ, त्यसैले यस्तो ठाउँलाई खुलै राख्नुपर्छ,' उनले भने, 'यसको निर्माणको पक्ष विभागले नै हेर्ने हो, बरु एकतले निर्माण गरी प्रदर्शनीस्थल केन्द्र बनाउन सकिन्छ ।'

प्रधानमन्त्री वालेन्द्र साहले पनि भृकुटीमण्डपमा के गर्न सकिन्छ भनेर चासो देखाएको र यसमा थप केही काम नभएको बोहराको भनाइ छ । 'यो केन्द्रमा छ, त्यसैले हरियाली नमासिने गरी एकतले प्रदर्शनीस्थल बनाउँदा राम्रो हुन्छ,' उनले भने, 'अहिले यसमा केही प्रगति छैन तर बनाउने हुँदा विभिन्न क्षेत्रका विज्ञ, नागरिक समाज छलफल र अन्तर्राष्ट्रिय अभ्यासलाई पनि ख्याल गर्नुपर्छ ।'

सरकारले २०३७ मा तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् (समाज कल्याण परिषद्) लाई भोगचलन र संरक्षण गर्ने गरी भृकुटीमण्डप हस्तान्तरण गरेको थियो । अहिले पनि भृकुटीमण्डपको भोगचलन परिषद्ले नै गर्दै आएको छ । परिषद् महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत पर्छ । प्रदर्शनीस्थल निर्माणका विषयमा आफूलाई केही जानकारी नभएको समाज कल्याण परिषद् भृकुटीमण्डप व्यवस्थापन विभागका प्रमुख खगनाथ रेग्मीले बताए ।

बाटोसहित गरेर भृकुटीमण्डपमा २ सय १४ रोपनी जग्गा छ । भृकुटीमण्डपभित्रै चर्चिएको जग्गा भने १ सय ९७ रोपनी मात्र रहेको प्रमुख रेग्मीले प्रस्ट्याए । भृकुटीमण्डपभित्र ६० रोपनीमा फनपार्क, २५ रोपनीमा ल्यामापुचः र प्रदर्शनी हलले ३५ हजार स्वायर फिट चर्चेको छ । त्यस्तै २३ रोपनीमा बगैंचा र २१ आनामा खसी बजार रहेको रेग्मीले जनाए ।

यस्तै ३० रोपनीमा त्रिपाल राखेर खोलिएकासहित ७ सय ५७ स्टल छन् । ७८ स्टल र १६ बुथमा जुत्ता, भाँडावर्तन, कस्मेटिक तथा चिया खाजाका पसल छन् । नेपाल पर्यटन बोर्डले ९ रोपनी जग्गा भाडामा लिएको छ । 'सबैतिरबाट वार्षिक करिब १६ देखि १७ करोड रुपैयाँ भाडा संकलन हुन्छ,' उनले भने । २०२२ मा औद्योगिक प्रदर्शनीस्थलका रूपमा भृकुटीमण्डपको स्थापना गरिएको थियो ।

**कर्पोरेट कुराकानी**

# 'सरकारी अस्पतालमा सुधार भए हामी अन्यत्र लगानी गर्न तयार छौं'

• **आरएस भण्डारी**, अध्यक्ष, ह्याम्स अस्पताल

निजी स्वास्थ्य क्षेत्रमा तीन दशकभन्दा बढी अनुभव सँगालेका **रामशरण (आरएस) भण्डारी** ह्याम्स अस्पतालका अध्यक्ष हुन् । नेपालको स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रले गुणस्तरीय सेवा विस्तारमा महत्त्वपूर्ण योगदान दिएको उनको दाबी छ । तर सरकारी अस्पतालको व्यवस्थापन सुधार, चिकित्सक तथा स्वास्थ्यकर्मीलाई पर्याप्त सेवा सुविधा दिएर स्वास्थ्य सेवामा सुधार गर्नुपर्छ । प्रभावकारी स्वास्थ्य बिमा र दक्ष जनशक्ति संरक्षण अहिलेका प्रमुख चुनौती रहेको उनी बताउँछन् । स्वास्थ्य क्षेत्रको वर्तमान अवस्था, चुनौती, अवसर, मेडिकल टुरिजम र ह्याम्स अस्पतालको भावी योजनाबारे भण्डारीसँग कान्तिपुरका **यज्ञ बञ्जाडे** र **विमल खतिवडाले** गरेको कुराकानीको सार :



तस्बिर : दिपेश दर्शनधारी/कान्तिपुर

**नेपालमा स्वास्थ्य क्षेत्रमा भएको विकास र विस्तारलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

नेपालको स्वास्थ्य सेवा आम नेपालीले गर्व गर्ने क्षेत्रभित्र पर्छ । सेवा सुविधाको स्तर र मेडिकल चिकित्सकको मिहिनेतले यो क्षेत्र राम्रो भएको हो । तर, निजी अस्पतालमा उपचार महँगो भयो भन्ने पनि गुनासो छ । तर छिमेकी देश भारतका निजी अस्पतालको सेवा सुविधालाई तुलना गर्दा एकतिहाइ मूल्यमै उत्कृष्ट तहको स्वास्थ्य सुविधा नेपालीले पाइरहेका छन् । यसका आधारमा नेपालको स्वास्थ्य क्षेत्रको विकास र विस्तार निकै राम्रो र सन्तोषजनक छ ।

**भारतको भन्दा नेपालका निजी अस्पतालमा स्वास्थ्य सेवा सस्तो छ भन्नुभयो तर नेपालमा महँगो भएकै कारण अझै पनि निजी अस्पताल धेरै सर्वसाधारणको पहुँचबाहिर छन् नि ?**

संसारमा सित्तैमा पाइने केही कुरा पनि छैन । सरकारले पनि तोकेअनुसारको कर लिन्छ । दूरदराजमा बसोबास गर्ने, जसको पहुँचमा निजी अस्पताल छैनन् । उहाँहरूलाई राज्यले राम्रो नीति बनाएर सहज रूपमा स्वास्थ्य सेवा लिने वातावरण बनाउनुपर्छ । यो भनेको बिमा नीति नै हो । यो नीतिमा कसरी 'चेक एन्ड ब्यालेन्स' गर्ने भनेर सरकारकै नीतिमा उल्लेख हुनुपर्छ । दूरदराजमा बसोबास गर्ने सर्वसाधारणको उपचारमा चाहे एक लाख रुपैयाँ खर्च होस् वा एक करोड, त्यसलाई सरकारको नीतिमार्फत सम्बोधन गर्नुपर्छ । संसारभर हेल्थ केयरको कभर गर्ने बिमामार्फत नै हो । हेल्थ केयर नीतिलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर बेला-बेलामा विज्ञ टोली बोलाएर छलफल पनि गर्दै आएका छौं । छलफलबाट निस्किएको निचोड स्वास्थ्य मन्त्रालयमा बुझाउँदै आएका छौं । राज्यले ल्याउने नीति कार्यान्वयन गर्न हामी तयार हुनुपर्छ । यसमा राज्यसँग सहकार्य गर्न तयार छौं ।

**चिकित्सक पनि सरकारीमा कम निजी क्षेत्रमा बढी समय दिने र निजी अस्पताल पनि नाफामुखी मात्र भए भन्ने आरोप छ नि ?**

नेपालमा चलेका कर्पोरेट निजी अस्पताल ५/७ वटा छन् । यस्ता अस्पतालले बैंकबाट ठूलो ऋण लिएर लगानी गरेका छन् । ऋण लिनुअघि रेटिङ (सम्पत्ति तथा दायित्व मूल्यांकन) गर्नुपर्छ । रेटिङ सार्वजनिक हुने भएकाले सबैले हेर्न पाउँछन् । यसरी पारदर्शी तरिकाले गरेको व्यवसायमा लगानीको निकै कम मात्र प्रतिफल प्राप्त हुने गरेको छ । सेवा विस्तारका लागि पुँजी चाहिएर एक वर्षअघि ह्याम्सले १० लाख कित्ता सेयर नयाँ लगानीकर्तालाई (प्रि-आईपीओ) बिक्री गर्‍यो । प्रतिसेयर ३ सय ५० रुपैयाँका दरले अस्पतालकै केही चिकित्सक, कर्मचारी र कार्पोरेटमा सोल्टी ग्रुपलाई बेचिएको थियो । सेयर बिक्रीबाट ३५ करोड रुपैयाँ उठाएर अस्पताल विस्तारका लागि लगानी गरेका छौं । ह्याम्सको लगानी भ्याल्यु ३ अर्ब ५० करोड रुपैयाँ हो । यो सबै कित्ता बिक्री गरेर आएको ३ अर्ब ५० करोड बैंकमा लगेर राखेको भए मलाई ब्याजबाटै बढी आम्दानी हुन्थ्यो । त्यही वर्ष ह्याम्सले १९ करोड रुपैयाँ कमायो । यो भनेको करिब ६ प्रतिशत हो । निजी अस्पताल वा निजी क्षेत्र नाफामुखी भए भनेर सुनाउँदा आम सर्वसाधारणलाई वाहवाह कमाउन सजिलो होला तर वास्तविकतामा यो हुँदै होइन । निजी अस्पतालले ७० प्रतिशतभन्दा बढी नागरिकको स्वास्थ्य जिम्मा लिएर काम गरिरहेका छन् । आम सर्वसाधारणले यस क्षेत्रलाई विश्वास पनि गरिरहेका छन् । तर सरकारी अस्पतालमा सर्वसाधारणले विश्वास गर्ने आधार बन्न सकेको देखिँदैन । सरकारी अस्पतालमा हुने उपचार सेवाबारे सरकारले ध्यान दिनुपर्छ ।

**सरकारी अस्पतालले राम्रो सेवा दिन नसक्नुमा मुख्य गरी कहाँ कमजोरी देख्नुहुन्छ ?**

सरकारी अस्पतालमा काम गर्ने चिकित्सकले कति तलब लिन्छन् ? ७०/७५ हजार रुपैयाँ । जहाँ ९ देखि ५ बजेसम्म चिकित्सकले काम गर्छन् । उनीहरूको क्लिनिकल विज्ञता र घर चलाउन बिहान ७ देखि ९ बजेसम्म र साँझको समयमा पनि निजीमा काम गर्नुपर्ने बाध्यता छ । चिकित्सकको आर्थिक बाध्यता हुन्छ । आफ्नो विज्ञता र सेवा समाजका लागि गरिरहेका छन् । उनीहरूले खटिएर १२ घण्टा काम गरेकै कारण स्वास्थ्य क्षेत्र राम्रो भएको हो । सरकारी अस्पतालको कुनै पनि डिपार्टमेन्ट हेड भएर काम गर्ने चिकित्सकलाई राज्यले दिने तलबले घर चल्दैन । त्यसैले निजी अस्पतालमा काम गर्नुपर्ने उनीहरूको बाध्यता हो । कतिपय अस्पतालमा उपचारका क्रममा चिकित्सकले कुटाइ खानुपर्ने बाध्यता छ । चिकित्सकले मरणासन्न हुने गरी कुटाइ खानु पनि पर्ने अनि घरपरिवार चलाउन नपुग्ने तलबमा सेवा दिनुपर्ने हो त ? एउटा मेडिकल अफिसर बन्न अध्ययनका लागि करोडभन्दा बढी खर्च लाग्छ । तर काम गर्ने ठाउँमा उसले पढेअनुसारको सेवा सुविधा पाउँदैन ।

> ह्याम्स अस्पतालमा बिरामीले एउटै छानामुनि सबै प्रकारका विशेषज्ञ उपचार सेवा पाइरहेका छन्, यही कारण बाह्य मुलुकमा स्थायी बसोबास गरिरहेका नेपाली पनि प्रायः नेपाल आएर स्वास्थ्य सुविधा लिन्छन्

**प्रायः सरकारी अस्पतालकै चिकित्सक ल्याएर निजी अस्पताल चलाउँदा राम्रो सेवा दिन सक्ने तर तिनै सरकारी अस्पतालले राम्रो सेवा दिन नसक्ने यो अवस्था किन ?**

सरकारी अस्पतालमा गरिएको लगानीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न नसक्नु नै कमजोरी हो । अहिले ह्याम्स अस्पतालमा हामीले जनरल बेडको ३५ सय रुपैयाँ लिन्छौं । सरकारी अस्पतालमा कति बेड छन् र त्यो चलाउन कति खर्च लाग्छ भनेर म्यापिङ गरेर तथ्यांक निकालेका थियौं । वीर अस्पतालमा मात्र एउटा बेडको लागत साढे सात हजार आउँदो रहेछ । आम सर्वसाधारणले पनि यो कुरा थाहा पाउनुपर्छ । त्यहाँ बस्ने बिरामीले दुई/तीन सय तिरे होलान्, लगानी भने साढे ७ हजार रुपैयाँ छ । वीरमा तलब खाने कर्मचारी २ हजार ८ सय छन् । यतिका कर्मचारी किन चाहियो ? जनशक्ति घटाएर काम गर्नेलाई घर चल्ने तलब सुविधा दिन सके त्यहीँबाटै राम्रो सेवा दिन सकिन्छ । बिरामी त्यहीँ जान्छन् र सरकारी अस्पताल चल्छन् । सरकारी अस्पताल राम्रो भएर चले हामी निजी अस्पताल नै चलाएर बस्नुपर्छ भन्ने छैन । अन्यत्र लगानी गर्न तयार छौं ।

**निजी अस्पतालमा लगानी र सेवा सुविधा विस्तार गर्न राज्यका नीति कत्तिको अनुकूल छन् ?**

ह्याम्स अस्पतालले दुई वर्षअघि आईपीओका लागि सम्पूर्ण प्रक्रिया पूरा गरेर नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको छ । आईपीओका लागि प्रक्रिया थाल्ने ह्याम्स पहिलो अस्पताल हो । यो गर्नुको उद्देश्य निजी अस्पताल कर्पोरेट कल्चरमा चल्नुपर्छ भन्ने नै हो । मेडिकल कलेज र अस्पताललाई स्वास्थ्य मन्त्रालयले नियमन गर्छ । धितोपत्र बोर्ड पुँजी बजारको नियमन गर्ने अर्को सरकारी निकाय हो । अस्पतालमा सर्वसाधारणको लगानी हुनेबित्तिकै सेवा विस्तार गर्न सकिन्छ । यसरी भएको लगानी बैंकको ब्याजभन्दा सस्तो हुन्छ । ब्याज तिर्नु नपरेपछि सञ्चालन खर्च कम हुन्छ । नागरिकको स्वामित्व भए पनि उनीहरूलाई पनि आफ्नो अस्पताल भन्ने अनुभूति हुन्छ । आईपीओपछि दोस्रो बजारमा सूचीकृत हुनेबित्तिकै अन्तर्राष्ट्रिय रूपमा संस्थाप्रतिको विश्वास बढ्छ ।

**निजी अस्पतालमा उत्कृष्ट सेवा रहेको दाबी गर्नुभयो तर खासगरी नर्सलगायत कर्मचारीलाई न्यून तलबमा काम लगाइरहनुभएको छ, यही कारण यो क्षेत्रबाट जनशक्ति पलायन बढ्दो छ भनिन्छ नि ?**

ह्याम्समा नर्सको न्यूनतम सुरुवाती तलब ३४ हजार ७ सय रुपैयाँ छ । तर बाह्य मुलुकमा नर्सले अवसर पाएर जाँदा सेवा सुविधा धेरै नै राम्रो छ । बाहिर दिने सेवा सुविधा यहाँ दिन सकिँदैन । न्यूनतमभन्दा बढी तलब भनेको उसको विज्ञता, मिहिनेतका आधारमा दिने हो । जनशक्ति अभाव भने बढ्दै गएको छ । बिस्तारै हामीसँग पैसा हुन्छ, जनशक्ति हुँदैन । यही क्रम चलिरहने हो भने भविष्यमा हामीसँग प्रविधि हुन्छ तर दक्ष जनशक्ति हुने छैन । पाँच वर्षअघि १० जना नर्स माग्दा ५ सय जना नर्सले फर्म भर्थे । अहिले १० जना माग गर्दा बढीमा १५ जना मात्र प्रतिस्पर्धामा हुन्छन् । काठमाडौंबाहिर नर्स नै पाउन छाडिसकेको छ । अस्पताल भवन बन्यो, मेसिन उपकरण थप भयो तर डाक्टर र नर्स पाइएन भने त्यसको के अर्थ भयो र ? त्यसैले राज्यले जनशक्ति उत्पादनमा ध्यान दिनुपर्छ ।

**नेपालमा मेडिकल टुरिजमको सम्भावना कत्तिको छ ?**

ह्याम्समा बिरामीले एउटै छानामुनि सबै प्रकारका विशेषज्ञ उपचार सेवा पाइरहेका छन् । यही कारण बाह्य मुलुकमा स्थायी बसोबास गरिरहेका नेपाली पनि प्रायः नेपाल आएर स्वास्थ्य सुविधा लिन्छन् । भारतको मेदान्त अस्पतालमा आउने ४० प्रतिशत बिरामी बाह्य मुलुकका हुन्छन् । सेवा सुविधामा सहकार्यका लागि भारतको साकेतस्थित म्याक्स अस्पतालसँग ह्याम्सले सहकार्यको सम्झौता गरेको छ । नेपाल र म्याक्समा भएका डाक्टर मिलेर उपचार गर्ने सहकार्य हो यो । यहाँ प्रविधि भएन भने उसलाई म्याक्स अस्पतालमा ह्याम्सको प्लाटफर्म प्रयोग गरेमा छुटको व्यवस्था र अपरेसन भएर आएपछि नेपालमा फलोअप गर्न मिल्ने बनाएका छौं ।

**नेपालमा स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

यस्ता विषयमा राज्य र निजी क्षेत्र मिलेरै काम गर्नुपर्छ । राज्यले निजी क्षेत्रलाई पार्टनरका रूपमा लिनुपर्छ । राज्यले ल्याएको स्वास्थ्य बिमा राज्यकै निकायबाट दुरुपयोग भएका घटना आएका छन् । राज्यले प्रस्ट नीतिमार्फत निजी क्षेत्रलाई बिमा नीति लागू गर्न दिए त्यहाँ चेक एन्ड ब्यालेन्स हुन्थ्यो । कस्ता-कस्ता मानिस र कति आम्दानी भएकालाई यो सुविधा दिने भनेर राज्यले पहिचान गर्न जरुरी छ । के-के सुविधा कति बराबरको पाउने यी कुरा पनि प्रस्ट हुनुपर्छ । यस्ता विषयमा सार्वजनिक, निजी र साझेदारी (पीपीपी) मोडलबाट अघि बढ्दा राम्रो हुन्छ । यो प्रभावकारी पनि हुन्थ्यो । साउन २०७३ मा हामीले ह्याम्स अस्पताल किनेका हौं । यसको १२ वर्षअघिसम्म यो अस्पताल घाटामा थियो । अहिले नाफा ल्याएर वार्षिक प्रत्यक्ष र अप्रत्यक्ष गरेर ५० करोड रुपैयाँ राज्यलाई कर तिर्ने बनायौं । साढे ८ सय जनाले रोजगारी पाएका छन् ।

**अस्पतालको लगानी विस्तार गर्ने योजना के छ ?**

मैले अस्पतालबाहेक अन्यत्र क्षेत्रमा पनि काम गरिरहेको छु । अटो क्षेत्रमा ईभी गाडीमा लगानी छ । मेडिकल इक्विपमेन्टको व्यवसाय गरिरहेको छु । सिन्धुपाल्चोकमा एग्रिकल्चरको काम भइरहेकै छ । ह्याम्सलाई सयबाट दुई सय बेडमा विस्तार गर्दै छौं । भक्तपुर गट्ठाघरस्थित नागरिक सामुदायिक अस्पताल लिएका छौं । सय बेडको यो अस्पताललाई दुई सय बेडमा विस्तार गर्दै छौं । एकेडेमिकतर्फ नर्सिङ र एचए पढाइरहेका छौं । बीएन र बीएस्सी कार्यक्रम चलाएका छौं । ब्याचलर र पीसीएल चलाउन नदिने कुरा आएपछि दुई वर्षदेखि पीसीएल नर्सिङ चलाएका छैनौं । ह्याम्स अस्पताल नजिकै अंकोलोजी (क्यान्सर उपचार) सेवा दिने गरी तयारी गरिरहेका छौं । मैले मेडिकल क्षेत्रमा काम गरेको ३० वर्ष भयो । यस क्षेत्रमा लागेकामा खुसी र आशावादी छु ।

# राजनीतिक सरगर्मीबीच...

'मागअनुसार नेपालमा धान उत्पादन नहुने भएकाले आयातमै निर्भर छौं,' उनले भने । राधाकृष्ण राइस मिल्सका प्रबन्ध निर्देशकसमेत रहेका अग्रवालले तीन महिनाअघि प्रतिबोरा २१ सय रुपैयाँ रहेको जिरा मसिनो चामलको मूल्य अहिले २५ सय रुपैयाँसम्म पुगेको छ ।

'चामल बोरामै ३ सयदेखि ४ सय रुपैयाँ बढिसकेको छ,' उनले भने । वैशाख-जेठमा बर्ड फ्लु फैलिएपछि अन्डाको मूल्य घटेको थियो तर अहिले मूल्य बढेको छ । नेपाल लेयर्स कुखुरापालक संघका अनुसार एक सातामै धेरै ठूलो (एक्सएल) अन्डाको मूल्य प्रतिक्रेट ५ सय १५ बाट ५ सय ४५, ठूलो अन्डा ५ सयबाट ५ सय ३० र मध्यम (मिडियम) ४ सय ७० बाट ५ सय रुपैयाँ पुगेको छ । बजारमा भने उपभोक्ताले प्रतिक्रेट ६ सय रुपैयाँसम्म तिर्नुपरिरहेको छ । बर्ड फ्लु फैलिनुअघि ठूलो अन्डाको मूल्य प्रतिक्रेट ५ सय ३५ रुपैयाँ थियो । तर बर्ड फ्लु फैलिएको हल्लापछि मूल्य घटेर प्रतिक्रेट ४ सय ७५ पुगेको थियो ।

बर्ड फ्लुका कारण अन्डा दिने १२ लाख कुखुरा नष्ट भएका कारण अहिले अन्डाको उत्पादन नै घटेको नेपाल लेयर्स कुखुरापालक संघका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले बताए । उनका अनुसार नेपालमा दैनिक ३० देखि ४० लाख वटासम्म अन्डा खपत हुन्छ तर उत्पादन २९ देखि ३० लाख वटा मात्रै छ । 'तीन वर्षअघि प्रतिक्रेट ७ सय ५० रुपैयाँसम्म पुगेको थियो । त्यसैले अहिले मूल्य धेरै महँगो भन्न मिल्दैन,' उनले भने । बजारमा अन्डाको मूल्य बढे पनि किसानले अझै लागत मूल्य पाउन नसकेको पोखरेलले बताए । 'अहिले किसानले ५ सय रुपैयाँमा अन्डा बिक्री गरिरहेका छन्, उपभोक्तासम्म पुग्दा ६ सय रुपैयाँभन्दा बढी पर्ला,' उनले भने, 'फार्मबाटै प्रतिक्रेट ५ सय ७३ रुपैयाँमा बिक्री गरे मात्र किसानले लागत मूल्य पाउँछ ।'

१७ असारमा लाम्चो भन्टा प्रतिकिलो होलसेल मूल्य प्रतिकिलो १४ रुपैयाँ २५ पैसा रहेकामा १७ साउनमा आइपुग्दा ४५ रुपैयाँ पुगेको छ । तीतेकरेलाको मूल्य २५ रुपैयाँबाट ५८.३३ रुपैयाँ पुगेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांक छ । रायो साग प्रतिकिलो ३५ रुपैयाँ रहेकामा १ सय ७५ रुपैयाँ, पालुङ्गो साग ५५ रुपैयाँ रहेकामा २ सय ७५ रुपैयाँ र तोरीको साग प्रतिकिलो ४५ सय रुपैयाँ रहेकामा १ सय २५ रुपैयाँ पुगेको छ । रायो सागको होलसेल मूल्य १ सय ७५ रुपैयाँ भए पनि खुद्रा बजारमा दुई सय रुपैयाँभन्दा बढी परिरहेको छ ।

समितिका अनुसार कुरिलोको मूल्य प्रतिकिलो २ सय ७६ रुपैयाँ ६७ पैसाबाट ४ सय ५० रुपैयाँ, केराको मूल्य प्रतिदर्जन २२६.६७ रुपैयाँबाट २ सय ७५ रुपैयाँ पुगेको छ । अधिकांश तरकारीको मूल्यवृद्धि भए पनि स्थानीय काँक्रो र टनेलको गोलभेंडाको मूल्य घटेको छ । स्थानीय काँक्रो प्रतिकिलो ६५ रुपैयाँबाट ३५ रुपैयाँ र टनेलको सानो गोलभेंडाको मूल्य प्रतिकिलो २० रुपैयाँबाट १९ रुपैयाँ ८३ पैसामा ओर्लिएको छ । मुडेको रातो आलु प्रतिकिलो ३३.२५ रुपैयाँबाट ५०.५० रुपैयाँ पुगेको छ ।

बर्खायाममा उत्पादनदेखि ढुवानीसम्म असर पर्ने भएकाले हरेक वर्ष तरकारीको मूल्यवृद्धि हुने गरेको समितिका सूचना अधिकारी विनय श्रेष्ठ बताउँछन् । 'वर्षात्‌का कारण खेतबारीमै तरकारी उत्पादन घट्ने भएकाले बजारमा आपूर्ति कम हुन्छ । माग भने यथावत् रहने हुँदा अधिकांश तरकारीको मूल्य बढ्ने गर्छ,' उनले भने, 'बर्खामा सडक यातायात प्रभावित भइरहने भएकाले ढुवानी लागत पनि बढ्छ । त्यसैले बजारमा तरकारीको मूल्य बढी हुन पुग्छ ।' सूचना अधिकारी श्रेष्ठ यसपालि बाढीपहिरोका कारण लामो समय सडक अवरुद्ध भने नभएको बताउँछन् ।

श्रेष्ठले अहिले बर्खे तरकारीको सिजन सकिन लागेको र हिउँदे तरकारीको सिजन सुरु नभएको कारण पनि मूल्य बढ्दो क्रममा रहेको बताए । 'पहाडी जिल्लाबाट आउने तरकारीको उत्पादन पनि कम छ भने तराईमा किसान धान रोपाइँमा व्यस्त भएकाले तरकारी खेती अपेक्षाअनुसार हुन सकेको छैन । जसका कारण बजारमा आउने तरकारीको परिमाण घटेको छ,' उनले भने । गोलभेंडा र काँक्रोको भने टनेल प्रविधिबाट खेती भइरहेकाले मूल्य घटेको उनले बताए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीको वेबसाइटमा भटमास तेल लिटरको २ सय ८५ र सनफ्लावर तेल ३ सय रुपैयाँ छ । जबकि नेपाल खुद्रा व्यापार संघको तथ्यांकअनुसार भटमासको मूल्य समान भए पनि सनफ्लावर तेल लिटरमा २ सय ९० रुपैयाँ छ । अर्थात् सरकारी स्वामित्वकै कम्पनीमा सनफ्लावर तेल लिटरमा १० रुपैयाँ बढी छ ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धि, ढुवानी भाडालगायत कारण नेपाली बजारमा पनि तेलको मूल्य बढेको नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष राजेशकुमार अग्रवालले बताए । 'कच्चा तेलको मूल्य बढ्यो । डलरको भाउ बढ्यो, ढुवानी भाडा बढ्यो । त्यसैले समग्रमै तेलको मूल्य बढ्यो,' उनले भने ।

गत वैशाख अन्तिममा भारतले आगामी १४ असोजसम्म वा अर्को सूचना जारी नभएसम्मका लागि चिनी निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालमा चिनीको मूल्य बढेको छ । विश्वको दोस्रो ठूलो चिनी उत्पादक भारतले 'एल निनो' का कारण खडेरी पर्न सक्ने, उखु उत्पादन घट्ने र आगामी सिजनमा चिनी उत्पादन कम हुने आकलन गर्दै आन्तरिक मूल्य नियन्त्रण गर्न प्रतिबन्धको निर्णय गरेको हो । पहिले प्रतिकिलो ९५ रुपैयाँ वरपर बिक्री हुने गरेको चिनी भारतको उक्त निर्णययता अधिकांश खुद्रा पसलमा १ सय १५ रुपैयाँसम्ममा किनबेच भइरहेको छ ।

व्यवसायी, उद्योगीले विभिन्न कारण बताए पनि चामल, दाल, तरकारी, फलफूल, खसीको मासु, कुखुराको मासु, अन्डालगायत दैनिक उपभोगका वस्तुको मूल्य निरन्तर बढ्नुपर्ने ठोस आधार नरहेको उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिना बताउँछन् । 'अन्तर्राष्ट्रियस्तरमा आपूर्ति शृंखला सहज छ । पश्चिम एसियाको तनाव पनि पहिलेजस्तो चर्को नरहेकाले मूल्य बढ्नुपर्ने कुनै ठोस आधार देखिँदैन,' उनले भने ।

तिमिल्सिनाले सरकारको बजार अनुगमन र नियमन कमजोर हुँदा व्यवसायीले उपभोक्ताको अवस्था हेरेर मनपरी मूल्य निर्धारण गर्ने प्रवृत्ति मौलाएको बताए । बजारमा मूल्य नियन्त्रण गर्ने प्रभावकारी संयन्त्र नहुँदा उपभोक्ता प्रत्यक्ष मारमा परेको उनको भनाइ छ । उनका अनुसार कुखुरामा बर्ड फ्लुको असर देखिएपछि खसीको मासुको मूल्य प्रतिकिलो करिब १२ सय ५० देखि १३ सय रुपैयाँबाट बढेर १७ सयदेखि १७ सय ५० रुपैयाँसम्म पुगेको छ । अनुगमन प्रभावकारी बनाउनुको साटो सरकारको ध्यान राजस्व संकलनमा मात्र केन्द्रित भएको तिमिल्सिनाको टिप्पणी छ ।

नेपाल खुद्रा व्यापार संघका महासचिव अमुलकाजी तुलाधरले खुद्रा व्यापारीले आफूखुसी मूल्य नबढाएको दाबी गरे । 'उद्योग र होलसेलबाटै मूल्यवृद्धि भएको हुन्छ, हामीलाई नै बढी मूल्य परेपछि हामीले पनि त्यहीअनुसार बिक्री गर्ने हो,' उनले भने ।

मूल्यवृद्धिको गुनासो बढेपछि २ असारमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले तेल, चामलदेखि तरकारीसम्मका अत्यावश्यक उपभोग्य वस्तुको बिक्री वितरण सहज बनाई बजार भाउ घटाउन निर्देशन दिएकी थिइन् । तर उनको निर्देशन पालना भएन । उद्योगीहरू भने बजार मूल्य घटाउन सरकारले सहुलियत दिनुपर्ने बताउँछन् ।

पश्चिम एसियाको तनाव चर्किएका बेला खाना पकाउने ग्यास अभावको चरम अभाव खेपेका उपभोक्ताले अहिले पनि ग्यास सिलिन्डर लिन घण्टौं लाइन बस्नुपर्ने बाध्यता छ । उपभोक्ता खाली ग्यास सिलिन्डरसहित टेकुस्थित नेपाल आयल निगमको कार्यालयमा लाइन लाग्ने गरेका छन् । केही दिनयता काठमाडौं उपत्यकामा खाना पकाउने ग्यास अभाव भएपछि निगमले १६ साउनदेखि टेकुमा ग्यास बिक्रीको व्यवस्था मिलाएको छ । निगमका अनुसार नेपाल ग्यास, एचपी, एभरेस्ट, सुगम र श्रीराम ग्यासका सिलिन्डर बिक्री भइरहेको छ ।

उपभोक्ताले 'प्यानिक बाइङ' (अनावश्यक सञ्चिति) गर्दा कृत्रिम ग्यास अभाव भएको निगमले जनाएको छ । अमेरिका र इजराइल-इरान युद्धका कारण ग्यास आपूर्ति प्रभावित भएका बेला निगमले २९ फागुन २०८२ देखि आधा सिलिन्डर ग्यास (७.१ केजी) बिक्री गर्ने निर्णय गरेको थियो । भारतबाट आपूर्तिमा कुनै समस्या नआउने भएपछि ३१ असारदेखि निगमले साविककै १४.२ केजी ग्यास दिने निर्णय गरेको थियो । तर उपभोक्ताले ग्यास सिलिन्डर सहज रूपमा पाउन सकेका छैनन् ।

निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार आधा सिलिन्डर बिक्री गर्दा खपत घटेको थियो तर भरी सिलिन्डर (१४.२ केजी) दिन सुरु भएपछि बजारमा खाली सिलिन्डर धेरै आयो । 'मासिक रूपमा ४५ देखि ४६ टन ग्यास खपत हुन्छ । तर ७.१ को सिलिन्डर बिक्री गर्दा त्यहीअनुसार खपत भएन । उपभोक्ता १४.२ केजीकै ग्यास सिलिन्डर पर्खेर बसिरहे,' उनले भने ।

ठाकुरका अनुसार चैतमा ३८ हजार टन, वैशाखमा ३२ हजार, जेठमा ३३ हजार टन मात्रै खपत भयो । '१४.२ केजीको सिलिन्डर दिन थालेपछि सबै खाली सिलिन्डर बजारमा निकाल्न थालियो, अहिले ग्यास सिलिन्डर बिक्रेताकामा जानेबित्तिकै सकिने गरेको छ । यस्तो अवस्थामा माग र आपूर्तिको सन्तुलन मिलाउन केही समय लाग्छ ।'

प्रवक्ता ठाकुरले भारतबाट नियमित रूपमा ग्यास आपूर्ति भइरहेको जानकारी दिए । 'ग्यास आपूर्तिमा समस्या छैन,' उनले भने, 'अहिले धेरै खाली सिलिन्डर बजारमा निकालिँदा एउटा मात्रै सिलिन्डर भएकाहरूले दुःख पाइरहेका छन् ।' उनले आवश्यक नभएकालाई लाइनमा नबस्न पनि आग्रह गरे । ठाकुरका अनुसार टेकुबाट अहिले दिनमा सयदेखि १ सय ५० सिलिन्डरसम्म बिक्री भइरहेको छ । ७ देखि १० दिनभित्रमा ग्यास बिक्री सामान्य हुने उनको भनाइ छ ।

पछिल्लो समय सार्वजनिक यातायातको भाडा घटाइए पनि कार्यान्वयनमा आउन सकेको छैन । यातायात व्यवस्था विभागले १८ असारदेखि लागू हुने गरी अन्तर प्रदेश सार्वजनिक सवारीको मूल्य २ प्रतिशतले घटाएको थियो । १७ असारमा डिजेलको मूल्य प्रतिलिटर २ सय ३५ रुपैयाँ ८३ पैसाबाट घटेर १ सय ९३ रुपैयाँ ८३ पैसा कायम भएपछि भाडादर घटाइएको थियो । आइतबार मध्यरातदेखि भने डिजेलको मूल्य प्रतिलिटर दुई सय रुपैयाँ छ ।

चौतर्फी बजार मूल्य बढिरहेका बेला सरकारले चालु आर्थिक वर्षदेखि बिजुलीमा घरायसीमा ५० युनिटभन्दा माथि खपत गरे ५ प्रतिशत र घरायसीबाहेकलाई १३ प्रतिशत भ्याट लगाएको छ । यस्तै, राइड सेयरिङमार्फत हुने ढुवानीमा पनि ५ प्रतिशत भ्याट लगाइएको छ । ढुवानीमा पनि सरकारले भ्याट लगाएपछि त्यसको असर पनि उपभोक्तामा गरेको नेपाल चामल, तेल, दाल उत्पादक संघका सदस्य अग्रवालले बताए । 'अर्कातिर बिजुलीमा पनि भ्याट लगाइएको छ । त्यसले पनि अलिअलि प्रभाव पर्छ ।'

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत १ साउनदेखि शिक्षा र स्वास्थ्यमा पनि तीन प्रतिशत समता कर लगाएको थियो । चौतर्फी आलोचना भएपछि ६ साउनमा मन्त्रिपरिषद्‌ले समता कर खारेज गर्‍यो ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना १८ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय अमरसिंहबाट तपशिलमा उल्लेखित ऋणीले हायर पर्चेज कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| नाम : **हिमचुली किचन ट्रेडिङ्ग** प्रोप्राइटरको नाम : दत्ता त्रये मिश्र प्रा.फ.र.नं. : ११३३६/०७२/०७३<br>दर्ता मिति : २०७३/०२/१८ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय<br>रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा वडा नं. ५ स्थायी लेखा नं. : ६०४१८१९७८ |
| **प्रोप्राइटरको विवरण** |
| ब्रजलाल मिश्रको नाति चन्द्र त्रये मिश्रको छोरा रौतहट जिल्ला ब्रहमपुरी वडा नं. ५ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १७ बस्ने **दत्ता त्रये मिश्र** (ना.प्र.नं. : १५६० जारी मिति र जिल्ला : २०५०/०९/१८, रौतहट) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| चन्द्र त्रये मिश्रको बुहारी दत्ता त्रये मिश्रको पत्नी रौतहट जिल्ला ब्रहमपुरी वडा नं. ५ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १७ बस्ने **रिमा मिश्र** (ना.प्र.नं. : ३५९ जारी मिति र जिल्ला : २०६३/०७/१६, रौतहट) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# सहज बन्दै मधेश

## राजनीतिक दलहरू, नागरिक समाज, विभिन्न धर्मका गुरु, संघसंस्था र स्थानीय समुदायबीच सद्भाव कायम गर्न गरिएका सर्वपक्षीय संवाद, र्‍याली र सुरक्षा व्यवस्थाले तनावको वातावरण कम हुँदै

**अर्जुन सुवेदी** (सुनसरी), **विद्यानन्द राम** (राजविराज), **विनय आजाद** (सिरहा) र **अजित तिवारी** (जनकपुर)



**सप्तरी प्रशासनले आइतबार दिउँसोदेखि कर्फ्यु हटाएपछि सामान्य बनेको राजविराज बजार । तस्बिर : विद्यानन्द राम/कान्तिपुर**

सुनसरीको देवानगन्ज-३, कप्तानगन्जमा भएको घटनापछि अशान्त बनेका कोशी र मधेश प्रदेश बिस्तारै लयमा फर्कंदै छन् । सरकार, विपक्षी दल, नागरिक समाज, विभिन्न धर्मका गुरु, संघसंस्था र जिल्लास्थित स्थानीय समुदायले सद्भाव कायम गर्न गरिएका सर्वपक्षीय संवाद, र्‍याली र सुरक्षा व्यवस्थाले तनाव कम हुँदै गएको हो ।

धनुषा प्रशासनले जनकपुरधाम उपमहानगरपालिकासहितका क्षेत्रमा जारी निषेधाज्ञा हटाउने भएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले आइतबार सूचना जारी गर्दै जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सोमबारदेखि निषेधाज्ञा पनि हटाइने जनाएको हो । प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार आन्दोलनरत पक्षले आफ्ना सबै आन्दोलनका कार्यक्रम फिर्ता लिएको, सुरक्षा अवस्था सुधारोन्मुख रहेको तथा जनजीवन सामान्य बन्दै गएको निष्कर्षपछि निषेधाज्ञा हटाउने निर्णय गरिएको हो ।

प्रशासनले जिल्लाको पछिल्लो सुरक्षा अवस्थाको विश्लेषणका आधारमा जिल्ला सुरक्षा समितिको बैठकले उक्त निर्णय गरेको जनाएको छ । कप्तानगन्ज घटनाको विरोधमा जनकपुरमा प्रदर्शन उग्र बनेपछि जिल्ला प्रशासन धनुषाले बिहीबारदेखि लगाएको कर्फ्यु शनिबारबाट हटाएको छ । कर्फ्यु हटेसँगै जनकपुरमा सर्वसाधारणको चहलपहल बढेको छ । 'जनकपुरको स्थिति धेरै हदसम्म नियन्त्रणमा छ,' धनुषाका प्रमुख जिल्ला अधिकारी लुइँटेलले भने, 'सर्वपक्षीय बैठकमा सहमति भएसँगै शनिबार बिहान निकालिएको सद्भाव यात्राले सर्वसाधारणलाई ढुक्क बनाएको छ ।'

सप्तरीमा बिहीबार रातिदेखि जारी गरिएको कर्फ्यु आइतबार दिउँसोबाट हटाइएको छ । जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै बोदे बरसाइन र राजविराज क्षेत्रमा लगाइएको कर्फ्यु हटाई त्यस क्षेत्रमा निषेधाज्ञा जारी गरिएको जानकारी गराएको हो । आइतबार दिउँसो बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट भएको निर्णयअनुसार यसअघि कर्फ्यु जारी गरिएको चारकिल्ला क्षेत्रमा निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले बताए ।

उनका अनुसार निषेधाज्ञा जारी गरिएको चारकिल्लाभित्र ५ जनाभन्दा बढी व्यक्ति भेला हुन, सभा, जुलुस, धर्ना तथा प्रदर्शन गर्न पाइने छैन । बोदे बरसाइनमा पूर्वमा हुलाकी राजमार्गस्थित खडक पुलदेखि पश्चिममा पुत्तमपुर चोकसम्म तथा उत्तरमा नेंगडा चोकदेखि दक्षिणमा मानराजा चोकसम्मलाई चारकिल्ला तोकिएको छ भने राजविराजमा पूर्वमा खाडो खोलादेखि पश्चिममा हुलाकी राजमार्गस्थित जमुनी थलहीसम्म तथा उत्तरमा रूपनी रोडको बसबिट्टी चोकदेखि दक्षिणमा कोशी पश्चिमी मूल नहरसम्मको चारकिल्ला तोकेर निषेधाज्ञा जारी गरिएको छ । जिल्ला प्रशासन कार्यालय सुनसरीले जिल्लाको सुरक्षा अवस्था क्रमशः सुधारोन्मुख बन्दै गएको निष्कर्ष निकाल्दै चार स्थानीय तहमा जारी निषेध आदेशलाई सोमबार बिहान १० बजेसम्म निरन्तरता दिएको छ ।

यसअघि जिल्लाका १० स्थानीय तहमा लागू गरिएको निषेध आदेश आइतबारदेखि देवानगन्ज, भोक्राहा नरसिंह, कोशी र हरिनगर गाउँपालिकामा मात्र सीमित गरिएको थियो । सुरक्षा अवस्था अझै पूर्ण रूपमा सामान्य भइनसकेको निष्कर्षसहित प्रशासनले ती चार स्थानीय तहमा निषेध आदेशलाई थप समय कायम राखेको हो । प्रशासनका अनुसार जिल्लामा विकसित पछिल्ला घटनाक्रम र सुरक्षा अवस्थाको समीक्षा गर्दा अधिकांश क्षेत्रमा अवस्था सामान्य बन्दै गएको पाइएपछि अन्य स्थानीय तहबाट निषेध आदेश हटाइएको हो । यद्यपि संवेदनशील मानिएका चार गाउँपालिकामा भने शान्ति-सुरक्षा पूर्ण रूपमा सुनिश्चित नभएकाले आदेशलाई निरन्तरता दिइएको जनाएको छ ।

सिरहाको गोलबजार क्षेत्रमा लगाइएको कर्फ्यु जिल्ला प्रशासनले आइताबार साँझ ७ बजेदेखि हटाएसँगै जिल्लाको अवस्था सामान्य बनेको छ । नेपालगन्ज, हेटौंडालगायतका ठूला सहर तथा अन्य विभिन्न जिल्लामा शनिबार सद्भाव र्‍याली निकालिएको छ भने सुनसरी, सप्तरीलगायतका विभिन्न स्थानमा आइतबार सद्भाव र्‍याली निकालिएको छ ।

कप्तानगन्जमा प्रहरीको गोली लागेर ज्यान गुमाएका दुई युवाको शव घटनाको पाँच दिनपछि परिवारले बुझेर अन्त्येष्टि गरेसँगै जनजीवन सामान्य बन्दै गएको छ । सरकारसँग सहमति गरेर शुक्रबार राति मृतकको अन्त्येष्टि गरिएपछि जनजीवन सामान्य बन्दै गएको हो । यद्यपि एक सातादेखि गाउँमा फैलिएको त्रास, अविश्वास र तनाव भने अझै पूर्ण रूपमा हट्न नसकेको स्थानीय जुगेश दासले बताए ।

गत आइतबार राति दुई समूहबीच भएको विवाद नियन्त्रणका क्रममा प्रहरीले चलाएको गोली लागेर देवानगन्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको घटनास्थलमै ज्यान गएको थियो । सोही घटनामा गम्भीर घाइते भएका देवानगन्ज-३ का २२ वर्षीय जयप्रकाश मेहताको उपचारका क्रममा बिहीबार विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको थियो । शुक्रबार कोशी अस्पतालमा पोस्टमार्टम सम्पन्न भएपछि दुवै जनाको शव परिवारलाई बुझाइएको थियो । शव बुझाउने विषयमा शुक्रबार पनि केहीबेर अन्योल देखिएको थियो । गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा बिहीबार रातभर चलेको वार्तापछि सरकार र पीडित पक्षबीच सातबुँदे सहमति भए पनि केही स्थानीयले सहमति तत्काल कार्यान्वयन हुने सुनिश्चितता नभएको भन्दै शव लिन रोक्ने प्रयास गरेका थिए । पछि थप छलफलपछि परिवार शव बुझ्न सहमत भएको थियो । शव परिवारलाई जिम्मा लगाएर अन्त्येष्टि गरेपछि अवस्था केही सहज बने पनि कप्तानगन्जमा सुरक्षा व्यवस्था अझै कडा राखिएको छ ।

स्थानीय बलराम मेहताले घटनाले वर्षौंदेखि कायम रहेको सामाजिक सद्भावमा असर पुगेकाले सम्बन्धलाई पुनः सामान्य बनाउन स्थानीय जनप्रतिनिधि, समुदायका अगुवालगायत सबैले संयमता र धैर्यता अपनाउनुपर्ने बताए ।

देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचनप्रसाद मेहताले सरकारले सहमतिअनुसार राहत वितरण र दोषीमाथि कारबाही प्रक्रिया अघि बढाएपछि वातावरण बिस्तारै सहज बन्ने अपेक्षा व्यक्त गरे । सरकार र पीडित पक्षबीच भएको सातबुँदे सहमतिअनुसार मृतकका परिवारलाई जनही १० लाख रुपैयाँ राहत उपलब्ध गराइने, मृतकलाई सहिद घोषणा गर्ने प्रक्रिया अघि बढाइने, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गरिने, परिवारका एक-एक जना सदस्यलाई रोजगारीको व्यवस्था मिलाइने तथा मृतकको सम्झनामा स्मृति पार्क निर्माण गरिने उल्लेख छ । सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले मृतकको अन्त्येष्टिपछि तनाव क्रमशः कम हुँदै गएको बताए । उनका अनुसार अवस्था पूर्ण रूपमा सामान्य भइनसकेकाले निषेधाज्ञा आदेश कायम राखिएको र सुरक्षा निगरानी उच्च बनाइएको छ । जिल्ला प्रशासन कार्यालयले आइतबार सर्वदलीय बैठक बसेर स्थानीयस्तरमा सद्भाव कायमका लागि आग्रह गरेको छ । यस्तै सुनसरीका अधिकांश स्थानीय तहले आइतबार सद्भाव र्‍याली निकालेका छन् ।

सुनसरी घटनापछि अशान्त बनेको सिरहा पनि शान्त बन्दै गएको छ । तनावपछि शान्ति कायम गर्न भएका सरकारी निकाय, राजनीति दल र नागरिक समाजको संयुक्त प्रयासले सिरहामा शान्त हुँदै गएको हो । सिरहाको गोलबजार र लहानमा भने बिहीबार स्थिति तनावग्रस्त बनेपछि आसपासमा कर्फ्यु लगाइएको थियो । यस क्रममा गोलबजारमा सुरक्षाकर्मीले गोली चलाउँदा औरही गाउँपालिका-२ तुलसीपुरका १५ वर्षीय गणेश यादवको ज्यान गयो भने धनुषाको धनुषाधाम नगरपालिका-८ धारापानी कुम्हराका १९ वर्षीय सुभाष ठाकुर गोली लागेर घाइते छन् ।

प्रदर्शनका क्रममा गोलबजारका विभिन्न व्यावसायिक प्रतिष्ठान, पसलमा तोडफोड र आगजनी भएको थियो । जसका कारण गोलबजार बिहीबार मध्यरातसम्म अशान्त बनेको थियो । त्यसपछि कर्फ्यु कायम राख्दै बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन भयो र अवस्था नियन्त्रणमा आएको हो । यस्तै, जिल्लाका विभिन्न स्थानमा शुक्रबार विभिन्न राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, सचेत युवालगायतले संयुक्त रूपमा सर्वपक्षीय सद्भाव र्‍याली निकालेका थिए । यी प्रयासपछि अवस्था सामान्य बन्दै गएको हो ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार लहानमा शनिबार बिहान १० बजेदेखि कर्फ्यु हटाइएको छ । गोलबजारमा कर्फ्यु यथावत् रहे पनि दिउँसो ३ देखि ५ बजेसम्मका लागि खुकुलो पारिएको छ । 'गोलबजारमा पनि अहिले अवस्था सामान्य बनेको छ,' प्रमुख जिल्ला अधिकारी पौडेलले भने, 'अवस्था पनि विश्लेषण गरी चाँडै आवश्यक सकारात्मक निर्णय लिन्छौं ।'

मिर्चैयाका चिरञ्जीवी यादवले सामाजिक एकता र सर्वपक्षीय प्रयासले स्थिति सामान्य बन्दै गएको बताए । उनले भने, 'सबैको प्रयासले अब स्थिति सामान्य भइसकेको छ, समाजमा द्वन्द्व चर्काएर लाभ लिन चाहनेहरूको प्रयास असफल सावित भएको छ ।' सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका १५ वर्षीय गणेश यादवको शव परिवारलाई हस्तान्तरण गरिएको छ ।

# सुस्तामा फेरि 'तनाव'...

बस्ती कटान र डुबानबाट बचाउन मन्त्रालयको १४ करोड लगानीमा तटबन्ध निर्माण थालिएको थियो ।

त्यस दिन तटबन्ध निर्माण स्थलमा आएका एक दर्जन भारतीय सुरक्षाकर्मीले काम अघि नबढाउन चेतावनी दिएको स्थानीयले बताएका थिए । पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी नेपालका अनुसार सुस्तामा निर्माण भइरहेको तटबन्धभन्दा ५० मिटर पूर्वतर्फ (नेपालमै) नयाँ ठेक्काअन्तर्गत बाँधको काम गर्न खोज्दा भारतीय पक्षले आपत्ति जनाएर अवरोध गरेको थियो । विवादित स्थलमा तटबन्ध निर्माण गर्ने विषयमा भारतीय पक्षले चासो व्यक्त गरेको उनको भनाइ छ ।

त्यतिबेला तटबन्ध निर्माणमा खटिएका इन्जिनियर हरिश पन्तका अनुसार पोसाकमै निर्माणस्थलमा आएका भारतीय सुरक्षाकर्मीले काम नगर्न भनेर फर्किएका थिए । सुस्ता बचाउ अभियानका प्रवक्ता जयसवालले दुई महिनाअघि पनि नारायणीमा १ सय ३२ मिटर तटबन्ध निर्माणको काम नगर्न भन्दै भारतीय सुरक्षाकर्मीले रोक्ने प्रयास गरेको बताए । त्यसबेला भारतीय सुरक्षाकर्मी निर्माणस्थलमा आइपुगेपछि मात्र सशस्त्र प्रहरीको टोली त्यहाँ पुगेको हो ।

सुस्ता-५ स्थित नारायणीको झोलुङ्गे पुलसँगै जोडिएको क्षेत्रमा सिँचाइ विभागको परियोजनाका रूपमा करिब १ किलोमिटर र सँगै १ सय ३२ मिटर लम्बाइको तटबन्ध निर्माण भइरहेको छ । एसएसबीले १ सय ३२ मिटर बाँध निर्माणमा आपत्ति जनाएको थियो । सुस्तालाई कटान र डुबानबाट जोगाउन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको लगानीमा तटबन्ध निर्माण भइरहेको हो । आठ महिनाअघि सुस्ताको स्थलगत निरीक्षणमा पुगेका तत्कालीन मन्त्री कुलमान घिसिङले चासो दिएर तटबन्ध निर्माण अघि बढाएका थिए ।

सुस्ताको उत्तर र पश्चिममा नारायणीले घेरेको छ । दक्षिण र पूर्वतर्फ भारतको बिहार राज्य पर्छ । भारतले सुस्ता नजिक तीन स्थानमा एसएसबीको टोली राखेर निगरानी गरिरहेको छ । नेपालले सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सीमा सुरक्षा चौकी राखेको छ ।

वि.सं. २०२२ मा तत्कालीन राजा महेन्द्रले सिमाना रक्षाका लागि केही भूपू सैनिक र आसपासका गरेर करिब ४ सय परिवारलाई सुस्तामा बसाएका थिए । त्यतिबेलैदेखि भारतलाई बस्ती मन परेको थिएन । त्यसपछि विभिन्न बहाना बनाउँदै भारतीय पक्षले दुःख दिने गरेको छ ।

२०२७ मा सुस्ताका बासिन्दालाई लालपुर्जा वितरणका लागि खटिएको टोलीलाई भारतीय पक्षले लखेटेको थियो । सरकारले प्रहरी परिचालन गरेर नापनक्सा गरेर २०३१ सम्ममा करिब ४ सय परिवारलाई पुर्जा वितरण गरेको थियो ।

जग्गाधनी पुर्जा पाएर ढुक्क बनेका स्थानीय २०३४ मा नारायणीले धार परिवर्तन गरेर बस्ती बगरमा परिणत गरिदिएपछि विस्थापित हुन पुगेका थिए । त्यसपछि भारतीय पक्षले लगातार भूमि अतिक्रमण गर्ने र सीमा स्तम्भ नभएको फाइदा उठाउँदै आएको स्थानीयको भनाइ छ । नेपाली पक्षले स्पष्ट अडान राख्न नसक्दा यस अगाडिका पटक-पटकका वार्तामा सीमा विवादको विषय सुल्झन नसकेको सुस्ता बचाउ अभियानका कार्यवाहक अध्यक्ष आदम खाँले बताए । 'प्रमुख जिल्ला अधिकारी (डीएम) स्तरको बैठकले सीमा स्तम्भको विवाद मिलाउन मिल्छ र ?,' उनले भने, 'सुस्ताको विषयमा बैठक हुँदा सुस्ताका स्थानीय र जानकारलाई समेत सूचना हुँदैन । दुई देशबीचको सीमा विवाद सुल्झाउन उच्चस्तरीय टोली खडा गरेर नापनक्सा र ऐतिहासिक तथ्य हेर्न आवश्यक छ ।'

तटबन्धलाई लिएर नेपाली र भारतीय पक्षबीच पटक-पटक तनाव हुन थालेपछि सरकारले सुस्तामा सुरक्षा चासो बढाएको छ । दुई महिना अवधिमा सुस्ताको वस्तुस्थिति बुझ्न नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीका उच्च अधिकारी सुस्ता पुगिसकेका छन् । गृह मन्त्रालयले स्थानीयले भोगिरहेका नागरिकतालगायत समस्या सम्बोधन गर्न जिल्ला प्रशासनलाई निर्देशन गरिसकेको छ । यही अवधिमा सुस्ता अवलोकनका लागि सादा पोसाकमा नेपाली सेनाका वरिष्ठ अधिकारीसहितको टोली पुगेको थियो । उक्त भ्रमणप्रति भारतीय पक्षले चासो दिएको थियो ।

नेपाली सेनाका उच्च अधिकारी सुस्ता पुगेपछि भारतीय सीमा सुरक्षा बल (एसएसबी) का अधिकारीले सोधखोज गरेको जिल्लास्थित एक सुरक्षा प्रमुखले बताए । औपचारिक जानकारीबिना सादा पोसाकका नेपाली सैनिक सीमावर्ती बस्तीमा पुगेपछि भारतीय पक्षले सोधखोज गरेको हो । भारतीय सुरक्षाकर्मीले तपाईंहरू को हो र किन आउनुभएको हो भनेर सोधेका थिए ।

'पोसाकमा नभए पनि एक सुरक्षाकर्मीले अर्कोलाई नचिन्ने कुरा हुँदैन,' ती सुरक्षा प्रमुखले भने, 'सुस्तामा नयाँ मानिस देखेपछि भारतीय सुरक्षाकर्मीले चासो दिएका हुन सक्छन् ।' गत २२ असारमा नेपाली सेनाका यमबहादुर अधिकारी (प्रतीक्षा) सहितको टोली सुस्ताको स्थलगत निरीक्षणका लागि पुगेको थियो । भारतले उनीहरूको उपस्थितिबारे चासो दिएको हो । नेपाली सेनाको मुख्यालयमा रहेका अधिकारीसहितको टोली गत सोमबार स्थलगत निरीक्षणमा पुगेको थियो । सादा पोसाकमा पुगेर सुस्ताका बासिन्दासित सीमा क्षेत्रबारे बुझेका थिए । 'सुस्ताको थारू टोलामा पुग्नुभएको हो,' पश्चिम नवलपरासीस्थित एक सशस्त्र प्रहरी अधिकृतले भने, 'केही बेर सुस्ताका समस्याबारे बुझेर फर्किनुभएको हो ।'

नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले मुलुकभर मनसुन र विपद्‌जन्य कस्ता किसिमका घटना हुन सक्छन् र जोखिमको अवस्था के छ भनेर बुझ्न नेपाली सेनाको टोली 'मुभ' भएको र त्यही क्रममा सुस्ता पुगेको हुन सक्ने जानकारी दिएका थिए । 'मनसुन र विपद् जोखिमको अवस्था बुझ्न टोली मुभ भएको हो,' उनले भनेका थिए, 'यही क्रममा उनीहरू पनि घुमेका होलान् । मनसुनजन्य जोखिमबारे बुझ्नेबाहेक अरू उद्देश्य केही होइन ।' विपद्‌बाट बचाउन के कस्ता उपाय अपनाउन सकिन्छ भन्ने विषयमा भ्रमण केन्द्रित रहेको उनले बताए ।

सशस्त्र प्रहरीका अतिरिक्त महानिरीक्षक अन्जनी पोखेलले पनि सुस्ताको स्थलगत भ्रमण गरेका थिए । त्यसपछि नेपाल प्रहरीका लुम्बिनी प्रदेश प्रमुख डीआईजी भूपेन्द्रबहादुर खत्री सुस्ता अवलोकनमा पुगेका थिए । विवाद हुन थालेपछि सुस्तामा सशस्त्र प्रहरीले संख्या बढाइसकेको छ । सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा २५ जनाको टोली रहँदै आएकामा अहिले ४० पुर्‍याइएको छ ।

स्थानीय बासिन्दाले पनि सुस्ताको सुरक्षा र आफ्ना आधारभूत माग पूरा गर्न दबाब दिइरहेका छन् । दुई साताअघि सुस्ता बचाउ आन्दोलनका अगुवा मुन्ना खाँको नेतृत्वमा ५२ स्थानीय बासिन्दाले काठमाडौं पुगेर माइतीघर मण्डलामा धर्ना दिएका थिए । त्यतिखेर गृहमन्त्री सुधन गुरुङलाई भेटेर सुस्तामा वर्षौंदेखि भारतीय सुरक्षाकर्मीको ज्यादती रहेको बताउँदै सरकारले त्यहाँ नेपाली सेनाको कमान्डमा सुरक्षा पोस्ट राख्नुपर्ने माग गरेका थिए ।

गृहमन्त्रीसित भेटघाटलगत्तै गत ९ असारमा गृह मन्त्रालयले जिल्ला प्रशासनलाई पत्र पठाएर त्यहाँ रहेका नागरिकका समस्या समाधान गर्न निर्देशन दिएको थियो । जिल्ला प्रशासनलाई लेखिएको पत्रमा दुई वटा निर्देशन दिइएको छ । मन्त्रालयले पठाएको पत्रको १ नम्बर बुँदामा सुस्ताभित्र सुरक्षाका दृष्टिकोणले संवेदनशील क्षेत्रमा थप सुरक्षाकर्मी परिचालन गर्नुपर्ने निर्देशन छ । बुँदा नम्बर २ मा सुस्तामा बसोबास गर्ने धेरै व्यक्तिको नागरिकता नरहेको गुनासो आएकाले नागरिकता प्राप्त गर्न योग्य व्यक्तिको विवरण संकलन गरेर फाइल तयार गर्न भनिएको छ । गृह मन्त्रालयको परिपत्रअनुसार सुस्ताका बासिन्दालाई नागरिकता प्रदान गर्नेलगायत विषयमा स्थानीय वडाले काम थालिसकेको जिल्ला प्रशासनले जानकारी दिएको छ ।


## यु-गो नेपाल छात्रवृत्ति कार्यक्रम-२०८३

यु-गो नेपाल, एक गैरनाफामुखी सामाजिक संस्था, आर्थिक रूपमा कमजोर तथा विपन्न छात्राहरूलाई उच्च शिक्षा हासिल गर्न सहयोग गर्दै आएको छ । यसै सन्दर्भमा, स्नातक तह छात्रवृत्ति कार्यक्रम २०८३ का लागि आवेदन गरिएको छ ।

- लक्षित विद्यार्थीः आर्थिक रूपमा विपन्न र प्रतिभाशाली छात्राहरूलाई
- १२ कक्षा उत्तीर्ण छात्राहरूलाई
- फाराम भर्ने अन्तिम मितिः २०८३ भाद्र ३१ गतेसम्म
- वेबसाईटः www.ugonepal.org
- इमेलः nepal@ugouniversity.org

U-GO NEPAL

फाराम भर्ने तरिका र विस्तृत योग्यता सम्बन्धी जानकारी हाम्रो आधिकारिक वेबसाइटमा उपलब्ध छ । त्यहाँबाट तपाईंले छात्रवृत्तिको मापदण्ड, आवश्यक कागजातहरूको सूची तथा आवेदन फाराम हेर्न र भर्न सक्नु हुनेछ ।

# के इन्फान्टिनो फिफाबाट बाहिरिँदै छन् ?

जेनेभा (एपी)- राजनीतिमा एक साता पनि धेरै लामो समय हुँदो रहेछ। अझ फुटबल राजनीति हो भने यो त असाध्यै लामो समय हुने रहेछ। पछिल्लो मंगलबारसम्म पनि जियानी इन्फान्टिनो अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाको अध्यक्ष पदमा सर्वेसर्वा थिए। यो विश्व फुटबलको सबैभन्दा शक्तिशाली पद हो।

अब यिनै इन्फान्टिनोको स्थिति प्रतिकूल देखिएको छ र हुन सक्छ, उनी फिफाबाट बाहिरिँदै छन्। फिफाका प्रतियोगिताका केही अंश निजी लगानीकर्तालाई बेच्ने आफ्नो योजना उनले एकपल्ट के बाहिर ल्याए, उनी एकाएक चर्को दबाबमा परेका छन्। उनको यो योजना यसअघि उनका धेरै नजिककालाई पनि थाहा थिएन।

इन्फान्टिनोको चर्को आलोचक युरोपेली फुटबल महासंघ यूईएफएले बिहीबार आफ्नो ट्रम्पकार्ड फालिहाल्यो, विश्वकप नै बहिष्कारसम्मको धम्कीका रूपमा। अब त यूईएफएले अहिलेको स्थितिलाई इन्फान्टिनोलाई फिफाबाट हटाउन सक्ने अवसरका रूपमा हेरेको छ। हुन पनि यो नै उसका लागि सबैभन्दा राम्रो मौका पनि हो। त्यसो त यूईएफए मात्रै इन्फान्टिनोबाट खुसी नरहेको महासंघ होइन।

पछिल्लो विश्वकप आयोजना गरेको कन्काकाफले पनि भनिसकेको छ, फिफाको नेतृत्वबारे पुनर्विचार आवश्यक भइसकेको छ। विश्वकपताका उत्तर र केन्द्रीय अमेरिका तथा क्यारेबियन क्षेत्रका देशको महासंघले विश्वकपका बेला इन्फान्टिनाको निकै नजिक रहेर काम गरेको थियो। इन्फान्टिनोका लागि सबैभन्दा स्तब्धपूर्ण प्रतिक्रिया त एसियाली फुटबल महासंघ (एएफसी) को रह्यो किनभने उसले पनि प्रस्तावको विरोध गरेको थियो। नत्र प्रायः एसियाली देश इन्फान्टिनोको नजिकैका थिए।

त्यसमाथि उनका दुई नजिकका सहयोगी फस्ट सिनियर एडभाइजर कार्लो कोरडेरो र चिफ अपरेटिङ अफिसर केभिन लामोरले उनको साथ छाडे। शनिबार बिहान आइपुग्दा इन्फान्टिनो


एएफपी

आफ्नो प्रस्ताव फिर्ता लिन पनि बाध्य रहे। त्यसको केही घण्टापछि नै यूईएफएले भनिहाल्यो, अब फिफा अध्यक्षमाथि हाम्रो विश्वास रहेन। यस्तोमा अब साँच्चै प्रश्न बनेको छ, अब के हुन्छ त ?

अझै पनि इन्फान्टिनोले मार्चमा हुने निर्वाचनमा अध्यक्ष पदका लागि उठ्न सक्छन्। उनका सामु चौथो तथा अन्तिम पटक नेतृत्वका लागि उठ्ने अवसर छ। फिफा काउन्सिलले इन्फान्टिनोलाई आपत्कालीन बैठक बोलाउन बाध्य पार्न सक्छ। यस काउन्सिलमा यूईएफएका नौ, एएफसीका सात, कानकाकाफका पाँच, अफ्रिकाका छ, कोनमबोलका पाँच र ओसियानाका तीन मत छन्।

फिफाका कुल २ सय ११ सदस्य छन् र त्यसमध्ये ४३ सदस्यले कंग्रेस बोलाउन भन्न सक्छ। त्यसैले यूईएफए एक्लैले यस्तो काम गर्न सक्छ किनभने उसका ५५ सदस्य देश छन्। यसका लागि कम्तीमा पनि तीन महिना लाग्न सक्छ। यूईएफएबाहेक अफ्रिकाका ५४, एसियाका ४७, कानकाकाफका ४१, ओसियानाका ११ र दक्षिण अमेरिकाका १० सदस्य देश छन्।

अहिलेसम्म अफ्रिका, दक्षिण अमेरिका र ओसियानाले इन्फान्टिनोको प्रस्तावको विरोध गरेको छैन। सन् २०१९ र २०२३ को फिफा चुनावमा उनी निर्विरोध अध्यक्ष पदमा चुनिएका थिए। यसपल्ट उनको विरोधमा कसैले दाबेदारी पेस गर्छ भने त्यो नोभेम्बर १८ भित्र घोषणा गरिसक्नुपर्नेछ। त्यसैले नियमित चुनावी प्रक्रियाबाटै जाने हो भने पनि यूईएफएले त्यस्तो उम्मेदवार उठाउनुपर्नेछ, जसमा धेरैको सहमति होस्।

यस्तो उम्मेदवार युरोपको आफ्नै नहुन पनि सक्छ। त्यसमध्ये एउटा विकल्प कन्काकाफ अध्यक्ष भिक्टर मोन्टग्लियानी हुनेछन्। अर्को विकल्प एएफसी अध्यक्ष सेख सलमान बिन पनि हुन सक्नेछन्। अबको चुनाव सन् २०२७ मा हुनेछ। यसबीच इन्फान्टिनोले अबदेखि भित्रभित्रै आफ्ना समर्थक पनि जुटाउन सक्छन्। अहिलेका लागि उनको विरुद्ध अविश्वास प्रस्ताव सम्भव देखिन्न।

## ओलम्पिक संग्रहालय खेलकुद प्रदर्शनी गर्दै




काठमाडौं (कास)- नेपाल ओलम्पिक संग्रहालयले अर्को साता तीन दिनको खेलकुद प्रदर्शन गर्ने भएको छ। संग्रहालय स्थापनाको ३३ औं वार्षिकोत्सवका अवसरमा साउन १९ देखि २१ सम्म प्रदर्शनको कार्यक्रम गर्न लागेको हो र यसको शीर्षक रहेको छ, बियोन्ड मेडल्स प्रिजर्भिङ नेपाल्स स्पोर्ट्स हिस्ट्री।

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा हुने प्रदर्शनमा नेपाली खेलकुद र खेलाडीसँग जोडिएका तस्बिर, पदक, ट्रफी, खेल पोसाक, स्मृति चिह्न आदि हुनेछन्। यो प्रदर्शनीले नेपाली खेलकुद इतिहासबारे जनचासो बढ्ने विश्वास गरिएको छ।

## एलए ड्रागन्स एनएसएफएलको शीर्षमा

काठमाडौं (कास)- एलए ड्रागन्स नेपाल स्कुल फुटबल लिग (एनएसएफएल) को शीर्ष स्थानमा उक्लिएको छ। थन्डर बोल्ट्स डेभलपमेन्ट सेन्टरको आयोजनामा धापाखेलस्थित जेम्स स्कुलको फुटबल मैदानमा भइरहेको प्रतियोगितामा लिटिल एन्जल्स स्कुलको एलए ड्रागन्सले शनिबार जेम्स थन्डरबोल्ट्सलाई १-० गोल अन्तरले पराजित गरेको थियो।

समित रावतले गरेको गोल एलएलाई विजय दिलाउन पर्याप्त रह्यो। उनले खेलको ४२ औं मिनेटमा सो गोल गरेका थिए। यस खेलमा विजय हात पारेको भए जेम्स शीर्षताको दौडमा कायमै रहने थियो। तर महत्त्वपूर्ण विजयपछि डीएभी डाँफेजलाई उछिन्दै एलए शीर्ष स्थानमा उक्लिएको हो।

एलएको ९ खेलमा २४ अंक छ। डीएभी २२, जेम्स १९ र आरबीएस रेड पान्डाज १९ अंकसहित क्रमशः दोस्रोदेखि चौथो स्थानमा छन्। रोनिश चित्रकारको ५ गोलमा डीएभीले आइतबार एक्सेलसर इगल्सलाई ८-१ गोलले पराजित गरेको थियो। रोनिशले खेलको ९, ३०, ३२, ५५ र ५७ औं मिनेटमा गोल गरेका थिए। त्यस्तै जस्टिन रेग्मी, डेभिस थापा र विकाश पुरीले १-१ गोल गरे।

पाठशाला राइनोज र रेड पान्डाजबीच आइतबारको खेल गोलरहित बराबरीमा टुंगिएको थियो। शनिबारको खेलमा सेन्ट जेभियर्स स्कुलको सगरमाथा एफसीले एफसी माउन्ट कान्जिरोवालाई ४-२ गोलले पराजित गरेको थियो। सगरमाथाबाट विशेष बानियाँले ह्याट्रिक गरेका थिए भने आरभ



महर्जनले खेलमा गोलको खाता खोलेका थिए। कान्जिरोवाबाट आदित्य खड्का र सञ्चितनाथ गोनगलले गोल गरे।

सगरमाथा १०, पाठशाला ८, कान्जिरोवा ४ अंकसहित क्रमशः पाँचौंदेखि सातौं स्थानमा छन्। एक्सेलसर कुनै अंक जोड्न नसकी पुछारमा रहेको छ। सहभागी ८ टोलीले डबल राउन्ड रोबिनका आधारमा प्रतिस्पर्धा गरिरहेका छन्। प्रतियोगिताको शनिबार र आइतबार २-२ खेल आयोजना हुँदै आएको छ। लिगका शीर्ष दुई टोलीले फाइनल खेल्नेछन्। विजेताले ५ लाख र उपविजेताले २ लाख ५० हजार पाउने छन्।

## बारेसी : डिफेन्डरका योहान क्रोएफ

रोम (एएफपी)- मिलानको रातो र कालो धर्कासहितको जर्सीको पर्याय जस्तै बनेका फ्रान्को बारेसीले ६ नम्बर जर्सी लगाए। मिलानले उनको संन्यासपछि यो जर्सी नम्बर फेरि दोहोऱ्याएर अरू कसैलाई दिएनन्। यही मिलानको जर्सीबाट सन् १९८० र ९० को दशकमा तहल्का मच्चाएका महानत स्विपर तथा कप्तान बारेसीको शुक्रबार निधन भएको थियो।

उनी ६६ वर्षका थिए। उनलाई विश्व फुटबल इतिहासमै सर्वकालीन उत्कृष्ट डिफेन्डरमध्ये एक मानिन्छ। उनले दुई दशक लामो आफ्नो खेल जीवन एउटै क्लबका लागि बिताए। १९७७ देखि १९९७ बीच उनले मिलानका लागि ७ सय १९ खेल खेले।

ब्रेसिया नजिकै ट्राभागिलिटोमा जन्मेका बारेसी र उनका भाइ गुइसेप सानो उमेरले किशोर उमेरमै आफ्नो आमा बुबा गुमाएका थिए। बारेसी भनेका थिए, 'मैले जीवनमा जे जस्तो भोगें, त्यसले मलाई केही फरक बनाएको थियो। त्यसैले जति बेला मैले पिचमा समय बिताएँ, आफूले सक्दो सबै दिएँ, किनभने मैले फुटबल बाहिर आफूलाई कस्तो भनेर प्रस्तुत गर्न सकिनँ।' गुइसेप इन्टरसँग आबद्ध भए भने फ्रान्कोले त्यसकै छिमेकी प्रतिद्वन्द्वी रोजे, जुन आजीवन कायम रह्यो।

मिलानका पूर्वप्रशिक्षक निल्स लेडेल्हमले किशोर उमेरमै बारेसीलाई सिरी ए मा डेब्युको अवसर थिए र चाँडै उनी टिमका पहिलो रोजाइका खेलाडी बने। उनी शारीरिक रूपमा रक्षापंक्तिका लागि उपयुक्त खेलाडी देखिन्न थिए, तर बलको गतिप्रति उनको सटीक अनुमान, ट्याकल र सही नेतृत्वका लागि उनी प्रख्यात रहे।


एएफपी

त्यसैले उनी २२ वर्षको उमेरमै मिलानको कप्तान बने। उनी मिलानको इतिहासमै सबैभन्दा कान्छो कप्तान रहे।

मिलानका लागि सुरुआती वर्ष उनका लागि सहज रहेन र क्लब सन् अस्सीको दशकमा दुईपल्ट रेलिगेसनमा परेको थियो। दुवै अवसरमा उनी मिलानमै आबद्ध रहे र क्लबलाई फेरि माथिल्लो डिभिजनमा फर्काउन सफल रहे। उनी १९८२ को विश्वकप विजयी इटालीका टिमका सदस्य पनि रहे, तर उनी मैदानमा एकैपल्ट पनि उत्रेनन्।

सन् १९८६ मा सिल्भिया बेरुलुस्कोनीले मिलान किनेपछि क्लब स्वर्ण युगमा प्रवेश गरेको थियो। त्यति बेला प्रशिक्षकमा नियुक्त भएका थिए, आरिगो साची। त्यति बेला टिमका अन्य खेलाडी थिए, रुड गुलिट, फ्रान्क राइकार्ड, मार्को भान भास्टन। बारेसीले भने पाओलो माल्दिनी, मउरो टासोटी र एलेसान्ड्रो कोस्टाकुर्तासँग रक्षापंक्तिमा बलियो साझेदारी बनाए।

बास्टनले बारेसीबारे भनेका छन्, यी डिफेन्डरका योहान क्रोएफ हुन्। उनले भनेका थिए, 'उनी शान्त र लज्जालु स्वभावका थिए। तर मैदानमा योद्धाजस्तै उत्रन्थे। उनीमाथिको नियन्त्रणका लागि उनी जसरी खेल्थे, त्यसले उनलाई विशेष बताएको थियो।' सुरुमा साची र पछि फाबियो कपेलोको नेतृत्वमा मिलानले इटाली र युरोपेली फुटबलमा एकछत्र प्रभुत्व कायम गरेको थियो।

बारेसीले १९८९, १९९० र १९९४ मा तीनपल्ट युरोपेली कप जिते। यस्तै उनले छ सिरी ए उपाधि पनि चुमे। १९८९ मा उनी बालेन डे' अरको उपाधि होडमा भान भास्टनपछि दोस्रो स्थानमा रहे। मिलानले भने उनलाई क्लबको शताब्दीकै खेलाडी घोषणा गरेको थियो। उनले इटालीका लागि ८१ पल्ट खेले। १९८२ मा इटालीले विश्वकप जित्दा उनी बेन्चमै थिए।

प्रशिक्षकसँगको मनमुटावपछि उनले १९८६ को विश्वकप खेलेनन्। तर १९९० मा सेमिफाइनल र १९९४ मा फाइनलमा हार बेहोरेको इटालीको टिमका सदस्य थिए, उनी। ब्राजिलविरुद्ध फाइनलमा बेहोरेको हार उनका लागि सबैभन्दा पीडादायी रह्यो। सन् १९९७ मा उनले खेल जीवनबाट संन्यास लिए र त्यसपछि पनि मिलानसँग कुनै न कुनै रूपमा आबद्ध रहे। २०२० मा क्लबको आजीवन उपाध्यक्ष बनेका बारेसीले २०२५ को अगस्टमा फोक्सोको गाँठो हटाउन शल्यक्रिया गरेका थिए। त्यसपछि उनले भनेका थिए, 'मलाई मेरो सबै शक्ति फिर्ता गराउन अलिक समय लाग्छ।'







GORKHA BREWERY | RAJ BREWERY NEPAL

# Call for Pre-Qualification (PQ):
# Civil, PEB & MEP Works in Nepal

As part of its facility infrastructure development in Nepal, Gorkha Brewery/ Raj Brewery is issuing this Call for Pre-Qualification (PQ). To ensure the highest standards of construction, engineering, and safety, the company invites expressions of interest from qualified national and international contractors. This process aims to identify capable bidders with the specialized expertise required to execute comprehensive Civil, Pre-Engineered Building (PEB), and Mechanical, Electrical, and Plumbing (MEP) works.

**1. INDICATIVE SCOPE OF WORK**

| SL.NO | DESCRIPTION OF ITEM | UOM | QUANTITY |
|---|---|---|---|
| **A** | **Civil Works Quantities** | | |
| A.1 | Indicative excavation quantities | Cum | 11,000 |
| A.2 | Indicative backfilling quantities | Cum | 8,500 |
| A.3 | RCC quantities by major area/building | Cum | 6,200 |
| A.4 | Reinforcement quantities | MT | 1,300 |
| **B** | **Foundation Scope** | | |
| B.1 | Estimated number of piles / micro piles (if applicable) | Nos | 600 |
| B.2 | Indicative pile lengths | Rm | 25 |
| **C** | **Structural Steel** | | |
| C.1 | Indicative structural steel quantities excluding PEB (pipe racks, platforms, supports, secondary steel, etc.) | MT | 1,900 |
| D | Architectural Works | | |
| D.1 | Floor finishing areas (industrial floors, PU flooring, tiled areas) | Sqm | 20,900 |
| D.2 | Sandwich panel areas | Sqm | 21,800 |
| D.3 | Roofing quantities | Sqm | 22,000 |
| D.4 | Internal partition quantities | Sqm | 2,100 |
| **D.5** | **Doors and windows summary** | | |
| D.5.1 | Doors | Sqm | 500 |
| D.5.2 | Window | Sqm | 1,200 |
| D.5.3 | Rolling Shutters | Sqm | 500 |
| **E** | **External Works** | | |
| E.1 | Road areas | Sqm | 15,935 |
| E.2 | Pavement areas | Sqm | 2,850 |
| E.3 | Drainage quantities | Rmt | 4,600 |
| E.4 | Underground utility corridors | Rmt | 3,450 |

Note: The information provided at this stage is indicative and may be subject to further revisions based on the final architectural layout and detailed design development

**2. PRE-QUALIFICATION REQUIREMENTS**

Applicants shall meet the following minimum technical and commercial criteria to qualify for the next stage of tendering.

**A. TECHNICAL PRE-QUALIFICATION CRITERIA**

The bidder shall provide documentary evidence for the following: Technical Evaluation Parameters

| S.No. | Evaluation Criteria | Minimum Requirement |
|---|---|---|
| 1 | Relevant Project Experience | Experience in similar industrial / commercial projects executed within last [5/10] years |
| 2 | Current Contract Commitments | Adequate resource availability considering ongoing projects |
| 3 | Key Personnel Experience | Availability of experienced Project Manager, Design Leads, Construction Managers, QA/QC & Safety Personnel |
| 4 | Company Strength | Adequate organizational structure and employee strength |
| 5 | Design & Build Capability | In-house design and execution capability or approved subcontracting strategy |
| 6 | Plant & Equipment Availability | Availability of required construction machinery and equipment |
| 7 | Labour Availability | Skilled manpower availability for execution timeline |
| 8 | Schedule Adherence | Proven record of timely project completion |
| 9 | Integrity & Compliance | Declaration for ethical practices, litigation status and statutory compliance |
| 10 | Design & Permitting Capability | Experience in authority approvals and design coordination |
| 11 | Contracting Experience | Experience in handling similar contract structures |
| 12 | Safety, Health & Environment (SHE) | Established SHE management system and performance records |
| 13 | Quality Management System | Valid ISO / QA-QC procedures and project quality controls |

**B. COMMERCIAL PRE-QUALIFICATION CRITERIA**

The bidder shall satisfy the following commercial requirements: Commercial Evaluation Parameters

| S.No. | Evaluation Criteria | Minimum Requirement |
|---|---|---|
| 1 | Financial Capacity | Positive net worth and adequate financial capability |
| 2 | Annual Turnover | Minimum average annual turnover of [Amount/Currency] during last [3/5] financial years |
| 3 | Profitability | Profitable financial performance for minimum [X] years |
| 4 | Statutory Registrations | GST, PAN, Company Registration, PF, ESIC and other statutory registrations |
| 5 | Bank Solvency | Solvency certificate from scheduled bank |
| 6 | Litigation History | Details of ongoing or past arbitration/litigation cases |
| 7 | Insurance Capability | Ability to obtain project-related insurance coverage |
| 8 | Tax Compliance | Submission of latest tax returns and compliance certificates |

**3. DOCUMENTS TO BE SUBMITTED**

Interested applicants shall submit the following documents as part of the PQ submission:
- Company profile and organization structure
- Certificate of incorporation / registration and renewal
- Relevant project experience details with completion certificates
- Client reference list
- Audited financial statements for the last 3 years
- List of ongoing projects
- Details of key personnel
- Plant & equipment list
- Safety statistics and SHE policy
- Quality certifications (ISO etc.)
- Statutory registration certificates, including licenses related to company's business (such as construction license)
- Declaration for litigation and integrity compliance
- PAN and VAT certificates
- Tax clearance certificates of the past 3 years
- PPMO blacklist status
- Any additional supporting documents relevant to the scope

For any queries/expression of interest, reach out to us at np.gorkha@carlsberg.com no later than 10th August, 2026.

**4. Reservation of Rights**

This call for PQ is an invitation to eligible parties to apply for the described works, subject to satisfying the stated criteria. It does not constitute an offer or commitment of any kind, and neither its publication nor any application submitted under it gives rise to a contractual obligation. PQ under this process does not guarantee an invitation to any subsequent tender or bidding process.

Gorkha Brewery Pvt. Ltd. reserves the right, without assigning any reason, to: (a) accept or reject any or all applications; (b) modify, suspend, or terminate this pre-qualification process, in whole or in part, at any stage; and (c) modify the criteria set out in this PQ at any stage prior to contract award. The decision of Gorkha Brewery Pvt. Ltd. on all matters relating to this PQ shall be final. Gorkha Brewery Pvt. Ltd. shall not be liable for any costs, expenses, or losses whatsoever incurred by any applicant in connection with this PQ.

**Gorkha Brewery (P) Ltd.**
P.O. Box: 4140, Hattisar, Kathmandu, Nepal | Tel: +977 1 4544445 | www.gorkhabrewery.com